सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका


nayapatrikadaily.com

२७ फागुन २०८२, बुधबार (11 March 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३२१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

दलहरूले यसरी छान्दै छन् ११० समानुपातिक सांसद

मंगलबार राति २ बजेसम्मको परिणामअनुसार रास्वपा ५७, कांग्रेस २०, एमाले १६, नेकपा ९, श्रम संस्कृति र राप्रपाले ४-४ सिट पाउने

३३% महिला सुनिश्चित हुने गरी खसआर्य ३०.२८%, आदिवासी जनजाति २८.७२%, मधेशी १६.१५%, दलित १३.४४%, थारू ६.५२% र मुस्लिम ४.८९% छान्नुपर्ने। १०% भन्दा कम सिट पाउने दलको हकमा पनि कम्तीमा एकतिहाइ महिला प्रतिनिधित्व गराउनैपर्ने



यीमध्ये दुईजना पिछडिएको क्षेत्रबाट हुनैपर्ने

● राष्ट्रिय सभामा कुनै सिट नरहेकाले रास्वपाले ३३ प्रतिशत नै प्रतिनिधिसभाबाट पुऱ्याउनुपर्छ। समानुपातिकसहित १८२ सिट हुँदा रास्वपालाई ६१ महिला सांसद चाहिन्छन्। १३ प्रत्यक्ष निर्वाचित भएकाले बाँकी ४८ समानुपातिकबाट पठाउनुपर्ने बाध्यता छ। महिलाको संख्या बढाउन सकिए पनि पुरुष अधिकतम १० मात्रै पठाउन सकिन्छ।

खसआर्य १७ सांसद (सम्भावित)
महिला : १. प्रतिभा रावल २. रचना खतिवडा खत्री ३. लिमा अधिकारी (आचार्य) ४. विधुषी राणा ५. समीक्षा बास्कोटा ६. श्रद्धा कुँवर क्षेत्री ७. टीका संग्रौला ८. क्रान्तिशिखा धिताल ९. आकृति अवस्थी १०. सृष्टि भट्टराई ११. मञ्जु भुसाल १२. प्रभा कार्की १३. शोभा खनाल १४. रत्नाकुमारी थापा १५. ज्ञानु पौड्याल १६. प्रभा ढकाल १७. निना रेग्मी पोखरेल
पुरुष : १. रमेश प्रसाईं २. सुदीप ढकाल ३. प्रमोद न्यौपाने

आदिवासी जनजाति १६ सांसद (सम्भावित)
महिला : १. बसुमाया तामाङ २. गंगा छन्त्याल ३. सुम्निमा उदास ४. अनुष्का श्रेष्ठ ५. ओजश्वी शेरचन ६. सिर्जना श्रेष्ठ ७. रजनी श्रेष्ठ ८. कुसुम महर्जन ९. भूमिका श्रेष्ठ १०. प्रमिला कुलुजू ११. सुजाता तामाङ १२. कृपा महर्जन १३. एलिजा गुरुङ १४. जिना विष्ट १५. विष्णुकुमारी गुरुङ १६. मीरा महर्जन
पुरुष : १. राम लामा २. खुश्बु सरकार श्रेष्ठ ३. मिङ्मा ग्याबु शेर्पा


मधेशी ९ सांसद (सम्भावित)
महिला : १. पुनमकुमारी अग्रवाल २. निशा मेहता ३. ललिता कुमारी ४. अंकिता ठाकुर ५. सरिता महतो ६. कामिनी कुमारी ७. सुनिताकुमारी चौधरी ८. पुनम साह ९. प्रमिलाकुमारी सिंह
पुरुष : १. पुरुषोत्तम सुप्रभात यादव २. खगेन्द्र कर्ण ३. नन्दन यादव

दलित ८ सांसद (सम्भावित)
महिला : १. रिमा विश्वकर्मा २. अमृता विक ३. सीता वादी ४. स्मृति सेञ्चुरी ५. सुष्मा स्वर्णकार (डिम्पल) ६. तारा विश्वकर्मा ७. खिमा विक ८. अनिता नेपाली
पुरुष : १. प्रकाशचन्द्र दर्जी २. प्रकाश विक ३. रूपक घिमिरे

मुस्लिम ३ सांसद (सम्भावित)
महिला : १. समिना मियाँ २. अफ्साना बानु ३. गजाला समिम मिकरानी
पुरुष : १. सैय्यद वकार अहमद साह २. मिर्जा रासिद वेग

थारू २ सांसद (सम्भावित)
महिला : १. गीता चौधरी २. करिश्मा कठरिया
पुरुष : १. सुरेन्द्र चौधरी २. प्रेमलाल चौधरी

● कुनै दलले कुनै क्लस्टरबाट पुरुष सांसद छान्न खोज्यो भने अर्को क्लस्टरबाट महिलाको संख्या बढाउन सक्छ। उदाहरणका लागि रास्वपाले ३ थारु, ४ मुस्लिम, ८ दलित र ९ मधेसी सिटमा सबै महिला पठाए पाँच/पाँचजना खसआर्य र आदिवासी जनजातिबाट पुरुष पठाउन सक्छ। यहीअनुसार अरू क्लस्टरबाट पनि चलाउन सक्छ। यसबाहेक पिछडिएको क्षेत्रको प्रतिनिधित्व जुनसुकै क्लस्टरबाट पनि गर्न सक्छ। यी सबै कारणले नाममा थोरै तलमाथि हुनसक्छ। यो १० प्रतिशतभन्दा बढी सिट ल्याउने रास्वपा, कांग्रेस र एमालेको हकमा लागू हुन्छ।



यीमध्ये १ जना पिछडिएको क्षेत्रबाट हुनैपर्ने

● संघीय संसद्मा राष्ट्रिय सभासहित कांग्रेसको कुल ६३ सिट हुँदा २१ महिला पुऱ्याउनुपर्छ। हाल राष्ट्रिय सभामा ५ र प्रत्यक्षबाट १ निर्वाचित छन्। यस्तोमा कांग्रेसले समानुपातिकमा आफूले पाउने २० मध्येबाट १५ महिला पठाउनुपर्छ।

खसआर्य ६ सांसद (सम्भावित)
महिला : १. सुशीला ढकाल आचार्य २. रुक्मिणीदेवी कोइराला ३. रिना उप्रेती ४. सीता थपलिया ५. गंगा शाही ६. उषाकुमारी रावत
पुरुष : १. अर्जुननरसिंह केसी २. खिलानाथ दाहाल ३. उमेशजंग रायमाझी ४. मधुप्रसाद न्यौपाने ५. नरेन्द्रजंग थापा ६. करवीरसिंह कार्की


आदिवासी जनजाति ६ सांसद (सम्भावित)
महिला : १. गीताकुमारी सेन्दाङ २. गंगालक्ष्मी अवाल ३. गीता गुरुङ ४. रेनुका काउचा ५. सुनिताकुमारी सुवेदी (श्रेष्ठ) ६. प्रेमिका रानामगर
पुरुष : १. भीष्मराज आङ्दम्बे ३. गोपालमानसिंह राजभण्डारी ३. थलकुमार लिंखा ४. विजय सम्बाहाम्फे ५. नारायण श्रेष्ठ

मधेशी ३ सांसद (सम्भावित)
महिला : १. निनुकुमारी कर्ण २. रेखाकुमारी यादव ३. कविताकुमारी यादव
पुरुष : १. चन्द्रमोहन यादव २. दुःखीराम लोनिया ३. मिश्रीलाल अहिर

दलित ३ सांसद (सम्भावित)
महिला : १. हरिनादेवी कामी २. पवित्रा विक ३. मनमाया विश्वकर्मा
पुरुष : १. मानबहादुर नेपाली २. हरिशरण नेपाली ३. टेकबहादुर विक

मुस्लिम १ सांसद (सम्भावित)
महिला : १. शाहजान खातुन। पुरुष : १. नगमा साहिद

थारू १ सांसद (सम्भावित)
महिला : १. प्रमिलाकुमारी गच्छदार। पुरुष : १. मीनराज चौधरी



यीमध्ये १ जना पिछडिएको क्षेत्रबाट हुनैपर्ने

● संघीय संसद्का दुवै सदनमा गरी एमालेका ३६ सांसद हुँदा ३३ प्रतिशत पुऱ्याउन १२ महिला चाहिन्छ। प्रत्यक्षमा महिला उम्मेदवार निर्वाचित नभएको अवस्थामा एमालेले राष्ट्रिय सभाका ७ बाहेक समानुपातिकतर्फ पाउने १६ सिटमा कम्तीमा ५ महिला पठाउनुपर्नेछ।

खसआर्य ५ सांसद (सम्भावित)
महिला : १. पद्माकुमारी अर्याल २. टुकाभद्रा हमाल ३. निरुदेवी पाल ४. कोमल वली ५. नर्वदादेवी शिवाकोटी
पुरुष : १. गुरुप्रसाद बराल २. पुष्पराज कँडेल ३. गोरखबहादुर बोगटी ४. नरेशप्रसाद पोखरेल ५. प्रेमकुमार पराजुली

आदिवासी जनजाति ४ सांसद (सम्भावित)
महिला : १. भूमिका लिम्बू सुब्बा २. गंगादेवी श्रेष्ठ ३. अनिता कन्दङ्गवा ४. उषाकला राई
पुरुष : १. रामबहादुर थापामगर २. कुलभक्त शाक्य ३. बुद्धभक्त चित्रकार ४. इन्द्रबहादुर तामाङ ५. सोनामछिरिङ लामा

मधेशी २ सांसद (सम्भावित)
महिला : १. रिंगला यादव २. यशोदा कुमारी ३. विणाकुमारी साह
पुरुष : १. चन्देश्वर मण्डल २. अरविन्द साह ३. रामचरित्र साह

दलित २ सांसद (सम्भावित)
महिला : १. विष्णुमाया विक २. निता घतानी
पुरुष : १. जितबहादुर दर्जी गौतम २. यमबहादुर परियार

मुस्लिम १ सांसद (सम्भावित)
महिला : १. साजिदा खातुन सिद्दिकी। पुरुष : १. एजाज आलम

थारू १ सांसद (सम्भावित)
महिला : १. मञ्जुकुमारी चौधरी। पुरुष : १. कृपाराम राना

■ नेपाली कम्युनिस्ट पार्टी : ९

अहिले समानुपातिकमा पाउने ९ सहित संघीय संसद्मा नेकपाका २७ सांसद हुनेछन्। ३३ प्रतिशत महिला पुऱ्याउन उसलाई ९ चाहिनेमा राष्ट्रिय सभामा ६ महिला छन्। बाँकी ३ समानुपातिक कोटाबाट जानेछन्।

खसआर्य न्यूनतम २, अधिकतम ३ (सम्भावित)
महिला : १. बलावती शर्मा २. दिलकुमारी पन्त ३. कमला नहर्की
पुरुष : १. प्रमेशकुमार हमाल २. शिव बास्तोला ३. जितबहादुर दाहाल

आदिवासी जनजाति न्यूनतम २, अधिकतम ३ (सम्भावित)
महिला : १. भीमकुमारी बुढामगर २. लक्ष्मीकुमारी लामा ३. निर्मला श्रेष्ठ
पुरुष : १. परशुराम तामाङ २. पुष्पराज राजकर्णिकार ३. चेतबहादुर पुन

मधेशी न्यूनतम १, अधिकतम २ (सम्भावित)
महिला : १. ताराकुमारी महतो २. जयरनिया देवी
पुरुष : १. जोगकुमार बर्बरिया यादव २. श्रीप्रसाद साह

दलित न्यूनतम १, अधिकतम २ (सम्भावित)
महिला : १. पार्वती विक २. गीता गहतराज
पुरुष : १. गणेशबहादुर विश्वकर्मा २. शंकरप्रसाद दुलाल

मुस्लिम न्यूनतम ०, अधिकतम १ (सम्भावित)
महिला : १. कमरुल नस। पुरुष : १. ताज महमद मियाँ

थारू न्यूनतम ०, अधिकतम १ (सम्भावित)
महिला : १. निराशा चौधरी (डगौरा)। पुरुष : १. लक्ष्यबहादुर चौधरी

■ श्रम संस्कृति पार्टी : ४

निर्वाचनपूर्व खुलेको श्रम संस्कृतिका प्रत्यक्षमा ३ र समानुपातिकमा ४ गरी ७ सांसद हुँदा २ महिला सांसद चाहिन्छन्। दुवै समानुपातिकबाट पठाउनुपर्नेछ।

खसआर्य न्यूनतम १, अधिकतम २ (सम्भावित)
महिला : १. अम्बिकादेवी संग्रौला २. सरु खड्का थापामगर
पुरुष : १. जीवन विष्ट २. गोपालबहादुर खड्का

आदिवासी जनजाति न्यूनतम १, अधिकतम २ (सम्भावित)
महिला : १. मन्दिरा मुक्तान २. मीनादेवी सिडक
पुरुष : १. पूर्णप्रसाद लिम्बू २. प्रसाद राई

मधेशी न्यूनतम ०, अधिकतम १ (सम्भावित)
महिला : १. रुवी कुमारी। पुरुष : १. दीपकजंग ठाकुर

दलित न्यूनतम ०, अधिकतम १ (सम्भावित)
महिला : १. राधिका रम्तेल। पुरुष : १. गोविन्द थापा

मुस्लिम न्यूनतम ०, अधिकतम १ (सम्भावित)
पुरुष : १. मइनुद्दिन कवारी

थारू न्यूनतम ०, अधिकतम १ (सम्भावित)
महिला : १. सरस्वती चौधरी। पुरुष : १. श्यामसुन्दर चौधरी

राष्ट्रिय प्रजातन्त्र पार्टी : ४

प्रत्यक्षमा १ सिट जितेको राप्रपाले समानुपातिकमा ४ सिट पाउँदै छ। कुल ५ सिटमा उसले पनि २ महिला नै समानुपातिकबाट पठाउनुपर्नेछ।

खसआर्य न्यूनतम १, अधिकतम २ (सम्भावित)
महिला : १. खुश्बु ओली २. स्वाती थापा
पुरुष : १. भरत गिरी २. पुष्पराज पौडेल

आदिवासी जनजाति न्यूनतम १, अधिकतम २ (सम्भावित)
महिला : १. सरस्वती लामा २. विजयाकला राई
पुरुष : १. तोरणबहादुर गुरुङ २. राजेन्द्र गुरुङ

मधेशी न्यूनतम ०, अधिकतम १ (सम्भावित)
महिला : १. निरुपमा यादव। पुरुष : १. प्रह्लादप्रसाद साह

दलित न्यूनतम ०, अधिकतम १ (सम्भावित)
महिला : १. मीना विक। पुरुष : १. अम्मर परियार

मुस्लिम न्यूनतम ०, अधिकतम १ (सम्भावित)
महिला : १. नाजिया खातुन मियाँ। पुरुष : १. ताहिर अली भाट

थारू न्यूनतम ०, अधिकतम १ (सम्भावित)
महिला : १. इन्दु चौधरी। पुरुष : १. गिरधारीप्रसाद चौधरी

कमलराज भट्ट/नयाँ पत्रिका

समानुपातिक निर्वाचन प्रणालीको मतगणना अन्तिम चरणमा पुगेसँगै थ्रेसहोल्ड कटाएका दलहरूले पाउने संख्या र पठाउने पात्रबारे तयारी सुरु भएको छ। निर्वाचन आयोगले समानुपातिकतर्फका सांसदहरू ५ चैतभित्र टुंग्याउने लक्ष्यसहित काम गरिरहेको छ। केही क्षेत्रमा जारी

» पृष्ठ २ मा क्रमशः

■ कार्की जाँचबुझ आयोग

जेन-जी आन्दोलनमा सहभागीमध्ये एक लाख ७१ हजारको 'ट्र्याकिङ'

भूमिकाअनुसार प्रत्येकको विवरण संकलन

■ सांसदलाई मन्त्री नबनाउन सुझाव

टेकराज थामी र नवराज मैनाली

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका क्रममा भएको गोली प्रहार र आगजनी छानबिन गर्न बनेको उच्चस्तरीय जाँचबुझ आयोगले घटनामा संलग्न एक लाख ७१ हजारको वैयक्तिक विवरण उतारेको छ। आयोगका अनुसार यो संख्या उच्च तहका पदाधिकारी, सुरक्षाकर्मी र सरकारी कर्मचारीबाहेक हो। आयोगले आइतबार प्रधानमन्त्री सुशीला कार्कीलाई प्रतिवेदन बुझाएको छ।

आयोगले आसपासका सिसिटिभी फुटेज र प्राप्त भिडियोको प्राविधिक अध्ययन र विश्लेषणपछि जेन-जी आन्दोलनमा प्रत्यक्ष सहभागी भएकाहरूलाई 'ट्र्याक' गरेको हो। आयोगले छानबिनकै क्रममा कैद भएका भिडियो तथा फोटो उपलब्ध गराउन सार्वसाधारणसँग सार्वजनिक आह्वान गरेको थियो। यस क्रममा ३५ हजारभन्दा धेरै भिडियो र सोही संख्यामा फोटो संकलन भएका थिए।

'जाँचबुझका क्रममा उपलब्ध र सर्वसाधारणसँगका पनि भिडियो-फोटो

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



जाँचबुझ आयोगको प्रतिवेदनले प्रहरीमा तरंग

२३ भदौको 'नरसंहार'मा प्रत्यक्ष संलग्न प्रहरी र तिनीहरूका कमान्डरमाथि फौजदारी मुद्दामै कारबाही गर्न आयोगले सिफारिस गरेको छ। त्यतिबेला काठमाडौं परिसरका अधिकारीदेखि तत्कालीन आईजिपी चन्द्रकुवेर खापुडसम्मलाई जिम्मेवार बनाउनुपर्ने आयोगको प्रतिवेदनमा उल्लेख छ।

भिड नियन्त्रणमा सशस्त्रलाई नखटाउन सुझाव

आयोग प्रवक्ता विज्ञानराज शर्माका अनुसार यस्ता आन्दोलन नियन्त्रणमा फिल्डमा कार्यविभाजनमा हाल प्रस्ट नहुँदा समस्या देखिन्छ। 'भिड नियन्त्रणमा कमान्ड डुब्लिकेसनले पनि समस्या निम्त्याएको छ,' शर्मा भन्छन्, 'सशस्त्र प्रहरी र नेपाल प्रहरीबिच कार्यविभाजनमा प्रस्टता छैन, नेपाल प्रहरीले नसकेको अवस्थामा मात्र सशस्त्र प्रहरीलाई खटाउने गरी सुरक्षा निकायको परिचालन गर्न सुझाव दिएका छौं।'

दूषित हावामा श्वास फेर्दै काठमाडौं

धुलोधुवाँ वायुमण्डलमा तैरिएर बस्दा मानव स्वास्थ्यका लागि खराब स्थितिमा पुग्यो

प्रदूषणको मात्रा, घरबाहिर निस्किँदा मास्क अनिवार्य लगाउन वातावरण विभागको अनुरोध



काठमाडौंको सुन्धारा क्षेत्रमा मंगलबार दिउँसो देखिएको प्रदूषण। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

यम बम/नयाँ पत्रिका

वर्षा नहुँदा र हावाहुरी नचल्दा काठमाडौं उपत्यकाको वायुमण्डलमा धुलोधुवाँका कण तैरिएर बस्दा वायु प्रदूषणको मात्रा खराब स्थितिमा पुगेको छ। एक सातायता प्रदूषणको मात्रा बढ्दै गएकोमा मंगलबार एयर क्वालिटी इन्डेक्स (वायुको गुणस्तरको मात्रा) २०० नाघेको छ। यो स्तरको प्रदूषणले संवेदनशील समूहअन्तर्गत बालबालिका, वृद्धवृद्धा र श्वासप्रश्वासका रोगीहरूलाई तुरुन्त असर गर्छ। उच्च प्रदूषणको असरबाट जोगिन घरबाहिर निस्किँदा मास्क अनिवार्य लगाउन वातावरण विभागले अनुरोध गरेको छ।

कचौरा आकारको उपत्यका बर्खाबाहेकको अवधिमा प्रदूषणको चपेटामा पर्ने गरेको छ। हिउँदमा खासै पानी नपरेको काठमाडौंमा

» पृष्ठ २ मा क्रमशः

■ आगामी साताबाट प्रदूषण घट्ने आकलन

काठमाडौंमा अत्यधिक बनेको वायु प्रदूषणको मात्रा आगामी साताबाट घट्ने आकलन गरिएको छ। बुधबारदेखि तीन दिन काठमाडौं उपत्यकासहितका विभिन्न ठाउँमा हल्का वर्षाको आकलन पनि गरिएको छ। जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले बुधबार, बिहीबार र शुक्रबार देशका विभिन्न ठाउँमा वर्षाको सम्भावना रहेको र आगामी साता वायुमण्डलको धुलोधुवाँ कम हुने बताए। 'अहिले आकाशमा बादलसँगै तुवाँलो पनि छ, यो हट्न पानी पर्नुपर्छ वा हावाहुरी चल्नुपर्छ,' उनले भने, 'काठमाडौंको प्रदूषणको मात्रा अर्को साताबाट कम हुन्छ। तर, सधैंजसो प्रदूषित भइरहने भएकाले पूरै हट्ने भन्ने होइन।'

विभागका मौसमविद् हरिप्रसाद दाहालका अनुसार बादलमा जलवाष्प कम हुँदा पानी पर्न सकेको थिएन। 'तर, हिजो-अस्तिभन्दा जलवाष्प बढेको छ। बुधबारदेखि केही दिन पानी पर्ने देखिन्छ। बुधबार काठमाडौंमा पनि हल्का वर्षा हुन सक्छ,' उनले भने। विभागका अनुसार बुधबार कोशी प्रदेशलगायत बागमती, गण्डकी र लुम्बिनीका पहाडी र हिमाली भू-भागका थोरै स्थानमा हल्का वर्षाको सम्भावना छ। त्यस्तै, कर्णाली र सुदूरपश्चिमका पहाडी एवं हिमाली भू-भाग तथा मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका तराई भूभागका एक-दुई स्थानमा पनि वर्षाको सम्भावना छ।

दूषित...

पृष्ठ १ बाट क्रमशः

दुई साताअघि हल्का वर्षा भएको थियो । त्यसयता छिटपुटबाहेक पानी पर्न नसक्दा आकाश बादल र तुवाँलोले ढाकेको छ ।

वातावरण विभागका वातावरण निरीक्षक गोविन्द लामिछानेले चुनावअघि (२१ फागुन)बाटै काठमाडौंको आकाश बादलले ढाक्दै आए पनि हावा र पानी पर्न नसक्दा धुलोधुवाँ तल्लो वायुमण्डलमा थिग्रिएर बसेको बताए । 'बादल मात्र लागिरहेको छ, पानी परेको छैन, न हावा चल्न सकेको छ । बादल र तुवाँलोले वायुमण्डल ढाकेर माथिबाट ढकनीको काम गऱ्यो । उत्सर्जन भइरहेको धुलोधुवाँ माथि पनि जान पाएन, उपत्यकाबाहिर पनि निस्कन पाएन,' लामिछानले भने, 'उपत्यकाबाहिरबाट पनि धुलोधुवाँ आइरहेको छ । तर, यहाँ प्रदूषण बढ्नुको मुख्य कारण मौसम नै हो ।'

काठमाडौंमा पछिल्लोपटक फागुन दोस्रो साता पानी परेको थियो । सोमबार काठमाडौंका केही ठाउँमा छिटफुट मात्र पानी परेको थियो । जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले लामो समयको खडेरीका कारण धुलो उत्सर्जन बढिरहेका वेला बादल मात्र मडारिरहँदा प्रदूषण बढेको बताए । 'हावा चलेको छैन, पानी पनि परेको छैन । उच्च चापीय प्रणाली मजबुत देखिन्छ,' उनले भने । उपत्यकाबाहिरका सहरमा पनि वायु प्रदूषण बढिरहेको छ ।

प्रदूषणको मात्रा कहाँ, कति छ ?

काठमाडौं मंगलबार विश्वकै तेस्रो प्रदूषित सहरको सूचीमा रह्यो । काठमाडौंको वायु प्रदूषणको मात्रा (एयर क्वालिटी इन्डेक्स) १७४ देखि २०६ पुगेको थियो । काठमाडौंभन्दा प्रदूषित सहरको सूचीमा बंगलादेशको ढाका (पहिलो) र चीनको बेइजिङ (दोस्रो) रहे ।

वातावरण विभागको भैँसेपाटीस्थित प्रदूषण मापन केन्द्रमा एयर क्वालिटी इन्डेक्स मंगलबार साँझ ७:४५ बजे १७९ पुगेको छ, जुन जनस्वास्थ्यका लागि हानिकारक हो । उपत्यकासहित देशका अन्य स्थानको वायु गुणस्तर पनि जनस्वास्थ्यका लागि हानिकारक अवस्थामै छ । एक्युआईको मात्रा शंखपार्क र इलाममा १७०/१७०, सुर्खेतमा १६७, रत्नपार्कमा १६२ र कीर्तिपुरमा १५९ थियो ।

एक्युआईको मात्रा १५१ देखि २०० हुँदा सबै उमेर समूहका व्यक्तिलाई खुला ठाउँमा लामो समयसम्म नबस्न भनिन्छ भने २०० नाघ्नुलाई एकदम अस्वस्थकर मानिन्छ । १०१-१५० सम्म हुनुलाई संवेदनशील प्रकृति भएका (मुटु र फोक्सोसम्बन्धी समस्या भएका, वृद्धवृद्धा र बालबालिका)लाई खोकी लाग्ने वा श्वास फेर्न समस्या हुने गर्छ । ० देखि ५० सम्मको मानलाई भने सामान्य मानिन्छ ।

पिएम २.५ र पिएम १० को तथ्यांकलाई एक्युआई भ्यालुमा परिवर्तन गरी कलर कोड गरेर राखिन्छ । एक्युआई भ्यालु ३ देखि १२ घन्टाको दौरानमा हावामा प्रदूषणको कणको घनत्व फरक भएका वेला मापन हुन्छ भने पिएम २.५ को मात्रा हरेक घन्टा र २४ घन्टामा निकालिन्छ । तर, प्रदूषणको मात्राको औसत मापदण्ड भने २४ घन्टालाई आधार मानेर तय गरिन्छ । यो सूचकांक हावामा रौँभन्दा झन्डै तीन गुणासम्म मसिना प्रदूषित कण पार्टिकुलेट्स म्याटर (पिएम २.५) मा मापन गर्दा नेपालमा २४ घन्टामा ४० माइक्रोग्राम प्रतिघनमिटर बढ्दा अस्वस्थकर मानिन्छ ।

नेपालमा विशेष गरी हिउँदयाममा वायु प्रदूषण उच्च हुने गर्छ । तर, हिउँद सुक्खा भएको र डढेलो लागेको वर्ष गर्मीयाममा पनि प्रदूषणको मात्रा उच्च हुने गर्छ ।

वायु प्रदूषण खराब स्थितिमा पुगेपछि वातावरण विभागले गऱ्यो यस्तो अनुरोध

- घरबाहिर निस्कँदा मास्क अनिवार्य प्रयोग गर्नू
- फोहोर तथा बालीनालीका अवशेष नजलाउनू
- वनजंगलमा डढेलो नलगाउनू, डढेलो लागेमा निभाउने प्रयास गर्नू
- निर्माणको काम गर्दा धुलोधुवाँ नउड्ने व्यवस्था मिलाउनू
- उद्योग, कलकारखाना सञ्चालन गर्दा सरकारले तोकेका मापदण्ड पालना गर्नू
- आफ्ना सवारीसाधन नियमित मर्मत गर्नू

दलहरूले...

पृष्ठ १ बाट क्रमशः

समानुपातिकतर्फको मतगणना बुधबार बिहानसम्म सकिने आयोगले जनाएको छ ।

आयोगका अनुसार कुल मतदाता एक करोड ७९ लाख ८८ हजार ५७० रहेकोमा ६० प्रतिशत अर्थात् एक करोड नौ लाख ७७ हजार ७११ मत खसेको छ । त्यसमा औसत साढे तीन प्रतिशत अर्थात् तीन लाख ८४ हजार २२० बदर हुँदा सदर मत एक करोड पाँच लाख ९३ हजार ४९१ रहनेछ । तीन प्रतिशत अर्थात् तीन लाख १७ हजार ८०५ मत पाउने दलले 'थ्रेसहोल्ड' कटाउनेछन् ।

मतगणनाअनुसार ६ वटा दल रास्वपा, कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति र राप्रपाले 'थ्रेसहोल्ड' कटाएका छन् । समानुपातिकतर्फ दलहरूले प्राप्त गरेको कुल सदर मतलाई भाग गरी थ्रेसहोल्ड कटाउने दलले प्राप्त गर्ने सिट संख्या आयोगले बाँडफाँट गर्ने कानुनी व्यवस्था छ ।

मतपरिणाम विभाजक सूत्रअनुसार प्रत्येक दलका लागि खसेको मतलाई भाग गर्ने पद्धतिले शृंखलाबद्ध भाग गरिन्छ । यसअनुसार प्रत्येक दलले प्राप्त गरेको मतपरिणामलाई धेरै भाजकहरूले भाग गरिन्छ (उदाहरणः १, ३, ५, ७, ९ आदि) । त्यसरी भाग प्राप्त हुने नतिजालाई दलको भागफल (क्योसेन्ट) भनिन्छ ।

भागफल प्राप्त भएपछि सिट संख्या ठुलो भागफलबाट सानोलाई बाँडफाँट गर्दै सिट नसकिँदासम्म बाँडफाँट गरिनेछ । यसरी बाँडफाँट गर्दा कुनै दलले जतिसुकै मत प्राप्त गरेको भए पनि त्यस्तो दलले सूचीमा सूचीकृत गरेको उम्मेदवार संख्यामा सीमित रही त्यस्तो दलले प्राप्त गर्ने सिटको बाँडफाँट गरिनेछ ।

सिट बाँडफाँटपछि दलले समावेशी समूहबाट नाम छनोट गर्नुपर्छ । निर्धारण गर्दा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ ।

बन्दसूचीबाट नाम छनोट गर्दा थ्रेसहोल्ड कटाउने दलले आफूले पाएको सिट संख्याका आधारमा खसआर्य ३०.२८, आदिवासी जनजाति २८.७२, मधेशी १६.१५, दलित १३.४४, थारू ६.५२ र मुस्लिम ४.८९ प्रतिशत सिट छुट्याउनुपर्छ ।

६ वटै क्लस्टरबाट ४.३ प्रतिशत पिछडिएको क्षेत्रलाई समेट्नुपर्छ । समानुपातिकमा १० प्रतिशतभन्दा कम सिट प्राप्त गर्ने दलले कम्तीमा एकतिहाइ महिला निर्वाचित हुने गरी यथासम्भव अन्य समावेशी आधारसमेत मिलाई निर्वाचित गर्नुपर्छ ।

मंगलबार राति २ बजेसम्मको मतगणनाअनुसार रास्वपाले ५१ लाख २२ हजार ५३२, कांग्रेसले १७ लाख ४२ हजार १७, एमालेले १४ लाख ४४ हजार ९१४, नेकपाले श्रम संस्कृतिले ३ लाख ७६ हजार ८३१ र राप्रपाले ३ लाख २८ हजार ९९६ मत पाएका छन् । यस आधारमा समानुपातिकतर्फ रास्वपाले कुल ११० सिटमा ५७, कांग्रेसले २०, एमालेले १६, नेकपाले नौ, श्रम संस्कृतिले चार, राप्रपाले चार सिट पाउने निश्चित भएको छ ।

उक्त निर्देशिकाअनुसार ५८ सिट पाएको रास्वपाले आदिवासी जनजाति १६, खसआर्य १८, थारू चार, दलित आठ, मधेशी नौ, मुस्लिम तीन सांसद छान्नुपर्छ । यो बाँडफाँटभित्र दुई सिटले पिछडिएको क्षेत्रलाई पनि समेट्नुपर्छ । विभिन्न क्लस्टरमा सांसद छनोट गर्दा कम्तीमा ३३ प्रतिशत महिला छनोट गर्नुपर्छ । रास्वपाले ४८ जना महिला छनोट गर्दा क्लस्टर पनि मिलाउनुपर्छ । रास्वपाबाट १० जना मात्रै पुरुष छनोट हुनेछन् ।

१९ सिट प्राप्त गरेको कांग्रेसले आदिवासी जनजाति पाँच, खसआर्य ६, थारू एक, दलित तीन, मधेशी तीन, मुस्लिम एक सांसद छान्नुपर्छ । यो बाँडफाँटभित्र एक सिट पिछडिएको क्षेत्रलाई पनि समेट्नुपर्छ । १९ मध्ये कांग्रेसले १५ जना महिला पठाउनुपर्नेछ । चारजना पुरुषले मात्रै मौका पाउनेछन् ।

१६ सिट प्राप्त गरेको एमालेले आदिवासी जनजाति पाँच, खसआर्य पाँच, थारू एक, दलित दुई, मधेशी दुई, मुस्लिम एक सांसद छान्नुपर्छ । यो बाँडफाँटभित्र एक सिट पिछडिएको क्षेत्रलाई पनि समेट्नुपर्छ । १६ सिटमध्ये एमालेले पाँचजना महिला पठाउनुपर्छ । ११ पुरुषलाई पठाउनुपर्छ ।

नौ सिट प्राप्त गरेको नेकपाले आदिवासी जनजाति दुई, खसआर्य तीन, थारू एक, दलित एक, मधेशी एक, मुस्लिम एक सांसद छान्नुपर्छ । नौ सिटमध्ये नेकपाले चार महिला पठाउनुपर्छ । पाँच पुरुषलाई पठाउनुपर्छ ।

समानुपातिकमा चार-चार सिट पाएको श्रम संस्कृति र राप्रपाले आदिवासी जनजाति एक, खसआर्य एक, दलित एक, मधेशी एक सांसद छान्न सक्छन् । यसभित्र दुवै दलले दुई-दुईजना महिला पठाउनुपर्छ ।

आयोगका सूचना अधिकारी सुमन घिमिरेले सिट बाँडफाँट भइसकेपछि नाम पठाउन दलहरूलाई पत्राचार गरिने बताउँछन् । 'मतगणना सम्पन्न भइसकेपछि थ्रेसहोल्ड पार गरेका दलहरूले प्राप्त गरेको मतका आधारमा आयोगले सम्बन्धित दलका तर्फबाट निर्वाचित हुने सांसदको संख्या निर्धारण गर्छ,' उनले भने, 'निर्धारित संख्यामा समानुपातिक क्लस्टरअनुसारको प्रतिनिधित्व हुने गरी निर्वाचित हुने सांसदको नाम सिफारिस गर्न राजनीतिक दलहरूलाई पत्राचार गर्छ । दलहरूले बन्दसूचीभित्रबाट नाम सिफारिस गरेपछि सो नामावली समावेशी क्लस्टरबमोजिम मिलेनमिलेको रुजु गरी समानुपातिकतर्फका निर्वाचित सांसदको नाम यकिन गरी प्रमाणपत्र उपलब्ध गराउने कार्य गर्नेछ ।'

महिला ३३ प्रतिशत

प्रत्यक्षतर्फ १६५ सिटमा रास्वपा १२५, कांग्रेस १८, एमाले नौ, नेकपा आठ, श्रम संस्कृति तीन, राप्रपा एक र स्वतन्त्र एक सिटमा निर्वाचित भएको छ । समानुपातिकतर्फ निश्चित सिट जोड्दा प्रतिनिधिसभामा रास्वपा १८३, कांग्रेस ३७, एमाले २५, नेकपा १७, श्रम संस्कृति सात, राप्रपा पाँच र स्वतन्त्र एकजना हुन आउँछ ।

३३ प्रतिशत महिला आवश्यक पर्छ । प्रत्यक्षमा १४ निर्वाचित भएकाले ७७ महिला समानुपातिकबाट जुटाउनुपर्नेछ । रास्वपाले १८३ सिटमा ३३ प्रतिशत अर्थात् कम्तीमा ६१ महिला सहभागी गराउनुपर्छ । प्रत्यक्षमा १३ जना निर्वाचित भएकाले रास्वपाले समानुपातिकबाट ४८ महिला छानिनेछन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनको दफा ६० (४) अनुसार दलले प्राप्त गर्ने सिट संख्या निर्धारण गर्दा आयोगले त्यस्तो दलका तर्फबाट संघीय संसद् (प्रतिनिधि सभा र राष्ट्रिय सभा)मा प्रतिनिधित्व गर्ने कुल सदस्य संख्याको ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी निर्वाचित गर्नुपर्छ । रास्वपाको राष्ट्रिय सभामा प्रतिनिधित्व नभएकाले ३३ प्रतिशत महिला प्रतिनिधिसभाबाटै पूर्ति गर्नुपर्छ । कांग्रेस, एमाले र नेकपाको भने राष्ट्रिय सभामा भएको प्रतिनिधित्वलाई समेटेर महिला चुन्नुपर्छ ।

कांग्रेसको राष्ट्रिय सभामा २५ सिट छ । प्रतिनिधिसभामा ३७ सिट ल्याउँदा संघीय संसदमा ६२ सिट हुन्छ । यसको ३३ प्रतिशत अर्थात् २१ महिला सांसद बनाउनुपर्छ । राष्ट्रिय सभामा कांग्रेसबाट पाँच महिलाको प्रतिनिधित्व छ । प्रतिनिधिसभामा एक जितेकाले अब बन्दसूचीबाट १५ जना महिला पठाउनुपर्छ ।

एमालेको राष्ट्रिय सभामा ११ सिट छ । प्रतिनिधिसभामा २५ सिट ल्याउँदा संघीय संसद्मा ३६ सिट हुन्छ । यसको ३३ प्रतिशत अर्थात् १२ महिला सांसद बनाउनुपर्छ । राष्ट्रिय सभामा एमालेबाट सात महिलाको प्रतिनिधित्व छ । अब प्रतिनिधिसभाबाट पाँचजना महिला पठाउनुपर्छ ।

नेकपाको राष्ट्रिय सभामा १८ सिट छ । प्रतिनिधिसभामा १७ सिट ल्याउँदा संघीय संसद्मा ३५ सिट हुन्छ । यसको ३३ प्रतिशत अर्थात् १२ महिला सांसद बनाउनुपर्छ । राष्ट्रिय सभामा नेकपाबाट आठ महिला छन् । अब प्रतिनिधिसभाबाट चारजना महिला पठाउनुपर्छ ।

प्रतिनिधिसभामा सात सिट ल्याउने श्रम संस्कृति र पाँच सिट ल्याउने राप्रपाले दुई-दुई महिला पठाउनुपर्छ ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मितिः २०८२।११।२७ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः

१. ऋणीको नामः तिनखोले हार्डवेयर **कर्जा शिर्षकः** क्यास क्रेडिट
(प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय प्रदेश नं. ३ भरतपुर, चितवनमा दर्ता रहेको), दर्ता नं.: १४७३/०७६/०७७, दर्ता मितिः २०७६/०९/११, स्थायी लेखा नं.: ६१२७२८९३४, ठेगानाः चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ ।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
पुर्ण बहादुर गुरुङः ना.प्र.प.नं (जारी मिति/स्थान): ७७९५६ (२०५७/०४/१४/गोरखा), बाजेको नामः नवल सिंह गुरुङ, बाबुको नामः टेक बहादुर गुरुङ, ठेगानाः गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ ।

व्यक्तिगत जमानतकर्ताहरू:
क. प्रतिभा गुरुङः ना.प्र.प.नं (जारी मिति/स्थान): ६५१०१३/१८२६ बर्दिया(२०६८/०९/०७/गोरखा), बाबुको नामः भरत कुमार गुरुङ, ससुराको नामः टेक बहादुर गुरुङ, पतिको नामः पुर्ण बहादुर गुरुङ, ठेगानाः गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं ०२ ।
ख. मोहन सिंह गुरुङः ना.प्र.प.नं (जारी मिति/स्थान): ४४० ४२२५८ (२०५१/०५/३०/गोरखा), बाजेको नामः नवल सिंह गुरुङ, बाबुको नामः टेक बहादुर गुरुङ, ठेगानाः गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ ।
ग. योगमाया गुरुङः ना.प्र.प.नं (जारी मिति/स्थान): ७८८१३ (२०५७/०६/१०/गोरखा), बाबुको नामः नेत्र बहादुर गुरुङ, ससुराको नामः टेक बहादुर गुरुङ, पतिको नामः मोहन सिंह गुरुङ, ठेगानाः गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ ।

२. संयुक्त ऋणीको नामः योगमाया गुरुङ र पुर्ण बहादुर गुरुङ **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा
योगमाया गुरुङः ना.प्र.प.नं (जारी मिति/स्थान): ७८८१३ (२०५७/०६/१०/गोरखा), बाबुको नामः नेत्र बहादुर गुरुङ, ससुराको नामः टेक बहादुर गुरुङ, पतिको नामः मोहन सिंह गुरुङ, ठेगानाः गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ ।
पुर्ण बहादुर गुरुङः ना.प्र.प.नं (जारी मिति/स्थान): ७७९५६ (२०५७/०४/१४/गोरखा), बाजेको नामः नवल सिंह गुरुङ, बाबुको नामः टेक बहादुर गुरुङ, ठेगानाः गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ ।

व्यक्तिगत जमानतकर्ताहरुः
क. प्रतिभा गुरुङः ना.प्र.प.नं (जारी मिति/स्थान): ६५१०१३/१८२६ बर्दिया (२०६८/०९/०७/गोरखा), बाबुको नामः भरत कुमार गुरुङ, ससुराको नामः टेक बहादुर गुरुङ, पतिको नामः पुर्ण बहादुर गुरुङ, ठेगानाः गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं ०२ ।
ख. मोहन सिंह गुरुङः ना.प्र.प.नं (जारी मिति/स्थान): ४४० ४२२५८ (२०५१/०५/३०/गोरखा), बाजेको नामः नवल सिंह गुरुङ, बाबुको नामः टेक बहादुर गुरुङ, ठेगानाः गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ ।

ऋणी तिनखोले हार्डवेयर र संयुक्त ऋणी योगमाया गुरुङ र पुर्ण बहादुर गुरुङको लागि धितो लेखिदिएको सम्पत्तिको विवरणः
नेत्र बहादुर गुरुङको छोरी, टेक बहादुर गुरुङको बुहारी, मोहन सिंह गुरुङको पत्नी, गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ बस्ने **योगमाया गुरुङ**को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स./न.पा., वडा नं. ४, नक्सा सीट नं. ४ख स्थित कि.न. ४९६९ को क्षेत्रफल ०-०-१२१/२ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

३. ऋणीको नामः प्रतिभा एण्ड सन्स सप्लायर्स **कर्जा शिर्षकः** क्यास क्रेडिट
(प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमति प्रदेश भरतपुर, चितवनमा दर्ता रहेको), दर्ता नं.: १७/२०७८/७९, दर्ता मितिः २०७८/०४/०४, स्थायी लेखा नं.: ६१६०९६७४७, ठेगानाः चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ११ ।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
प्रतिभा गुरुङः ना.प्र.प.नं (जारी मिति/स्थान): ६५१०१३/१८२६ बर्दिया(२०६८/०९/०७/गोरखा), बाबुको नामः भरत कुमार गुरुङ, ससुराको नामः टेक बहादुर गुरुङ, पतिको नामः पुर्ण बहादुर गुरुङ, ठेगानाः गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ ।

व्यक्तिगत जमानतकर्ताहरुः
क. पुर्ण बहादुर गुरुङः ना.प्र.प.नं (जारी मिति/स्थान): ७७९५६ (२०५७/०४/१४/गोरखा), बाजेको नामः नवल सिंह गुरुङ, बाबुको नामः टेक बहादुर गुरुङ, ठेगानाः गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ ।
ख. मोहन सिंह गुरुङः ना.प्र.प.नं (जारी मिति/स्थान): ४४० ४२२५८ (२०५१/०५/३०/गोरखा), बाजेको नामः नवल सिंह गुरुङ, बाबुको नामः टेक बहादुर गुरुङ, ठेगानाः गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ ।
ग. योगमाया गुरुङः ना.प्र.प.नं (जारी मिति/स्थान): ७८८१३ (२०५७/०६/१०/गोरखा), बाबुको नामः नेत्र बहादुर गुरुङ, ससुराको नामः टेक बहादुर गुरुङ, पतिको नामः मोहन सिंह गुरुङ, ठेगानाः गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ ।

धितो लेखिदिएको सम्पत्तिको विवरणः
क. भरत कुमार गुरुङको छोरी, टेक बहादुर गुरुङको बुहारी, पुर्ण बहादुर गुरुङको पत्नी, गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ बस्ने **प्रतिभा गुरुङ**को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, कल्याणपुर गा.वि.स./न.पा., वडा नं. ३, नक्सा सीट नं. ३ स्थित कि.न. २८७८ को क्षेत्रफल १५६.६० व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।
ख. नेत्र बहादुर गुरुङको छोरी, टेक बहादुर गुरुङको बुहारी, मोहन सिंह गुरुङको पत्नी, गोरखा जिल्ला, ताकुकोट गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०२ बस्ने **योगमाया गुरुङ**को नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, शारदानगर गा.वि.स./न.पा., वडा नं. १, नक्सा सीट नं. १ क स्थित कि.न. ३१७६ को क्षेत्रफल २४५.९७ व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

४. ऋणीको नामः हरि ओम इलेक्ट्रिक पसल **कर्जा शिर्षकः** क्यास केडिट
(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूति व्यवस्थापन विभाग तौलिहवा, कपिलवस्तुमा दर्ता रहेको) दर्ता नं.: ७१०९/०७४, दर्ता मितिः २०७४/०४/१९, स्थायी लेखा नं.: ६०६३४४७१३, ठेगानाः कपिलवस्तु जिल्ला, शिवराज न.पा., वडा नं. ५ ।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
हरि प्रसाद पोखेलः ना.प्र.प.नं (जारी मिति/स्थान): १९१४/४०१०३८(२०६४/०८/०३/अर्घाखाँची), बाजेको नामः छविलाल पोखेल, बाबुको नामः कुलराज पोखेल, ठेगानाः अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा., वडा नं. ५ ।

व्यक्तिगत जमानतकर्ताः
शोभा पोखेलः ना.प्र.प.नं (जारी मिति/स्थान): ४० १०३८/२४६४(२०६८/०१/१५/अर्घाखाँची), बाबुको नामः ढुण्डिराज पौडेल, सुसुराको नामः कुलराज पोखेल, पतिको नामः हरि प्रसाद पोखेल, ठेगानाः अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा., वडा नं. ५ ।

५. ऋणीको नामः शोभा पोखेल **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ४० १०३८/२४६४(२०६८/०१/१५/अर्घाखाँची), बाबुको नामः ढुण्डिराज पौडेल, सुसुराको नामः कुलराज पोखेल, पतिको नामः हरि प्रसाद पोखेल, ठेगानाः अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा., वडा नं. ५ ।

व्यक्तिगत जमानतकर्ताः
हरि प्रसाद पोखेलः ना.प्र.प.नं (जारी मिति/स्थान): १९१४/४०१०३८(२०६४/०८/०३/अर्घाखाँची), बाजेको नामः छविलाल पोखेल, बाबुको नामः कुलराज पोखेल, ठेगानाः अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा., वडा नं. ५ ।

ऋणी हरि ओम इलेक्ट्रिक पसल र ऋणी शोभा पोखेलको लागि धितो लेखिदिएको सम्पत्तिको विवरणः
छविलाल पोखेलको नाति, कुलराज पोखेलको छोरा, अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा., वडा नं. ५ बस्ने **हरि प्रसाद पोखेल**को नाममा मालपोत कार्यालय चन्द्रौटा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलबस्तु जिल्ला, छो.भगवानपुर गा.वि.स./न.पा., वडा नं. ८, नक्सा सीट नं. ८क स्थित कि.न. २४०८ को क्षेत्रफल ०-०-५ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

६. ऋणीको नामः हरि प्रसाद पोखेल **कर्जा शिर्षकः** केडिट कार्ड
ना.प्र.प.नं (जारी मिति/स्थान): १९१४/४०१०३८(२०६४/०८/०३/अर्घाखाँची), बाजेको नामः छविलाल पोखेल, बाबुको नामः कुलराज पोखेल, ठेगानाः अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा., वडा नं. ५ ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

जेन-जी...

पृष्ठ १ बाट क्रमशः

संकलन गऱ्यौँ । ठुलो संख्यामा उपलब्ध भिडियो र फोटोको विभिन्न कोणबाट अध्ययन गऱ्यौँ । सोही आधारमा २३ र २४ भदौको आन्दोलनमा सहभागी एक लाख ७१ जनालाई 'ट्र्याक' भएका छन्,' आयोग स्रोतले भन्यो, 'उनीहरूका भूमिकालाई पनि मिहिन ढंगले केलाइएको छ । र, उनीहरूविरुद्ध थप अनुसन्धान गर्न औँल्याइएको छ ।'

आयोगका अनुसार काठमाडौं उपत्यका र बाहिरका गरी १५ ठाउँमा भएको विध्वंसलाई अनुसन्धानको 'कोर एरिया' बनाइएको थियो । त्यसमा नयाँ बानेश्वरस्थित संसद् भवन, सिंहदरबार, अदालत, प्रधानमन्त्री कार्यालय, राष्ट्रपतिनिवास, कान्तिपुर कम्प्लेक्स, होटेल हिल्टन, चौधरी ग्रुप तथा भाटभटेनी सुपरमार्केटमा गरिएका आगजनी, लुटपाट र तोडफोडलाई विशेष प्राथमिकतासहित अध्ययनको क्षेत्र निर्धारण गरिएका थिए ।

त्यसबाहेक पार्टी कार्यालय, निजी निवास, प्रहरी कार्यालयलगायतका ठाउँमा भएका आगजनीलाई पनि अनुसन्धानको विषय बनाइएको छ । स्रोतका अनुसार ती ठाउँको आगजनीमा सहभागी हुनेहरूको संख्यासमेत उतारिएको छ । उनीहरूको मुभमेन्ट, उनीहरूले बोकेका टेलिफोन, गरेको कुराकानी (सिडिआर), आदानप्रदान भएका म्यासेज, प्रयोग गरिएका सामाजिक सञ्जाललगायतका पक्षमाथि पनि अध्ययन भएका छन् ।

'सोहीअनुसार कहाँ कति संख्यामा आन्दोलनकारी सहभागी भए ? उनीहरूले कसलाई कतिपटक टेलिफोन गरे ? उनीहरू कहाँ-कहाँ पुगेर आगजनी गरे ? कसले कसलाई कस्तो निर्देशन दियो ? कस्ता म्यासेज आदानप्रदान भए ? सामाजिक सञ्जाल कसरी प्रयोग गरियो ? लगायतका विस्तृत विवरण चार्टमा उतारिएका छन्,' आयोगसम्बद्ध अधिकारीहरू भन्छन्, 'समग्रमा छानबिनका क्रममा धेरै विषयवस्तुको अध्ययन गरिएको छ । र, थप अनुसन्धानका लागि विषयवस्तु सतहमा ल्याइदिएको छ ।'

त्यस्तै, आगजनी भएका सबै ठाउँमा उपलब्ध खरानी, माटो, ध्वाँसो, अँगारजस्ता भौतिक पदार्थको पनि अध्ययन भएको छ । ताकि आगजनीमा केमिकल प्रयोग भए-नभएको खुल्न सकोस् । यसका लागि विशेषज्ञ टोलीले सबै भौतिक पदार्थको वैज्ञानिक अनुसन्धान गरेको र दोषी देखिएकालाई सोहीअनुसार कारबाही सिफारिस गरिएको छ ।

तर, गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले प्रतिवेदनमा उल्लेख भएका विषयवस्तुका सम्बन्धमा कुनै औपचारिक जानकारी नभएको बताए । 'प्रतिवेदनमा उल्लेख भएका विषयवस्तुको सम्बन्धमा कुनै औपचारिक जानकारी छैन । किनभने, प्रतिवेदन मन्त्रिपरिषद्मा पेस भएको छ र यसमा गृहको व्यवस्थापन भूमिका मात्र छ,' उनले भने ।

प्रतिवेदनमा आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, गृहसचिव गोकर्णमणि दुवाडी, तत्कालीन आइजिपी चन्द्रकुबेर खापुङ, जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी विश्व अधिकारीसहित १० पदाधिकारीमाथि अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको छ । आयोगले भने यस सम्बन्धमा औपचारिक धारणा भने सार्वजनिक गरेको छैन ।

आयोग संयोजक कार्कीले सार्वजनिक रूपमै गोली हान्ने, हान्न लगाउने र गोली हान्न नरोक्ने सबैलाई कारबाही गर्न सिफारिस गरिएको बताएका छन् । यस्तै, उनका अनुसार २४ भदौको आगजनी र तोडफोडमा सहभागीलाई पनि कारबाहीको दायरामा ल्याउन सिफारिस गरिएको आयोगले जनाएको छ ।

आयोगले गत २५ फागुनमा प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाएको थियो । प्रधानमन्त्री कार्की प्रतिवेदन कुन हदसम्म सार्वजनिक गर्ने सन्दर्भमा छलफलरत छिन् । प्रधानमन्त्री कार्यालयका अनुसार प्रतिवेदन अब बस्ने मन्त्रिपरिषद् बैठकमा खोलिनेछ । त्यसपछि आवश्यक अध्ययन हुनेछ । प्रतिवेदनको गाम्भीर्य हेरी कुन तहसम्मको प्रतिवेदन सार्वजनिक गर्ने भन्ने त्यसपछि मात्रै टुंगो लाग्नेछ ।

जाँचबुझ आयोगको प्रतिवेदनले प्रहरीमा तरंग

नयाँ पत्रिका

जेन-जी आन्दोलनसम्बन्धी जाँचबुझ आयोगले फिल्डमा खटिएका प्रहरीदेखि आदेश दिने उच्च अधिकारीसम्मलाई कारबाही गर्न सिफारिस गरेपछि प्रहरीमा तरंग निम्तिएको छ । दमनमा प्रत्यक्ष संलग्न केही प्रहरीलाई फौजदारी अभियोगमा कारबाही गर्नेसम्मको सिफारिस आयोगको प्रतिवेदनमा छ ।

आइतबार बुझाएको प्रतिवेदनमा केहीलाई बर्खास्त र केहीलाई विभागीय कारबाहीको सिफारिस गरिएको आयोग स्रोत बताउँछ । प्रतिवेदन हालसम्म सरकारले गोप्य नै राखेको छ । २३ भदौको जेन-जी आन्दोलनमा चरम लापरबाहीका साथ आन्दोलनकारीमाथि दमन गरिएको आयोगको निष्कर्ष छ ।

'भिडमा त्यसरी अन्धाधुन्ध गोली चलाउने प्रहरीमाथि कारबाही भएन भने भोलिका दिनमा पनि त्यस्तै होला भनेर कारबाही सिफारिस गरेका हौँ,' आयोगका एक अधिकारीले भने ।

प्रत्यक्ष संलग्न प्रहरी र तिनीहरूका कमान्डरमाथि फौजदारी मुद्दामै कारबाही गर्न सिफारिस गरिएको छ । त्यतिवेला काठमाडौं परिसरका अधिकारीदेखि तत्कालीन आइजिपी चन्द्रकुवेर खापुङसम्मलाई जिम्मेवार बनाउनुपर्ने आयोगको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकमाथि पनि कारबाहीको सिफारिस छ ।



त्यस्तै, २४ भदौको आन्दोलनमा पनि सुरक्षा व्यवस्थापनमा चुकेको भन्दै केही उच्च प्रहरी अधिकारीमाथि समेत विभागीय कारबाही गर्न भनिएको छ । जाँचबुझ आयोगका पदाधिकारीले दोषीमाथि कारबाही सिफारिस गरिएको, तर कस्तो कारबाही भन्ने विषयमा उल्लेख नगरिएको बताए ।

आयोगका प्रवक्ता विज्ञानराज शर्मा भन्छन्, 'कसुरअनुसारको कारबाहीको सिफारिस गरेका छौँ, रिपोर्ट सार्वजनिक भएपछि सबै थाहा भइहाल्छ ।'

कतिपय उच्च प्रहरी अधिकारी भने ड्युटीमा खटिएकै आधारमा प्रहरीमाथि फौजदारी मुद्दा चलाउने हो भने भोलिका दिनमा प्रहरीले भिड नियन्त्रणमा काम गर्न नसक्ने बताउँछन् । 'बढी बल प्रयोगमा विभागीय कारबाहीसम्म उचित हुन सक्छ,' एक उच्च प्रहरी अधिकारी भन्छन्, 'एक त प्रहरी आफैँ जेन-जी आन्दोलनको पीडित हो, अर्कोतर्फ उनीहरूमाथि नै फौजदारी मुद्दा नै चलाउन थालियो भने भोलि कुन मनोबलले प्रहरी भिड नियन्त्रणमा खटिन सक्छ ?'

नेपाल प्रहरी मात्र नभई सशस्त्र प्रहरीका केही अधिकारीमाथि पनि कारबाही सिफारिस भएको छ । त्यस्तै, २४ भदौको आन्दोलनमा सेनाको कमजोरी पनि औँल्याइएको छ । 'सेना समयमै खटिएर सक्रियता देखाएको भएर धेरै सरकारी संरचनामा यति ठुलो क्षति हुने अवस्था देखिन्न,' आयोगका एक अधिकारी भन्छन्, 'यस विषयमा पनि हामीले सुझाव दिएका छौँ ।'

भिड नियन्त्रणमा सशस्त्र प्रहरीलाई नखटाउन सुझाव

जाँचबुझ आयोगले भिड नियन्त्रणमा सशस्त्र प्रहरीलाई नखटाउन सिफारिस गरेको छ । नेपाल प्रहरीभित्रै भिड नियन्त्रणका लागि विशेष तालिम दिएर जनशक्ति विकास गर्नुपर्ने र नेपाल प्रहरीले नसक्ने अवस्थामा मात्र सशस्त्र प्रहरीलाई खटाउन भनिएको छ । दंगाकै अवस्थामा मात्र सशस्त्र प्रहरीलाई परिचालन गर्नुपर्ने निष्कर्ष आयोगको छ ।

आयोग प्रवक्ता शर्माका अनुसार यस्ता आन्दोलन नियन्त्रणमा फिल्डमा कार्यविभाजनमा हाल प्रस्टता नहुँदा समस्या देखिन्छ । 'भिड नियन्त्रणमा कमान्ड डुब्लिकेसनले पनि समस्या निम्त्याएको छ,' पूर्वएआइजीसमेत रहेका आयोगका सदस्य शर्मा भन्छन्, 'सशस्त्र प्रहरी र नेपाल प्रहरीबिच कार्यविभाजनमा प्रस्टता छैन, नेपाल प्रहरीले नसकेको अवस्थामा मात्र सशस्त्र प्रहरीलाई खटाउने गरी सुरक्षा निकायको परिचालन गर्न सुझाव दिएका छौँ ।'

सामान्य आन्दोलनमा पनि नेपाल प्रहरी र सशस्त्र प्रहरी सँगै खटिने गरेका छन् । यसअघि नै सशस्त्र प्रहरीले नेपाल प्रहरीले नसकेको अवस्थामा मात्र परिचालन गर्नुपर्ने भन्दै यससम्बन्धी प्रस्ताव गृह मन्त्रालयमा पठाइसकेको छ ।

सुरक्षा तयारीमै चुकेको निष्कर्ष

२३ भदौको आन्दोलनमा सुरक्षा तयारीमै सुरक्षा निकाय चुकेको निष्कर्ष आयोगको छ । ठुलो आन्दोलन हुँदै छ भन्ने सूचना हुँदाहुँदै पनि सामान्य ब्यारिकेट राखिएको, सुरुमा भिडलाई तितरबितर बनाउने प्रयास नगरेको, चरणबद्ध रूपमा बल प्रयोग नभएको र पछि अन्धाधुन्ध रूपमा घातक हतियारबाट गोली चलाइएको आयोगको प्रतिवेदनमा उल्लेख छ । घातक हतियारबाट बल प्रयोग हुँदा ठुलो हताहती भएको आयोगको प्रतिवेदनमा उल्लेख छ । गोली लागेर २३ भदौमा १७ जनाको मृत्यु भएको थियो भने एक सयभन्दा धेरै घाइते भएका थिए । हतियार चलाउन तालिमको अभावका कारण पनि त्यसरी ठुलो क्षति भएको आयोगको निष्कर्ष छ । प्रधानमन्त्री सुशीला कार्कीले प्रतिवेदन मन्त्रिपरिषद्मा पेस गरी त्यसको सारांश सार्वजनिक गरिने बताएकी छिन् ।

सांसदलाई मन्त्री नबनाउन आयोगको सुझाव

जाँचबुझ आयोगले हालको निर्वाचन प्रणालीका कारण पनि देशमा भ्रष्टाचार मौलाएको निष्कर्ष निकालेको छ । सांसदहरू मात्र मन्त्री बन्ने प्रणालीले जसरी पनि सांसद हुन अस्वस्थ राजनीति बढेको भन्दै सांसदलाई मन्त्री नबनाउने गरी नीतिगत व्यवस्था गर्न सुझाव दिएको छ ।

आयोगका एक अधिकारीका अनुसार सांसदको चुनावमा अत्यधिक खर्च हुने र त्यो खर्च उठाउनका लागि पनि पदमा पुगेपछि भ्रष्टाचार गर्ने प्रवृत्तिले नीतिगत भ्रष्टाचार बढ्दै गएको छ । 'सांसदलाई मन्त्री नबनाउने हो भने निर्वाचन प्रणालीमा धेरै सुधार हुन्छ, यसले भ्रष्टाचार घटाउन मद्दत पुग्छ भन्ने हाम्रो निष्कर्ष हो,' आयोगका एक पदाधिकारीले भने, 'सोही कारण सांसदलाई मन्त्री नबनाउने गरी संविधान संशोधनका लागि सुझाव दिएका छौँ ।'

सांसद मन्त्री नबन्ने हो भने निर्वाचन प्रणालीमा सुधार हुने आयोगको निष्कर्ष छ । आयोगका प्रवक्ता विज्ञानराज शर्माले भ्रष्टाचार नियन्त्रणका लागि निर्वाचन प्रणाली सुधार गर्न सुझाव दिइएको पुष्टि गरे । निर्वाचनमा करिब दुईतिहाइ मत ल्याएको रास्वपाले पनि घोषणापत्रमा सांसदलाई मन्त्री नबनाउने उल्लेख गरेको छ ।

जो थोरै मतान्तरले पराजित भए

एमालेका सात, कांग्रेसका चार, रास्वपा, नेकपा र श्रम संस्कृतिका एक-एक उम्मेदवार हजारभन्दा कम मतान्तरले चुके

प्रेम गौतम/नयाँ पत्रिका

२१ फागुनको निर्वाचनमा अधिकांश उम्मेदवार आधा मतगणना हुँदै जित्नेमा ढुक्क हुने स्थिति बन्यो । कतिपय निर्वाचन क्षेत्रमा नतिजा एकपक्षीय देखियो । भारी मतान्तरले जित-हार भयो । तर, कतिपय क्षेत्रमा निर्वाचन निकै रोचक बन्यो । एकले अर्कालाई उछिन्ने क्रम अन्तिमसम्म चलिरह्यो । यसपटकको निर्वाचनमा पाँचदेखि एक हजारभन्दा कम मतान्तरमा १४ क्षेत्रमा जितहार भएको छ । जसमा रास्वपाका चार, कांग्रेसका ६, एमाले र नेकपाका दुई-दुई उम्मेदवार एक हजारभन्दा कम मतान्तरमा विजयी भएका छन् ।

सबैभन्दा थैरै मतान्तरले जित्ने अधिकांश उम्मेदवार रास्वपाका छन् भने सबैभन्दा थैरै मतान्तरले जित्ने उम्मेदवार पनि रास्वपाकै बनेका छन् । ओखलढुंगाबाट रास्वपाका विश्वराज पोखरेल जम्मा पाँच मतले विजयी भए । पोखरेलले १३ हजार ९५३ मत ल्याउँदा निकटतम प्रतिस्पर्धी कांग्रेसका कुमार लुइँटेलले १३ हजार ९४८ मत ल्याए । यो निर्वाचनमा सबैभन्दा कम मतान्तर नै यही हो । विश्वराजसहित रास्वपाका चार उम्मेदवार एक हजारभन्दा कम मतान्तरमा विजयी भएका छन् ।

गुल्मी २ मा रास्वपाका गोविन्द पन्थीले एमालेका गोकर्ण विष्टलाई ५६१ मतान्तरले पराजित गरेका छन् । पन्थी १६ हजार ९६७ मतले विजयी हुँदा विष्टले १६ हजार ४०६ मत ल्याए । बागलुङ २ मा रास्वपाकै सोम शर्मा ७७९ मतान्तरले विजयी भएका छन् । शर्माले कांग्रेसका टेकराज पौडेललाई पराजित गरेका हुन् । शर्मा १२ हजार ६४७ मतसहित विजयी हुँदा पौडेलले ११ हजार ८६८ मत ल्याए । सिन्धुली १ मा रास्वपाकै धनेन्द्र कार्की ८०० मतान्तरले विजयी भएका छन् । कार्कीले एमालेका प्रदीप कटुवाललाई पराजित गरे । कार्की १६ हजार ६५९ मतले विजयी हुँदा कटुवालले १५ हजार ८५९ मत ल्याए ।

कांग्रेसका ६ उम्मेदवार एक हजारभन्दा कम मतान्तरले निर्वाचित भएका छन् । अछाम १ मा कांग्रेसका भरतकुमार स्वाँर ५२६ मतान्तरले विजयी भए । स्वाँरले नेकपाका भीम रावललाई पराजित गरेका हुन् । स्वाँर १० हजार ७५९ मतले विजयी हुँदा रावलले १० हजार २३३ मत ल्याए । बाजुरामा कांग्रेसका जनकराज गिरी ५४० मतान्तरले विजयी भए । गिरीले एमालेका लालबहादुर थापालाई पराजित गरेका हुन् । गिरीले १७ हजार १७३ मत ल्याउँदा थापा १६ हजार ६३३ मतमा रोकिए ।

दैलेख १ मा कांग्रेसकै बासना थापा ५७६ मतान्तरले विजयी भइन् । उनी प्रत्यक्ष निर्वाचन जित्ने कांग्रेसकी एक्ली महिला हुन् । थापा १२ हजार ३७२ मत ल्याई विजयी हुँदा एमालेका रवीन्द्रराज शर्मा ११ हजार ७९६ मतमा रोकिए ।

डोटीमा कांग्रेसका भरतबहादुर खड्का ७८७ मतान्तरले विजयी भए । खड्काले १४ हजार ८९७ मत ल्याउँदा एमालेका दीपकबहादुर धामी १४ हजार ११० मतमा रोकिए । तेह्रथुममा कांग्रेसका सन्तोष सुब्बा ८७९ मतान्तरले विजयी भए । सुब्बा ११ हजार ५६१ मत ल्याएर विजयी हुँदा एमालेका भानुभक्त ढकाल १० हजार ६८२ मतमा रोकिए ।

इलाम १ मा कांग्रेसका निश्कल राई ९११ मतान्तरले विजयी भए । राई १४ हजार ५४३ मतले विजयी हुँदा श्रम संस्कृति पार्टीका विनोद नेम्वाङ लिम्बू १३ हजार ६३२ मतमा रोकिए ।

एमालेले दुई क्षेत्रमा एक हजारभन्दा कम मतान्तरले जितेको छ । अछाम २ मा एमालेका यज्ञबहादुर बोगटी ४७२ मतान्तरले विजयी भए । बोगटी नौ हजार ५१८ मतसहित विजयी हुँदा कांग्रेसका पुष्पबहादुर शाह नौ हजार ४६ मतमा रोकिए ।

संखुवासभामा एमालेका अर्जुनकुमार कार्की ६३६ मतान्तरले विजयी भएका छन् । कार्की १५ हजार ६३६ मतसहित विजयी हुँदा रास्वपाका मिङमा शेर्पा १५ हजार मतमा रोकिए ।

नेकपाले पनि दुई क्षेत्रमा हजारभन्दा कम मतान्तरले जितेको छ । धनुषा १ मा नेकपाका मातृका यादव ९४३ मतान्तरसहित विजयी भए । यादव १० हजार ४२८ मतसहित विजयी हुँदा कांग्रेसका रामपल्टन साह नौ हजार ४८५ मतमा रोकिए । कालीकोटमा नेकपाकै महेन्द्रबहादुर शाही ९८६ मतान्तरसहित विजयी भए । शाही ११ हजार ३३८ मतसहित विजयी हुँदा एमालेका नगिन्द्र शाही १० हजार ३५२ मतमा सीमित भए ।

हजारमुनिको मतान्तरमा पराजित हुने उम्मेदवार



ओखलढुंगा- १

कांग्रेसका कुमार लुइँटेल रास्वपाका विश्वराज पोखरेलसँग
५ मतले पराजित



अछाम २

कांग्रेसका पुष्पबहादुर शाह एमालेका यज्ञबहादुर बोगटीसँग
४७२ मतले पराजित



अछाम १

नेकपाका भीम रावल कांग्रेसका भरतकुमार स्वाँरसँग
५२६ मतले पराजित



बाजुरा १

एमालेका लालबहादुर थापा कांग्रेसका जनकराज गिरीसँग
५४० मतले पराजित



गुल्मी २

एमालेका गोकर्णराज विष्ट रास्वपाका गोविन्द पन्थीसँग
५६१ मतले पराजित



दैलेख १

एमालेका रवीन्द्रराज शर्मा कांग्रेसकी बासना थापासँग ५७६ मतले पराजित



संखुवासभा

रास्वपाका मिङमा शेर्पा एमालेका अर्जुनकुमार कार्कीसँग
६३६ मतले पराजित



बागलुङ २

कांग्रेसका टेकराज पौडेल रास्वपाका सोम शर्मासँग ७७९ मतले पराजित



डोटी

एमालेका दीपकबहादुर धामी कांग्रेसका भरतबहादुर खड्कासँग
७८७ मतले पराजित



सिन्धुली १

एमालेका प्रदीप कटुवाल रास्वपाका धनेन्द्र कार्कीसँग ८०० मतले पराजित



तेह्रथुम

एमालेका भानुभक्त ढकाल कांग्रेसका सन्तोष सुब्बासँग
८७९ मतले पराजित



इलाम १

श्रम संस्कृति पार्टीका विनोद नेम्बाङ लिम्बू कांग्रेसका निश्कल राईसँग
९११ मतले पराजित



धनुषा १

कांग्रेसका रामपल्टन साह नेकपाका मातृकाप्रसाद यादवसँग
९४३ मतले पराजित



कालीकोट १

एमालेका नगिन्द्र शाही नेकपाका महेन्द्रबहादुर शाहीसँग ९८६ मतले पराजित

भावी प्रधानन्यायाधीशका लागि ६ जनाको नाम परिषद्मा

शिल्पा कर्ण/नयाँ पत्रिका

न्यायपरिषद्ले सम्भावित प्रधानन्यायाधीशका रूपमा ६ जनाको नाम संवैधानिक परिषद्मा पठाएको छ । संविधान तथा कानुनअनुसार योग्यता पुगेका सर्वोच्च अदालतका ६ न्यायाधीशको नाम पठाइएको परिषद्ले जनाएको छ ।


प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले १८ चैतदेखि अनिवार्य अवकाश पाउन लागेपछि नयाँ प्रधानन्यायाधीश नियुक्तिको प्रक्रिया अघि बढेको हो । परिषद्का अनुसार वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल तथा न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाँल, मनोजकुमार शर्मा, नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम भावी प्रधानन्यायाधीशका लागि पठाइएको हो । सामान्यतया वरिष्ठतम न्यायाधीश नै प्रधानन्यायाधीशमा नियुक्त हुने प्रचलन छ ।

'कम्तीमा तीन वर्ष सर्वोच्चमा रहनुभएको सम्भावित न्यायाधीशहरूको नाम संविधानअनुसार नै अवकाश पाउनुभन्दा एक महिनाअगाडि पठाउनुपर्ने प्रचलनअनुसार सचिवालयबाट समयमै पठाइएको हो,' परिषद्का प्रवक्ता रामप्रसाद भट्टराईले भने ।

न्यायपरिषद् ऐनको दफा ४ मा नियुक्तिको एक महिनाअगाडि सिफारिस गर्ने व्यवस्था छ । संविधानको धारा १२९ ले नेपालको प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतको न्यायाधीशको नियुक्ति र योग्यतासम्बन्धी व्यवस्था गरेको छ । सर्वोच्चमा न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीश पदका लागि योग्य हुने उल्लेख छ ।

२०१७ मा जन्मिएका वर्तमान प्रधानन्यायाधीश राउतले १८ चैतदेखि ६५ वर्षे उमेरहदका कारण अवकाश पाउँदै छन् । ०७३ साउनमा नियुक्त भएका सिंहको कार्यकाल झन्डै १८ महिना थियो ।

● रामप्रसाद भट्टराई
प्रवक्ता, न्यायपरिषद्



कम्तीमा तीन वर्ष सर्वोच्चमा रहनुभएको सम्भावित न्यायाधीशहरूको नाम संविधानअनुसार नै अवकाश पाउनुभन्दा एक महिनाअगाडि पठाउनुपर्ने प्रचलनअनुसार सचिवालयबाट समयमै पठाइएको हो

परिषद्ले पठाएको नामबाट संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीश नियुक्ति हुने संवैधानिक प्रावधान छ । संवैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष रहन्छन् भने सदस्यका रूपमा प्रतिनिधिसभाका सभामुख, उपसभामुख, प्रमुख प्रतिपक्षी दलको नेता, राष्ट्रिय सभा अध्यक्ष र प्रधानन्यायाधीश रहन्छन् । यद्यपि, प्रधानन्यायाधीशको नियुक्तिसम्बन्धी निर्णय लिने बेला भने संघीय कानुनमन्त्री सदस्यका रूपमा हुने व्यवस्था छ । यद्यपि, प्रधानन्यायाधीशको नियुक्तिसम्बन्धी निर्णय लिने बेला भने संघीय कानुनमन्त्री सदस्यका रूपमा हुने व्यवस्था छ । यसका लागि एक महिनाअगावै नियुक्ति सिफारिस गर्नुपर्ने प्रावधान छ । निर्वाचन परिणाम आउनेक्रममै रहेकाले सभामुख र उपसभामुख पद रिक्त छ । हाल अन्तरिम सरकारका प्रधानमन्त्री र कानुनमन्त्री छन् ।

संविधानको धारा २९२ ले संसदीय सुनुवाइसम्बन्धी व्यवस्था गरेको छ । जसअनुसार प्रधानन्यायाधीश पदका लागि संसदीय सुनुवाइ अनिवार्य छ । दुवै सदन सम्मिलित सुनुवाइ समिति गठनपछि मात्र सुनुवाइ प्रक्रिया सुरु हुने देखिन्छ ।

पूर्वमन्त्रीसहित ११ जनालाई कारबाही सिफारिस

लहान/ निर्वाचनमा पार्टीले उठाएका उम्मेदवारलाई असहयोग गरेको आरोपमा कांग्रेसको सिराहा १ नम्बर क्षेत्रीय कार्यसमितिले पूर्वमन्त्री पदमनारायण चौधरीसहित ११ जनालाई कारबाहीका लागि सिफारिस गरेको छ । क्षेत्रीय कार्यसमितिको सोमबार सम्पन्न भेलाले ११ जनालाई नै आगामी पाँच वर्षका लागि साधारण सदस्यसमेत नरहने गरी पार्टी केन्द्रको अनुशासन समितिलाई कारबाही सिफारिस गरेको हो । कारबाहीका लागि सिफारिस गरिएकामा महाधिवेशन प्रतिनिधिहरू सन्तोष चौधरी तथा गौरीनारायण चौधरी, क्षेत्रीय सहसचिव मुकेश महतो, क्षेत्रीय सहस्यहरू कन्हैयाप्रसाद गुप्ता, गोपालकृष्ण यादव, नेपाल थारू संघ जिल्ला अध्यक्ष अजय चौधरी, नेपाल लोकतान्त्रिक खेलकुद संघका जिल्ला अध्यक्ष आनन्द चौधरी, जिल्ला सदस्य रामगणेश दास, लहान- १० का बुथ सभापति अम्बराज मिश्र, लहान- २० का बुथ सभापति विनोद साह छन् ।

निर्वाचनमा पार्टीको उम्मेदवारविरुद्ध अन्य पार्टी रास्वपा, जनमत र स्वतन्त्र उम्मेदवारको पक्षमा लागेर पार्टी हितविपरीत काम गरेको र आफ्नै पार्टीका उम्मेदवारलाई असहयोग गरेको ठहर गर्दै क्षेत्रीय कार्यसमितिले पार्टीको विधान, २०१७ को संशोधनसहित धारा ३४ को ४ (क) बमोजिम कारबाहीको सिफारिस गरिएको जनाएको छ । बहुदलीय व्यवस्था पुनर्स्थापनापछि ०६४ को संविधानसभा, ०५६ र ०७९ को निर्वाचनबाहेक ०४८, ०५१, ०७०, ०७४ को निर्वाचन जितेको कांग्रेसका प्रत्याशी रामसुन्दर चौधरीले यसपल्ट निकटतम प्रतिद्वन्द्वीका रूपमा नौ हजार ७८४ मत ल्याएका छन् ।

कास्कीमा ४९ मध्ये ४० उम्मेदवारको जमानत जफत

कास्कीमा **रोहितराज पराजुली**

प्रतिनिधिसभा सदस्य निर्वाचनमा कास्कीमा उम्मेदवारी दिएका ४९ मध्ये ४० जनाको जमानत जफत भएको छ । कास्कीका तीनै क्षेत्रमा रास्वपाका उम्मेदवारले क्लिन स्विप गर्दा कांग्रेस र एमालेबाहेक अन्य सबै दल र स्वतन्त्र उम्मेदवारले आवश्यक मत ल्याउन नसक्दा जमानत जफत भएको हो ।

धरौटी जफत भएका ४० मध्ये ३२ जनाले प्राप्त गरेको मत एक प्रतिशतभन्दा कम छ । कास्की १ मा जमानत जफत भएका ४० उम्मेदवारमध्ये नेकपा उम्मेदवार राजकाजी गुरुङ, कांग्रेस उम्मेदवारविरुद्ध बागी उम्मेदवारी दिएका कास्की २ का निर्देशविक्रम पौडेललगायत छन् ।

कास्की २ मा रास्वपाका उत्तम पौडेलले जित हात पार्दा निकटतम एमालेका रश्मि आचार्य र कांग्रेसका माधवप्रसाद बाँस्तोलाले मात्र धरौटी जोगाएका छन् । अन्य १४ जनाको भने धरौटी जफत भएको छ । यस क्षेत्रमा ५० हजार ६७५ मत सदर भएको थियो । धरौटी जफत हुनेमा हेमबहादुर थापा पराजुली (नेकपा), ओलबहादुर गुरुङ (मंगोल नेसनल अर्गनाइजेसन), विनिता अवाल (नेमकिपा), कुशल गुरुङ (उज्यालो नेपाल पार्टी), विष्णुप्रसाद तिवारी (स्वतन्त्र), हेमजंग गुरुङ (राप्रपा), ज्ञानराज गुरुङ, प्रेमबहादुर थापा (नेकपा माओवादी), दीपक भण्डारी (प्रलोपा) लगायत छन् ।

कास्की ३ मा ६२ हजार ६४९ मत सदर भएकोमा रास्वपाकी विना गुरुङ विजयी हुँदा निकटतम कांग्रेसका मनोज गुरुङ र एमालेका दामोदर बैरागीले धरौटी जोगाएका छन् । अन्य १२ जनाको भने जफत भयो । धरौटी जफत हुनेमा टेकबहादुर सार्की (संयुक्त नागरिक पार्टी), कुशल थापा क्षेत्री (आम जनता पार्टी), मीना न्हिसुतू (नेमकिपा), तर्कबहादुर गुरुङ (उज्यालो), ओमप्रकाश विश्वकर्मा (नेपाल मातृभूमि पार्टी) लगायत छन् ।

पालिका र प्रदेश छाडेर संघीय संसद् ताकेका ३० मध्ये २२ जना पराजित

शिवहरि घिमिरे/नयाँ पत्रिका

२१ फागुनको निर्वाचनका लागि झन्डै साढे दुई वर्ष कार्यकाल बाँकी छँदै स्थानीय तहका एक दर्जनभन्दा बढी जनप्रतिनिधिले राजीनामा दिए । जितेर केन्द्र सरकारको सांसद बन्ने इच्छासहित पालिका र प्रदेशको छँदाखाँदाको पद छाडेका उनीहरू अहिले यता न उताका भएका छन् । चुनाव जितौंला भन्ने सोचमा चुनावमा होमिएका अधिकांशले पराजय व्यहोरेका छन् ।

यसपटकको निर्वाचनमा स्थानीय तह छाडेर संघीय सांसद बन्ने आससहित १७ बहालवाला जनप्रतिनिधिले उम्मेदवारी दिएका थिए । तर त्यसमध्ये तीनजना मात्रै सफल भए । १४ जनाले हार व्यहोर्नुपऱ्यो । काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह बालेन, धरान उपमहानगरका मेयर हर्कराज राई र वीरगन्ज महानगरपालिकाका वडाध्यक्ष सुशील साह कानु मात्र विजयी भए । अन्य १४ उम्मेदवारको संघीय सांसद बन्ने सपना पूरा भएन । प्रदेश सभा सदस्यबाट राजीनामा दिएका १३ मध्ये पाँचजना संघीय सांसद बनेका छन् । जसमा युवराज दुलाल, सुनील केसी, रहबर अन्सारी, डा. तारा जोशी र कन्हैया बानियाँ छन् । दुलाल नेकपा र केसी, जोशी, अन्सारी र बानियाँ रास्वपाबाट निर्वाचित भएका छन् ।

भरतपुर महानगरकी प्रमुख रेनु दाहाल पनि मेयर पद छाडेर चुनावमा होमिएका थिइन् । चितवन ३ बाट उम्मेदवार बनेकी उनले पराजय भोग्नुपऱ्यो । पदबाट राजीनामा दिएका बाँकेको नेपालगन्ज उपमहानगरका उपप्रमुख कमरुद्दिन राई पनि पराजित भए । उपेन्द्र यादवको जसपा नेपालबाट बाँके २ मा उम्मेदवारी दिएका उनी पराजित भए । धुलिखेलको मेयरबाट राजीनामा दिएर चुनाव लडेका अशोक ब्याञ्जू श्रेष्ठ पनि पराजित भए । काभ्रे २ मा एमालेका उम्मेदवार श्रेष्ठलाई रास्वपाका उम्मेदवार बदनकुमार भण्डारीले हराए । एमालेबाट मोरङ २ मा उम्मेदवारी दिएका रंगेलीका पूर्वमेयर दिलीप अग्रवाल पनि पराजित भए ।

नेकपाका उम्मेदवार रहेका सूर्योदयका पूर्वमेयर रणबहादुर राई इलाम १ मा पराजित भए । नागरिक उन्मुक्ति पार्टी छाडेर नेकपामा प्रवेश गरेर कैलाली १ बाट चुनाव लडेका टीकापुर नगरपालिकाका पूर्वमेयर रामलाल डगौरा थारूको सांसद बन्ने यात्रामा पनि पूर्णविराम लाग्यो । सोलुखुम्बुको थुलुङ दुधकोशी गाउँपालिकाको अध्यक्ष पद छाडेर नेकपाबाट प्रतिनिधिसभा संसद बन्न दौडिएका असीम राईले पनि पराजय भोग्नुपरेको छ ।


उदयपुरको लिम्चुङबुङ गाउँपालिका अध्यक्ष पद छाडेर उदयपुर २ मा स्वतन्त्र उम्मेदवारी दिएका मेजरकुमार राई पनि पराजित भएका छन् । उनले ९० मत मात्र ल्याए । ओखलढुंगाको लिखु गाउँपालिकाकी उपाध्यक्ष अस्मिता थापा एमालेबाट उम्मेदवार बने पनि हार व्यहोर्नुपऱ्यो ।

वीरगन्ज महानगरपालिका २० वडाध्यक्ष रामकिशोर सिंह पर्सा १ मा उज्यालो पार्टीबाट उम्मेदवार थिए । उनले ४१५ मत मात्र ल्याए । धरान उपमहानगरपालिका १७ का वडाध्यक्ष सूर्यबहादुर भट्टराई नेकपाबाट सुनसरी १ मा पराजित भए । कैलालीको भजनी नगरपालिका-३ का वडाध्यक्ष विक्रम चौधरी पनि सांसद बन्ने दौडमा थिए । तर, उनीहरूको संघीय संसद् पुग्ने यात्रा भने सफल हुन सकेन । दुईपटक स्याङ्जाको कालीगण्डकी गाउँपालिका अध्यक्ष बनेका खिमबहादुर थापा पनि पराजित भए ।

प्रदेशबाट जो पुगे संघीय संसद्मा



कन्हैया बानियाँ



सुनील केसी



सुशील साह



युवराज दुलाल



तारा जोशी

प्रदेश सांसद छाडेर प्रतिनिधिसभा सांसद बन्ने दाउमा निर्वाचनमा होमिएका पूर्वसांसदमध्ये अधिकांशले हार व्यहोरेका छन् । अझ उम्मेदवारी दिएकामध्ये केहीको त जमानत नै जफत भएको छ । जमानत जफत हुनेमा मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंह पनि छन् । न्यून मत ल्याएपछि उनको जमानत नै जफत भएको छ । स्वाभिमान पार्टीबाट उम्मेदवार बनेका उनले जम्मा तीन हजार ५५७ मत पाए । बाँकेकी प्रदेश सांसद कृष्णा केसी पदबाट राजीनामा दिएर प्रतिनिधिसभा सदस्यमा उम्मेदवार बनेकी थिइन् । प्रतिनिधिसभा निर्वाचनमा पराजित भएका धर्मबहादुर चौधरी पनि छन् । नेकपाबाट महोत्तरी ४ बाट प्रतिनिसभा निर्वाचनमा उम्मेदवारी दिएका भरतप्रसाद साह पनि पराजित भएका छन् । मधेश प्रदेशकै पूर्वसभामुख रामचन्द्र मण्डल पनि पराजित भए । प्रदेश सांसद त्यागेर राप्रपाबाट प्रतिनिधिसभा निर्वाचनमा उमेदवार बनेका राप्रपाका भक्तिप्रसाद सिटौला पनि पराजित भएका छन् । बागमती प्रदेशका पाँच नेतामध्ये तीनजनाले लज्जास्पद हार व्यहोरेका छन् । प्रदेश सदस्यबाट राजीनामा दिनेमा कांग्रेसका कुन्दनराज काफ्ले, एमालेका प्रकाश श्रेष्ठ र अमनकुमार मास्के, नेकपाका वसन्त मानन्धर र युवराज दुलाल तथा राप्रपाका सुनील केसी थिए । तर अन्तिम समयमा काफ्लेले टिकट पाएनन् । केसी र दुलालबाहेक अरू पराजित भए ।

चन्द्रनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आश्यको सूचना

प्रकाशित मिति : २०८२/११/२७

यस कार्यालयको मिति २०८२/०१/२२ को हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तपसिल बमोजिमका निर्माण व्यवसायीहरुको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ ।

तपसिल :

क.स.	ठेक्काको विवरण	बोलपत्रदाता	कबुल रकम भ्याट सहित
१.	कृषि विद्युतिकरण (CRM/NCB/01/2081/082)	ऋषभ-भगवान जे.भि, माहागढीमाई-२, बारा ।	रु २०३३६५५०।५९ (अक्षरेपी रु दुई करोड तिन लाख छतिस हजार पाँच सय पचाँस पैसा उन्नसाठी)

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन भरतपुर
चितवन

ठेक्का अन्त्य गरिएको सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/११/२७)

यस डिभिजन अन्तर्गत संचालित तपशिल बमोजिमको ठेक्का सम्झौताको निर्माण कार्य म्याद भित्रै सम्पन्न गर्नु पर्नेमा सो हुन नसकेको, निर्माण व्यवसायीलाई लिखित तथा मौखिक रुपमा कार्य सम्पन्न गर्न पटक-पटक अनुरोध गर्दा पनि निजले ठेक्का सम्झौताका शर्तहरु बमोजिम आफ्नो करारीय दायित्व पुरा नगरेको तथा कार्य अधुरो छाडी लामो समयदेखि निर्माणस्थललाई अलपत्र पारेको हुँदा मिति २०८२/०७/११ मा यस डिभिजनबाट ठेक्का सम्झौताका शर्त एवं प्रचलित कानून बमोजिम ठेक्का अन्त्य किन नगर्ने सम्बन्धी ७ दिने सूचना प्रकाशित गरी स्पष्टिकरण माग गरिएकोमा निर्धारित अवधिमा निज निर्माण व्यवसायीबाट चित्त बुझ्दो स्पष्टिकरण प्राप्त हुन नसकेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (२) एवं ठेक्का सम्झौताको GCC 57.1 र GCC 57.2 (a,f & g) मा भएको व्यवस्था र सारभूत रुपमा उक्त निर्माण व्यवसायीबाट ठेक्का सम्पन्न नहुने परिस्थिति निर्माण व्यवसायी स्वयंबाट सिर्जना भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) समेतको आधारमा यस डिभिजनको मिति २०८२/११/२५ को निर्णयानुसार ठेक्का अन्त्य (Terminate) गरिएको व्यहोरा जानकारी गराइन्छ । यसर्थ सम्बन्धित निर्माण व्यवसायीलाई ठेक्का सम्झौताको GCC 61.1 परिपालना गर्न अनुरोध गरिन्छ । ठेक्का अन्त्य पश्चात् सार्वजनिक खरिद ऐनको दफा ५९ (८) र दफा ६३, सार्वजनिक खरिद नियमावलीको नियम १४१ एवं ठेक्का सम्झौताको GCC 59 र GCC 60 आकर्षित भई सोही बमोजिमका कारबाही प्रकृया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै ठेक्का सम्झौताको GCC 60.1 बमोजिम भुक्तानी हुन बाँकी स्वीकार्य रुपमा सम्पन्न भईसकेका कुनै कार्य भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा यस डिभिजनमा उपस्थित भई वित्तीय फरफारक गर्न समेत अनुरोध गरिन्छ । निर्धारित अवधि भित्र सम्बन्धित निर्माण व्यवसायी वा निजको प्रतिनिधि यस डिभिजनमा उपस्थित नभएमा डिभिजनबाटै उक्त कार्य गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिलः

सि.नं.	ठेक्का नं.	ठेक्का विवरण	निर्माण व्यावसायीको नाम
१.	DROBHT/3371574/072/73-173	पम्फा खोला पुल श्रीकोट बिरेन्द्रनगर	लोहनी एण्ड ब्रदर्श प्रा.लि. भरतपुर

डिभिजन प्रमुख

राजनीतिक परिवर्तनले खोज्ने प्रशासनिक सहयोग

राजनीतिक नेतृत्वले परिवर्तनको वाचा गरे पनि प्रशासनिक मनोविज्ञानले सम्मति नदिए वा दिए पनि समयमा नदिए परिवर्तनको कार्यसूची 'बाई-बाई' हुन्छ



● गोपीनाथ मैनाली

अग्रलेख

राजनीतिक उथलपुथलको झड्का प्रशासनले महसुस गरेन भने राजनीतिक परिवर्तनको रापताप सेलाउँदै जान्छ र परिस्थिति पूर्ववत् अवस्थामै पुग्छ। नेताहरूले परिवर्तनको वाचा गरे पनि प्रशासनिक मनोविज्ञानले सम्मति नदिए वा दिए पनि समयमा नदिए परिवर्तनको कार्यसूची 'बाई' हुन्छ। शासकीय परिवर्तन धेरै हदमा प्रशासनिक परिवर्तनमार्फत देखिन्छ। कर्मचारीतन्त्रको मनोविज्ञानमा परिवर्तन नभई प्रशासनिक सास्तीबाट सर्वसाधारणले मुक्ति पाउँदैनन्।

प्रशासनिक मनोविज्ञान परिवर्तन प्रतिरोधी हुन्छ। हिँडिरहेकै बाटो मन पराउनु कर्मचारीतन्त्रको स्वभाव हो। बाटो बदल्नुपरे, छिटो काम गर्नुपरे थाहै नपाई प्रतिरोध गर्ने र पन्छाउने मनोविज्ञान प्रशासनमा छिपेर रहेको हुन्छ। विख्यात विज्ञान कथाकार इस्याक आसिमोभले 'फाउन्डेसन ट्रिलोजी'मा कल्पनाको ग्यालेक्टिक साम्राज्यको खनिजसम्पन्न मुलुकलाई अर्को ग्रहका लडाकुको कब्जामा पर्नबाट बचाउन 'ब्युरोक्रेटिक बेरिएर' उपयोग गरेका थिए। पचासौँ वैज्ञानिकको बलिदानपश्चात् पनि सफलता हासिल नभएपछि 'सेल्डन' योजनमार्फत फाउन्डेसन बचाइएको कथा छ त्यसमा। त्यस्तै, कथा फ्रान्ज काफ्काको 'जस्टिस'मा पनि छ। कर्मचारीतन्त्रको कार्यविधिमा निरपराधलाई पनि अपराधी बनाउने शक्ति रहेको काफ्काको कथन छ। म्याक्स वेबरले नामकरण गरेर आधुनिक राज्य व्यवस्थामा संस्थागत भएको प्रशासनलाई राम्ररी उपयोग गर्न सकिएन भने परिवर्तनको आकांक्षा भर्नौं वा रूपान्तरणको यात्रा बिचबाटोमै हराउँछ भनेका छन्। नेपालमा प्रजातन्त्र स्थापनापछि राणा कुलीनताको, प्रजातन्त्र पुनः प्राप्तिपछि दरबारिया शैली र लोकतान्त्रिक गणतन्त्रपछि आत्मकेन्द्रित स्वच्छन्दताका कारण प्रशासन फेरिन सकेन। प्रत्येक आन्दोलन/परिवर्तनका चाहना प्रशासनिक प्रणालीभित्र तरंगित (सक अपहिभल) भएनन्।

नेपालमा मात्र होइन, भारतमा पनि यही अवस्था देखिन्छ। 'इस्ट इन्डिया कम्पनी'कालीन प्रशासन व्यापारिक प्रशासनिक ढाँचामा थियो, औपनिवेशिक भारत स्वतन्त्र भएपछि पनि बेलायती ढाँचाको कठोर कर्मचारीतन्त्रले जरा गाडिरहेको छ। लोकतन्त्र वितरणमा प्रशासनिक अनुदारताको संक्रमण अहिले पनि त्यहाँ छ भनिन्छ। अघिल्लो शताब्दीको उत्तरार्द्धपछि स्वतन्त्र भएका एसियाली-अफ्रिकी मुलुकले लोकतन्त्र र समृद्धिको यात्रा प्रशासनिक संक्रमणमा गरिरहेका छन्, प्रशासनलाई कसरी विकास र समृद्धिको मियो बनाउने भन्ने चुनौती छ त्यहाँ।

राजनीतिक अस्थिरता भएका मुलुकमा प्रशासनमाथि निरन्तर हस्तक्षेप हुन्छ र प्रणाली क्षतविक्षत् बनाई कर्मचारीतन्त्रको दुरुपयोगमार्फत शासन, शक्ति र स्वार्थको वर्चस्व कायम गरिन्छ। बंगलादेश, पाकिस्तान, श्रीलंका यसका पछिल्ला उदाहरण हुन्। नेपालले पनि ती मुलुकबाट केही सिक्दै आएको छ। राजनीतिक स्थिरता हुँदा, प्रकाण्ड बहुमतीय सरकार हुँदा प्रशासनलाई परिचालन गर्ने सोच सामर्थ्य नहुँदा स्थायी शासकको मनोविज्ञानमा रहेका प्रशासकले राजनीतिक उछाललाई आफूभित्र पचाइदिन्छन् र राजनीतिमाथि प्रशासन गर्न थाल्छन्। भनिन्छ, प्रशासन अरबी घोडाजस्तै हो, राम्रोसँग कजाउन सके यात्राभरि बोकेर हिँड्छ, पार गर्छ, नसके यात्रुलाई बिचैमा फालिदिन्छ। प्रशासनले सम्मति नदिँदा वा यसको दुरुपयोगबाट सरकार फेरिएका कैयन् उदाहरण छन्। २०२२ मा श्रीलंकाली राजनीतिक संकटको पृष्ठभूमिमा त्यहाँको कमजोर नीति, विदेश सम्बन्धको एकांकीपना, कुशासन र प्रशासनको राजनीतीकरण थियो। गतवर्ष मदागास्करमा भएको जेन-जी प्रतिरोधबाट सरकार फालिनुको पछाडि पनि प्रशासनिक बेथितिको कारण थियो। अफगानिस्तान, चाद, कंगो, सुडान, गुएनालगायत मुलुक विकास र शासन सूचकमा तलतिर रहनुका कारण ती मुलुकमा संस्थागत हुन नसकेको प्रशासनिक प्रणाली हो। हैटी र भेनेजुएलाको राजनीतिले प्रशासनलाई संस्था नबनाएका कारण शासकीय विपत् देखियो। शासन प्रणालीलाई लोकतन्त्रप्रति तयार बनाउने संस्था प्रशासन हो। कुशासन, क्रोध र प्रतिरोधबाट रातारात सरकार ढल्न सक्छ (जस्तो कि फरक संकटका कारण नेपाल, जापान, फ्रान्स र इन्डोनेसियामा एकैसातामा सरकार ढले) तर व्यावसायिक र निष्ठावान् प्रशासन भएका मुलुकमा सरकार फेरिए पनि शासन र समृद्धिमा फरक पर्दैन। प्रशासन संस्था बनेन भने शासन र समृद्धिमा भित्रभित्रै धोत्रो लाग्छ। त्यहाँ सरकार बदलिनुको खासै अर्थ लाग्दैन। कानुनविहीनता, अत्यधिक दलीयकरण र अवसरवादी अभीष्टका कारण नेपालको प्रशासन आलोचित छ। सरकारले क्षमता विकास गरेका व्यक्ति अर्को संस्था वा



समूह भावनामा चल्नुपर्ने र सार्वजनिक सेवाका सिद्धान्तमा चल्नुपर्ने प्रशासन दलीय युनियनवादमा विभाजित हुँदा सेवा व्यवस्थापन र कर्मचारी प्रशासन प्रदूषित हुन्छ। परिवर्तनको अनुभूति दिन यो प्रदूषण हटाउने साहस राख्नुपर्छ, त्यो पनि तत्काल।

मुलुकका विज्ञ बनेर नेपालको प्रशासनलाई सुझाव (उपेक्षा) गरिरहेका छन्। सामाजको उम्दा मानिएको व्यक्तिको कानुनी मात्र होइन, नैतिक दायित्व पनि हुन्छ भन्ने भुलिएको छ। विज्ञ भईकन अकर्मण्य, बुझीकन अबुझ र आफ्नै मूल्यवृत्तिबाट अलग हुने रोगबाट प्रशासन ग्रसित छ। यसलाई व्यक्त्याउन एउटा उदारहण नै काफी छ। जस्तो कि अर्थमन्त्री मात्र परिवर्तन हुँदा सबै कुरा परिवर्तन भएए, संस्थागत सम्झना नै मेटिएए, व्यावसायिक निष्ठाभन्दा पर गएए बजेट बन्ने गरेको छ। विनियोजन न्याय र बजेटका सिद्धान्त लल्कारेर बजेट बन्ने गरेको छ। बुझेको छैन भनौं भने सुझाव दिन्छ, बुझेको छ भने सामान्य अवस्थामा पनि बजेटका आकार, आयातन, विनियोजन सिद्धान्त, खर्च सामर्थ्य र सामाजिक सन्तुलनलाई ख्याल गर्दैन। उठाउँछु भनेको पैसा उठाउँदैन र दिन्छु भनेको अनुदान पनि लिन सक्दैन। नीति र निर्णयको स्तर कमजोर छ, भूराजनीतिक अवस्था र राष्ट्रिय स्वार्थ रक्षामा नीति बन्न सकेका छैनन्। गर्नभन्दा गरेकोजस्तो देखाउने आदतमा प्रशासन माहिर छ। सधैं सजिलो गर्ने बानीले व्यावसायिक प्रवीणतामा खिया लाग्छ। अहिले त प्रवीणताले नपुग्ने, प्रवर्तन चाहिने समय हो। शासकीय बेथितिविरुद्ध प्रविधि पुस्ता (टेक-न्याटिभ) को आह्वानमा भएको आन्दोलनपछि संसदीय निर्वाचन सम्पन्न भएको छ। आन्दोलनका भावना पूरा हुन्छ भन्ने आशामा सर्वसाधारण छन्। जनताका आशा विश्वासमा परिणत गर्ने काम नतिजाले मात्र गर्छ। नतिजा उठ्ने माध्यम भनेको प्रशासनिक प्रणाली हो। राजनीतिक कार्यकारी राज्य इच्छाको निर्माण गरी त्यसलाई नतिजा (विकास, समृद्धि र सेवा प्रवाह) मा बदल्न प्रशासनिक प्रणालीलाई उपयोग गर्नुको विकल्प छैन। प्रशासनिक प्रणाली सद्गुणको संगम हो। त्यसलाई उपयोग गर्ने, अभिभावकत्व दिने र प्रणालीभित्र न्यायपूर्ण व्यवहार गर्ने काम राजनीतिक कार्यकारीले गर्नुपर्छ, जुन नेपालको प्रशासनमा प्रायः भएन। थोरै भएका काममा पनि आन्तरिक समर्थन र निरन्तरताको अभाव भयो। विज्ञताको उपयोग भएन, कम विज्ञलाई जिम्मेवारी दिइयो। जस्तो कि जीवनभर शिक्षा प्रशासनमा विज्ञता हासिल गरेकालाई सुरक्षा प्रशासनको नेतृत्व, सुरक्षा प्रशासनमा दख्खल राख्नेलाई शिक्षाको, खर्च व्यवस्थापन र सार्वजनिक वित्त व्यवस्थापनमा जानकारी नभएकालाई वित्त प्रशासनको जिम्मेवारीमा लगियो। यस अवस्थामा दोहोरो असर यसरी देखियो कि एउटा मन्त्रालयले विज्ञता नभएको मानिसको नेतृत्व पायो, अर्को मन्त्रालयले विज्ञता गुमायो। प्रशासनलाई जसरी उपयोग (दुरुपयोग ?) गर्दा पनि हुन्छ भन्ने सजिलो सोच राखियो। प्रशासनभित्र मौलाएको दलीय ट्रेड युनियनवाद र मन्त्री/राजनीतिक कार्यकारीको स्वकीय सचिवको मन्त्रालयमा रहने अनपेक्षित सक्रियताले प्रशासनिक प्रणाली भत्काउन पुग्यो। यसबाट राजनीतिक-प्रशासनिक सौदाबाजीको अभीष्ट त पूरा भयो तर प्रशासन र राजनीति दुवै मूल्य आदर्शबाट विषयान्तर भए। यस अवस्थामा संसद् र नागरिक समाजले गर्नुपर्ने पहरेदारी भएन। दुवैतिर राजनीतिको छाया पऱ्यो। परिणामतः अहिलेको अवस्थामा मुलुक पुगेको हो।

> राजनीतिक स्थिरता हुँदा, प्रकाण्ड बहुमतीय सरकार हुँदा प्रशासनलाई परिचालन गर्ने सोच सामर्थ्य नहुँदा स्थायी शासकको मनोविज्ञानमा रहेका प्रशासकले राजनीतिक उछाललाई आफूभित्र पचाइदिन्छन् र राजनीतिमाथि प्रशासन गर्न थाल्छन्।

राजनीतिक कार्यकारीले सुरुवाती दिनदेखि नै प्रशासनिक सम्मति लिने सुझबुझ राख्नुपर्छ। सरकार कर्मचारीतन्त्रप्रति अत्यधिक निर्भर रहेमा वा उसलाई उपेक्षा गरी काम गर्दा दुवै अवस्था सरकारको प्रभावकारिताका लागि हानिकारक हुन्छ। सुरुवाती दिनदेखि जनताले महसुस गर्ने गरी काम नगर्दा वा राम्रा काम ढिला गर्दा विगतमा झैं राजनीतिक उथलपुथलको झड्का प्रशासनभित्र पुग्दैन र आन्दोलनको कार्यसूची, टेक-न्याटिभको चाहना, सर्वसाधारणका आकांक्षा बिस्तारै 'बाई' हुन्छन्। यसरी एजेन्डा पाखा लाग्ने अवस्थाले सरकार र शासनको वैधतामाथि प्रश्न उठ्ने गर्छ। समूह भावनामा चल्नुपर्ने र सार्वजनिक सेवाका सिद्धान्तमा चल्नुपर्ने प्रशासन दलीय युनियनवादमा विभाजित हुँदा सेवा व्यवस्थापन र कर्मचारी प्रशासन प्रदूषित हुन्छ। परिवर्तनको अनभूति दिन यो प्रदूषण हटाउने साहस राख्नुपर्छ, त्यो पनि तत्काल। केही समयपछि त फेरि अर्को नाममा वा अनौपचारिक रूपमा नै अनुचर बनेर सरकारलाई नै बिटुलिदिने सम्भावना छ। तोकिएको जिम्मेवारीमा स्वयं जवाफदेही हुने र समयमा कार्यसम्पादन गर्ने प्रणाली चाहिन्छ। प्रशासनिक प्रणालीभित्र न्याय, निष्पक्षता र स्वायत्तताको भरपर्दो उदाहरण दिई विवेकशील कठोरता अपनाउनुपर्छ। जिम्मेवारी दिँदा उपयुक्त व्यक्ति परे मात्र राज्य नैतिक संस्था बन्ने हो। अब बजेट बन्ने समय पनि हो, यसले विगतका बजेट प्रणालीका विकृतिबाट माथि उठी ताजा सुरुवात गर्नुपर्छ। जसले वर्गीय, क्षेत्रीय, भौगोलिक सन्तुलन, विनियोजन न्याय, संगठित र व्यापक रूपमा भएको राजस्व चुहावटलाई नियन्त्रण गर्नुपर्छ। वर्तमान आर्थिक अवस्थाको श्वेतपत्र जारी गर्न पनि उपयुक्त हुन्छ, जसले विगतका विकृतिलाई बाहिर ल्याउँछ। साथै, प्रशासनिक कार्यको नागरिक विवेचना पद्धतिलाई आवधिक रूपमा अघि ल्याउन सकिन्छ। यी सबै कार्यका लागि प्रशासनिक संयन्त्रको अभिभावकीय नेतृत्व दिने सामर्थ्य राजनीतिक कार्यकारीमा हुनैपर्छ।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्)
@mainaligopi

---

३ प्रश्न

नेपाल औषधि उत्पादक संघ (एप्योन) का महासचिव **सन्तोष बराल**लाई



नेपालमा हुने वार्षिक औषधिको कारोबारमा स्वेदशमा उत्पादित औषधिको हिस्सा कति छ ?

हामीले उत्पादन गर्ने औषधिको बजार वार्षिक ६०-७० अर्ब हाराहारी देखिन्छ। नेपालमा उत्पादित र बाहिरबाट आउने औषधिको बजार वार्षिक एक खर्बबराबरको छ। मुख्यतः भ्याक्सिन तथा सर्जिकल सामग्रीचाहिँ बढी विदेशबाट आयात हुन्छ। हाल नेपालमा माग भइरहेको औषधिको ५० प्रतिशतभन्दा बढी हिस्सा नेपालमै उत्पादित औषधि कम्पनीले ओगटेका छन्।

नेपालमा औषधि उत्पादन, यसको बजारीकरण र बिक्री-वितरणमा नीतिगत समस्या के-के छन् ?

नेपालमा चाहिने औषधिको ठुलो हिस्सा नेपालकै औषधि उत्पादक उद्योगले ओगटे पनि हामीले नै उत्पादन गर्न सक्ने र उत्पादन गरिरहेका केही औषधि अझै पनि विदेशबाट आयात गरिन्छन्। यसमा 'कन्ट्याक्ट म्यानुफ्याक्चरिङ'को प्रणाली मात्र लागू गर्दा अन्य देशमा बनेर नेपाल आयात हुने औषधि नेपालमै बन्न सक्ने अवस्था हुन सक्छ।

हाल भ्याक्सिन तथा महँगा औषधि नेपालमा उत्पादन गर्न सकिएको छैन, यसको कारण के हो ?

कतिपय महँगा औषधि र भ्याक्सिन बढी विदेशबाट आयात गरिन्छन्। केही औषधि महँगो पर्नुको कारण त्यसको उत्पादन थोरै हुनु हो। जुन औषधि थोरै माग हुन्छ र थोरै मात्रामा उत्पादन हुन्छ, त्यसको मूल्य स्वाभाविकै रूपमा महँगो पर्छ। नेपालमा हाल कुनै पनि औषधि तयार पार्न करिब १८ देखि २० प्रकारका सामग्री आवश्यक पर्छन्। जसमा कच्चापदार्थ, प्याकिङ सामग्री, रासायनिक पदार्थलगायत वस्तु प्रयोग हुन्छन्। कुनै पनि औषधि बन्नेबित्तिकै तत्कालै बजारमा पठाउन मिल्दैन। हामीकहाँ भ्याक्सिन उत्पादन सम्भव छ, तर त्यो महँगो पर्छ। हाल सरकारले कतिपय भ्याक्सिन अनुदानमा ल्याएर आफ्ना नागरिकलाई दिइरहेको अवस्था छ।

प्रेरक प्रसंग

सातु र सपना

सोम शर्मा निकै गरिब थिए। उनी हरेक दिन टाढाटाढासम्म पुगेर भिक्षा मागेर निर्वाह चलाउँथे। भिक्षामा प्रायः सातु पाउँथे। उब्रिएको सातु अलिअलि गर्दै जोगाउँथे। उनले जोगाएको सातु एउटा माटाको हाँडीमा राखेर ओछ्यानको ठिक माथितिर झुन्ड्याएका थिए। सातुले हाँडी भरिँदै जाँदा उनी निकै खुसी थिए। एक दिन ओछ्यानमा पल्टिएर मनमनै सोच्न थाले- सातुले यो हाँडी भरिन लाग्यो। यसलाई जोगाएर राख्नुपऱ्यो। हिउँदमा अनिकाल पर्नेछ। त्यतिखेर यसलाई महँगो मूल्यमा बेच्नेछु। त्यसबाट आएको रकमले एउटा बोका र एउटा बाख्रा किन्नेछु। बाख्राबाट पाठापाठी जन्मेर खोर भरिनेछन्। तिनलाई बेचेर एउटा गाई किन्नेछु। गाईले धेरै दुध दिनेछ। दुध बेचेको पैसाले म एउटा भैंसी किन्नेछु।



गाई र भैंसीको दुधबाट आएको रकमले एउटा घर बनाउनेछु। धेरै सुन, हिरा र मोती किन्नेछु। सम्पत्तिको मालिक भएपछि मलाई आफ्नी छोरी दिन घरअघि लामो लाम लाग्नेछ। म तीमध्ये सबैभन्दा सुन्दर कन्या छानेर बिहे गर्नेछु। बुढीबाट एउटा सुन्दर छोरो जन्मिनेछ। छोराको नाम सोम शर्मा राख्नेछु। म पर्दाभित्र लुकेर छोराको बालक्रीडा हेर्नेछु। भखरै हिँड्न सिक्दै गरेको छोरो राम्ररी हिँड्न नजानेर लड्नेछ। त्यसपछि 'जाबो एउटा छोरो पनि सम्हाल्न सक्दिनस्' भनेर बुढीलाई जोडले कसेर लात हान्नेछु। उसले लात हानेको अभिनय गर्दै ओछ्यानबाट जोडले खुट्टा हावामा उठाउँदा सातु राखेको हाँडीमा लाग्यो र हाँडी चकनाचुर भई फुटेर सातुजति जम्मै उसको शिरदेखि पाउसम्म पोखियो। ऊ सातुले सेताम्ये भयो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सेवा-सुविधा त्याग्लान् ?

यसपटकको प्रतिनिधिसभा चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अभूतपूर्व मत हासिल गरेको छ। संसद् सदस्यमा युवाको उपस्थिति उल्लेख्य देखिन्छ। निर्वाचित नयाँ पुस्ता हेर्दा देशको रूपान्तरण हुनुपर्ने देखिन्छ। देश र जनताको अवस्थामा परिवर्तन गर्ने वाचा गरेर अहिले ठुलो संख्यामा रास्वपा नेताहरू प्रतिनिधिसभाका लागि निर्वाचित भएका छन्। रास्वपाले पार्टी बैठकबाटै आफ्ना प्रतिनिधिसभा सदस्यहरूले राष्ट्रको तर्फबाट लिने तलब, भत्ता र सेवासुविधा नलिने नर्णय पारित गरेमा ठुलो सन्देश प्रवाहित हुनेछ। तलब, भत्ता र सेवा आमजनताको हितमा लगाउन सकिन्छ। साथमा नयाँ नेता पुराना पुस्ताका नेताभन्दा फरक रहेको सन्देश पनि जान्छ।

● **हेमकुमार थापा**, भक्तपुर

सधैंको सुस्त गति

प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम नतिजा सार्वजनिक भई नयाँ सांसदको अन्तिम टुंगो लगभग लाग्ने वेला भयो। तर, जनप्रतिनिधि बस्ने ठाउँको अझै टुंगो लागेको छैन। पुरानो संसद् भवन जलेको र वर्षौंदेखि बनिरहेको संसद् भवनले अझै पूर्णता नपाउँदा अन्योल बढेको हो। खासमा २०७९ को आमनिर्वाचनबाट चुनिने सांसद नै नयाँ संसद् भवनमा बस्न पाउने भनिएको थियो। तर, निर्माण पूरा नभएपछि बानेश्वरकै भवनमा संसद् बस्न थाल्यो। निर्माण सकिनुपर्ने समयसीमा सकिँदा पनि नयाँ संसद् नबन्नुले नेपालको विकासको दयनीय सुस्त गतिमाथि प्रकाश पार्छ। आगामी सरकारले यस्तो प्रवृत्ति अन्त्य गर्ने प्रयास थाल्नुपर्छ।

● **रमा थपलिया**, रतनपुर, बारा

प्रतिवेदन सार्वजनिक गर !

गत भदौ २३ र २४ गतेको घटनाको जाँचबुझ गर्न गठन भएको गौरीबहादुर कार्की नेतृत्वको आयोगले महिनौं लगाएर तयार पारेको प्रतिवेदन सरकारलाई बुझाइसकेको छ। उता, प्रधानमन्त्री सुशीला कार्कीले प्रतिवेदन बुझेपछि मन्त्रिपरिषद्का केही सदस्यले प्रतिवेदनका विषयवस्तुबारे अध्ययन थालेको र त्यसपछि कारबाहीको प्रक्रियामा छलफल हुने बताएकी छिन्। यसबिच मिडियामा प्रतिवेदनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक र प्रहरी प्रमुखलाई कारबाही सिफारिस गरेको समचार आएका छन्। यसले अन्याल थपेको छ। सरकारले यस्तो अन्योल कम गर्न प्रतिवेदन सार्वजनिक गरी सबैले पढ्न सक्ने व्यवस्था गर्नुपऱ्यो।

● **पूर्णिमा घले**, काठमाडौं

बोल्दा विचार पुऱ्याउने कि नेताज्यू

अहिलेको निर्वाचनमा पुराना दलका नेता काम नगरी बढी बोलेका कारण जनताका नजरमा गिरेका हुन्। रास्वपाका नेता डिपी अर्यालले कतै त्यही मार्ग लिएका त होइनन् भन्ने डर बढेको छ। रास्वपाले अहिले पाएको जनमतमा बालेनको ठुलो भूमिका छ, त्यसको अपमान गऱ्यो भने नेपाली जनताले कहिल्यै माफी दिनेछैनन्। चुनावअघि बालेनसँग गरेको सम्झौताबारे थाहा नभएको भनेर तपाईंले विवाद निम्त्याउनुभयो। रवि लामिछानेको त्याग र सपर्मणलाई सम्मान गर्दै अहिले अधिकांश युवाको चाहना बालेन शाह प्रधानमन्त्री भएर देशको बागडोर सम्हालेको हेर्ने हो।

तपाईंहरू मात्रै चुनावमा जाँदा यसअघि २१ सिट आएको थियो। बालेनविना र रविको समर्पणविना अहिले आएकोजति अभूतपूर्व मत आउन कठिन थियो। यसैले खोला तऱ्यो, लौरो बिर्सियो जस्तो नगर्नौं। सस्तो लोकप्रियताका लागि मिडियामा मनलाग्दी नबोलौं। देशमा राजनीतिक अस्थिरताले दिक्क भएका जनताले तपाईंको पार्टीलाई केही गर्छ कि भनेर यति धेरै मत दिई विजयी गराएका छन्। यो विश्वासलाई नतोड्नुस्। उद्देश्य देश बनाउने हो भने विवादित कुरा गर्न नलाग्नुस्। काग्रेस र एमालेले जनताको धैर्यलाई कमजोरी सम्झिए। यसपटक निर्वाचनमा जनताले आफ्नो शक्ति प्रयोग गरेर तिनलाई पाखा लगाइदिएका छन्। कतै भोलि तपाईंको अवस्था पनि त्यस्तै नहोस्।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

अमेरिकासँगको सम्बन्धमा सचेत हुनुपर्छ भारत

अमेरिकी उपविदेशमन्त्री ल्यान्डाउको '२० वर्षअघि अमेरिकाले चीनसँग गरेको गल्ती भारतमा नदोहोऱ्याउने' भनाइले बहस सिर्जना गरेको छ



देश/विदेश

● आर जगन्नाथन

अमेरिकी उपविदेशमन्त्री क्रिस्टोफर ल्यान्डाउले भारत सम्बन्धमा गरेको एक टिप्पणीलाई अहिले धेरैले भारतसँगको साझेदारीमा अमेरिकाको दृष्टिकोणको खुलासाका रूपमा व्याख्या गरिरहेका छन्। 'रायसिना डायलग'को मार्च ५ मा भएको एक सेसनमा बोल्ने क्रममा लान्डाउले उक्त टिप्पणी गरेका थिए। सुरुमा भारतको सम्भावनाबारे बोल्दै यसको प्रशंसा गरेका लान्डाउले भारत र अमेरिकाबिचको साझेदारीले दुवैलाई फाइदा गर्ने भन्दै चर्चा गरे।

सम्बोधनको अन्त्यमा उनले भने, 'भारतले यो कुरा बुझ्नुपर्छ कि हामीले २० वर्षपहिले चीनसँग जे गल्ती गरेको थियौं, त्यही गल्ती भारतको हकमा दोहोऱ्याउनेछैनौं। तपाईंहरूलाई विकास गर्न दिँदा व्यापारिक क्षेत्रमा तपाईंहरूले हामीलाई नै पछाडि छोड्नुहुँदो रहेछ। हामी अब हाम्रा जनताको भलाइ हुने सुनिश्चित गरेर मात्र काम गर्नेछौं। किनभने, जसरी भारत सरकार आफ्ना जनताप्रति जवाफदेही हुनुपर्छ, त्यसैले हामी पनि अमेरिकी जनताप्रति जवाफदेही हुनुपर्ने हुन्छ।'

अहिले भारतमा ल्यान्डाउको भनाइको विभिन्न अर्थ लगाइँदै छ। उनको भनाइको अर्थ गम्भीर छ। कतै यसको अर्थ अमेरिकाले भारतलाई आफ्नो प्रतिस्पर्धी बन्ने अवस्थामा पुग्न असहयोग गर्ने मात्र होइन, सम्भव भएसम्म विश्वव्यापी रूपमा कमजोर पार्ने प्रयास पनि गर्नेछ भन्ने त थिएन ? उसो त ट्रम्पको आगमनयता भारतले मौन रूपमा अमेरिकालाई 'मित्र-शत्रु' स्विकार्न थालेको छ। अर्थात्, केही क्षेत्रमा वासिंटन भारतको सहयोगी देखिन्छ भने अरूमा अवरोधक।

उसो त भारतको उदयप्रति अमेरिका र चीन दुवैको अघोषित चासो छ। यस सम्बन्धमा इतिहास पनि हेर्नलायक छ। सन् १९७१ मा तत्कालीन अमेरिकी विदेशमन्त्री हेनरी किसिन्जरको चीन भ्रमणपछि अमेरिकाले सोभियत संघसँग प्रतिस्पर्धा गर्न चीनलाई अघि सार्ने निर्णय गऱ्यो। माओको युग समाप्त भएपछि चीनले देङ सियाओपिङको नेतृत्वमा सुधारहरू लागू गर्दा अमेरिकाको समर्थनको फाइदा उठाएको थियो। आन्तरिक सुधार लागू गरेर चीनले आफ्नो मरणासन्न नियन्त्रित अर्थतन्त्रलाई बजार-आधारित अर्थतन्त्रमा रूपान्तरण गऱ्यो।

देङको सुधारपछि धेरै पश्चिमी कम्पनीले आफ्नो आपूर्ति शृंखला चीनमा स्थानान्तरण गर्न थाले। जसले गर्दा ती कम्पनीको उत्पादन लागत घट्यो। यसले निःसन्देह चीनलाई विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्न सशक्त बनायो। यस अवधिमा अमेरिकाले गोप्य रूपमा चीनसँग अनुकूल हुने नीति अपनाएको थियो, त्यसै नीतिअनुरूप चीन विश्व व्यापार संगठनको सदस्य बन्यो। साथै अमेरिकाकै सदासयताका कारण संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्मा ताइबानले प्रतिनिधित्व गर्दै आएको स्थान चीनको हातमा गयो। चीनले यसबिच आन्तरिक सुधार द्रुत रूपमा कार्यान्वयन गर्दै अभूतपूर्व आर्थिक वृद्धि हासिल गऱ्यो।

अमेरिकाले अप्रत्यक्ष रूपमा चीनको उदयलाई सहयोग गरेको दाबीका पछाडि पक्कै पनि सत्यता छ। तर, फेरि उत्तिकै सत्य अमेरिकाले दोस्रो विश्वयुद्धपछि युरोपको उदयमा पनि उस्तै मद्दत गरेको थियो। त्यस्तै, दक्षिण कोरिया, हङकङ (चीनलाई फर्काइनुअघि), थाइल्यान्ड, इन्डोनेसिया, मलेसिया, सिंगापुर, ताइबान, फिलिपिन्स आदिले पनि अमेरिकी सहयोग पाए। तर, फेरि ती देशलाई अमेरिकाले गरेको सहयोग केवल उदारताका कारण थिएन।



बाह्य देशलाई सघाउने अमेरिकी नीतिले अमेरिकी उपभोक्तालाई सस्तो मूल्यमा उत्तम उत्पादनमाथि पहुँच सुनिश्चित गर्दै त्यहाँ मुद्रास्फीतिी नियन्त्रण राख्न सघायो। साथै यस नीतिले अमेरिकालाई आफ्नो मुद्रा (डलर)लाई विश्वव्यापी मानक मुद्रा बनाउने विशेषाधिकार पनि प्रदान गऱ्यो।

भारतको विश्व-प्रसिद्ध सफ्टवेयर सेवाहरू र औषधि उद्योगका लागि अमेरिकी 'समर्थन'पनि यही सन्दर्भमा बुझ्नुपर्छ। यसले उच्चस्तरीय रोजगारी सिर्जना गर्ने दिशामा भारतलाई महत्त्वपूर्ण फाइदा पुगेको छ। तर, यस सहकार्यको फाइदा अमेरिकी कम्पनीलाई पनि पुगेको छ। भारतमा 'ग्लोबल क्यापेबिलिटी सेन्टर'हरूको स्थापना गरेर अमेरिकी कम्पनीहरू प्राविधिक शक्ति बढाउन सक्षम भएका छन्। भारतीय जेनेरिक औषधिको प्रयोगले अमेरिकाको महँगो स्वास्थ्य सेवा घटाउन सघाएको छ।

त्यस्तोमा अमेरिकाले भारतलाई आफ्नै खेलमा आफूलाई हराउन नदिन यी बजार विकास गर्न मद्दत नगर्ने भन्ने ल्यान्डाउको भनाइ बेतुकको छ। वास्तवमा यसको अर्को पक्ष पनि छ। जस्तो- श्रमआधारित सफ्टवेयर सेवा निर्यातमा अमेरिकी बजारमाथिको अत्यधिक निर्भरताले गर्दा भारतले आफ्नै उत्पादन र प्लेटफर्म विकासको आवश्यकता बेवास्ता गर्दै आएका छन्। वास्तवमा अमेरिकाले भारतलाई प्रविधिमा आंशिक दास बनाएको छ।

ल्यान्डाउको भनाइको वास्तविक अर्थ उनको नियतमा निहित छ। चीनको कथित उदयका लागि गरेकोजस्तो सहयोग भारतलाई नगर्ने भनाइ खासमा भविष्यमा भारतको उदयमा अमेरिकाले पुऱ्याउन सक्ने अवरोधतर्फ इंगित गर्छ। अहिले नै भारतका छिमेकमा सिर्जना भइरहेको अस्थिरता र ट्रम्प प्रशासनले रुसी तेल खरिद गरेकै कारण भारतमाथि लगाएको शुल्कले त्यस्तै प्रयासको अंश हुन सक्छ। भारतको उदयमा अमेरिकाले पुऱ्याउन सक्ने अवरोधका प्रयासप्रति भारत सचेत हुनुपर्छ। यो उद्देश्य हासिल गर्न अमेरिकाले भारतभित्रको आन्तरिक असन्तुष्टि र ध्रुवीकरणलाई बढावा दिन सक्छ। यस्तोमा भारतले अमेरिकाले गर्ने सहयोगको निर्दोषतामा विश्वास गर्न हुँदैन।

जगन्नाथन स्वराज्यको सम्पादकीय निर्देशक हुन्।
द प्रिन्टबाट

चिलीमा गर्भपतनविरोधी राष्ट्रपतिको आगमनले महिला अधिकार खतरामा पर्ने चिन्ता

बुधबार पदभार ग्रहण गर्न लागेका चिलीका नवनिर्वाचित राष्ट्रपतिलाई पिनोचेको तानाशाही शासनपछि सबैभन्दा रुढिवादी राष्ट्रपति भनिँदै छ। ६० वर्षीय जोसे एन्टोनियो कास्टका पिता कुनै समय नाजी पार्टीका सदस्य थिए। उनले तीन दशक लामो आफ्नो राजनीतिक करिअरमा प्रायः महिला अधिकार र समता पक्षधर प्रगतिशील आवाजविरुद्ध मत राख्दै आएका छन्। सांसद सदस्यको रूपमा कास्टले सन् २००४ मा सम्बन्धविच्छेदलाई कानुनी वैधानिकता दिने कानुनविरुद्ध मतदान गरेका थिए। जबकि, त्यतिबेला त्यस्तो कानुन ल्याउन चिली विश्वको अन्तिम देशमध्ये एक थियो।

त्यस्तै, सन् २०१७ मा सर्तसहित गर्भपतनलाई वैधानिकता दिने कानुनको पनि उनले कडा विरोध गरेका थिए। उसो त इसाईको क्याथोलिक धर्मले गर्भपतन र सम्बन्धविच्छेदको विरोध गर्छ र चिली एक क्याथोलिक बहुल देश हो। क्याथोलिक राष्ट्रवाद राजनीति गर्ने बताउने कास्ट गर्भपतनमाथि फेरि पूर्ण प्रतिबन्ध लगाउनुपर्ने र गर्भनिरोधक चक्की प्रयोग गर्न पनि अभिभावकको सहमति आवश्यक पर्नेमा जोड दिने गर्छन्। यो सबले चिलीमा महिला अधिकारकर्मीलाई चिन्तित बनाएको छ।

चिलीले सन् १९३० को दशकदेखि नै गर्भपतनलाई अनुमति दिएको थियो। तर, जनरल अगस्टो पिनोचेले सन् १९८९ मा आफ्नो अन्तिम आदेशमार्फत गर्भपतनमा पूर्ण प्रतिबन्ध लगाए। पिनोचेका उग्र समर्थक कास्टले समाज र पितृसत्तात्मक पारिवारिक व्यवस्थाअन्तर्गतका पुरातन मूल्यलाई समर्थन गर्छन्। तर, सन् २०१० को दशकदेखि ल्याटिन अमेरिकाभरि उठेको नारीवादी र समलिंगी अधिकार आन्दोलनले भने यी प्रतिगामी विचारलाई बलियो धक्का दिँदै आएका छन्। यसै लहरको बलमा अर्जेन्टिना, कोलम्बिया र मेक्सिकोका केही राज्यमा निःशुल्क गर्भपतन अधिकार सफलतापूर्वक कार्यान्वयनमा आएको छ।

कास्टले महिला तथा लैंगिक समानता मन्त्रीको रूपमा ३० वर्षीया धर्मप्रचारक जुडिथ मारिनलाई नियुक्ति गरेका छन्, जो कास्टका कट्टर अडानकी समर्थक हुन्। गर्भपतनविरोधी अभियन्ता मारिनले सन् २०१७ मा गर्भपतनलाई अपराधमुक्त गर्ने विषयमा सिनेटमा भएको छलफलमा अवरोध पुऱ्याउँदा प्रहरीले जबर्जस्ती निकालेको थियो। 'कुनै समय यो विचार राख्नेलाई किनाराकृत समूह भनिन्थ्यो। अहिले त्यही विचार राख्ने सत्तामा पुगेका छन्,' चिली विश्वविद्यालयमा जनस्वास्थ्य विषयकी सहायक प्राध्यापक एन्ड्रिया अल्भारेज क्यारिमोनीले भनिन्। कास्ट रिपब्लिकन पार्टीका संस्थापक सदस्य हुन्, जसका सदस्यले वर्तमान गर्भपतन कानुन खारेज गर्ने योजना घोषणा गरेका थिए। जबकि, सन् २०२३ लागू भएको वर्तमान गर्भपतन कानुन आफैंमा त्यति उदार होइन। यसले आमाको जीवन खतरामा परेको खण्डमा वा गर्भ खतरामा भए वा बलात्कार घटनामा मात्र गर्भपतनलाई मान्यता दिन्छ।

कास्टले आफ्नो राष्ट्रपतिको चुनावी अभियान मुख्यतः आप्रवासन र सुरक्षाका मुद्दामा केन्द्रित गरेका थिए। तथापि, उनले गर्भपतन सम्बन्धमा आफ्नो अडान परिवर्तन नभएको बताएका छन्। 'तिनले गर्भपतनको पहुँचलाई धेरै जटिल बनाउन सक्छन्,' एन्ड्रिया अल्भारेजको ठम्याइ छ। वर्तमान गर्भपतन कानुन पूरै खारेज गर्न नसके पनि सरकारले त्यस कानुनमा उल्लेख तीन कानुनी अपवाद परिमार्जन गरी पहुँच रोक्न सक्ने उनले बताइन्। सन् २००७ मा तीन अपवाद खण्ड लागू भएदेखि लगभग सात हजार कानुनी गर्भपतन भएको सरकारी तथ्यांकले देखाउँछ। तर, अध्ययनले भने चिलीमा प्रत्येक वर्ष एक लाखभन्दा बढी गर्भपतन हुने प्रक्षेपण गर्छ।



सन् २००४ मा सम्बन्धविच्छेदलाई वैधानिक बनाउने कानुनविरुद्ध मतदान गर्ने जोसे एन्टोनियो कास्टले गर्भपतनमाथि पूर्ण प्रतिबन्ध लगाउनुपर्नेमा जोड दिने गरेका छन्।

खासमा नारीवादी आन्दोलनकै क्रममा लाखौं महिलालाई सडकमा ल्याएपछि पिनोचेकालीन संविधान पुनर्लेखन गर्ने सन् २०२२ को प्रयासमा बल पुगेको थियो। संविधानको नयाँ मस्यौदाले सार्वजनिक संस्थामा महिलाका लागि समान सहभागिता कोटासँगै गर्भपतनलाई संवैधानिक अधिकारको रूपमा समावेश गरेको थियो। तर, ती प्रावधान अनावश्यक रूपमा जटिल र दूरगामी भएको भन्दै आलोचना गरियो। जनताले यसको विरुद्धमा जोडदार रूपमा मतदान गरे। संविधान पुनर्लेखनको दोस्रो प्रयासमा सन् २०२३ मा कास्टको रिपब्लिकन पार्टीले नेतृत्व गरेको थियो, जुन स्पष्ट पक्षपातपूर्ण पूर्वाग्रहको कारणले असफल भयो।

आफूलाई 'नारीवादी' भनेर चिनाउने निवर्तमान गेब्रियल बोरिकको सरकारको कार्यसम्पादनले पनि कार्यकर्तामा विभाजन निम्त्याउन सघायो। केहीले सन् २०२५ मा मात्र कंग्रेसमा प्रवेश गरेको निःशुल्क गर्भपतन विधेयकको प्रस्तुतिमा ढिलाइ गरेकोमा सरकारको आलोचना गरेका छन्। 'राष्ट्रपति बोरिकले चुनावमा प्रजनन अधिकार र यससम्बन्धी निर्णय गर्ने नारी स्वायत्तताको कुरा पनि उठाएका थिए। तर, त्यससम्बन्धी विधेयक भने कार्यालको अन्तिमतिर धेरै ढिलो गरी मात्र संसदमा ल्याइयो। यसले बहसलाई पर्याप्त अगाडि बढाउन सयम नै भएन,' चिलीको सबैभन्दा ठुलो नारीवादी संगठनमध्ये एक 'कोर्डिनेडोरा फेमिनिस्टा ८एम'की प्रवक्ता भेस्ना मदारियागाले भनिन्।

निवर्तमान महिला तथा लैंगिकमन्त्री एन्टोनिया ओरेलानाले आफ्नो सरकारको कार्यको बचाउ गर्दै यसको प्राथमिकता तीन अपवाद नियमअन्तर्गत गर्भपतन आवश्यक पर्नेहरूको अवस्था सुधार गर्नुमा केन्द्रित रहेको बताइन्। यसमा स्वास्थ्यकर्मीले पालना गर्नुपर्ने नियम र गर्भपतन अधिकार उल्लंघन गर्ने कुनै पनि चिकित्साकर्मी वा संस्थालाई जरिवाना गर्ने व्यवस्था गरिएको उनले बताइन्। आफूहरूसँग १४ हप्तासम्मको गर्भपतन गर्न पाउने व्यापक गर्भपतनसम्बन्धी विधेयक पास गर्न आवश्यक बहुमतको अभाव रहेको बताउँदै आरेलानाले भनिन्, 'संसद्मा अल्पसंख्यक भएपछि कसरी अगाडि बढ्न सकिन्छ र ?'

हालैका निराशाकाबिच आइतबार अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा भएको ऱ्यालीमा देशभर अनुमानित पाँच लाख महिला सडकमा उत्रिए। यसले चिलीमा अझै नारीवादी आन्दोलनको शक्ति रहेको देखायो। ऱ्याली आयोजनामा गर्भपतन समर्थक सञ्जाल 'कोन लास अभिगास वाई एन ला कासा'को उल्लेख्य भूमिका रह्यो। देशभर सञ्जाल रहेको यस समूहले अवाञ्छित गर्भधारणको सामना गर्नेका लागि औषधिको सुरक्षित प्रयोगबारे जानकारी दिन्छ। गर्भपतनविरोधी अभियानकर्ताले बारम्बार सामाजिक सञ्जालको पहुँच रोके पनि इन्स्टाग्राममा समूहका लगभग एक लाख ७० हजार फलोअर्स छन्। 'अवरोधबिच पनि महिलाहरूले अहिले पनि गर्भपतन गरिरहेका छन्। भोलि पनि गर्नेछन्। कुनै पनि दक्षिणपन्थी सरकारले त्यसलाई रोक्न सक्नेछैन,' नाम नबताउने सर्तमा एक सदस्यले भनिन्, 'कास्ट धेरै खतरनाक छन्। तर, हामीलाई थाहा छ कि चिलीका महिला झन् बलिया र व्यवस्थित छन्। हामीलाई अगाडि बढ्न कसैले रोक्नेछैन।'

द गार्जियनबाट

इतिहासमा आज

मार्च ११



सन् १९८५ : कोन्स्ट्यानटिन चेर्नेन्कोको मृत्युपछि ५४ वर्षीय मिखाइल गोर्बाचेभ सोभियत संघको सत्तारुढ कम्युनिस्ट पार्टीका महासचिव चुनिए। उनले सोभियत समाज र अर्थतन्त्रमा ठुलो उथलपुथल ल्याउन ल्याएको 'पेरेस्ट्रोइका (पुनर्संरचना)' र 'ग्लास्नोस्ट (खुलापन)' नीतिले अन्ततः सोभियत संघकै विघटनमा योगदान गरेको आरोप लाग्छ।

सन् १६६९ : सिसिली (इटाली)मा अवस्थित माउन्ट इट्नामा रेकर्ड राख्ने थालिएयताकै सबैभन्दा ठुलो ज्वालामुखी विस्फोट हुँदा १५ हजारदेखि २० हजार मारिए।

सन् १७०२ : पहिलो नियमित छापिने अंग्रेजी पत्रिका 'डेली कुऱ्यान्ट'को यसै दिनदेखि लन्डनबाट प्रकाशन सुरु भयो।

सन् १७७९ : अमेरिकी सेनाभित्रको इन्जिनियरहरूको समूह 'युएस आर्मी कोर्प्स अफ इन्जिनियर' यसै दिन पहिलोपटक गठन भयो।

सन् १७८९ : बेन्जामिन बेनेकर र प्रियरे चाल्स एल' एनफान्टिनोले अमेरिकाको नवघोषित राजधानी वासिंटन डिसीमा बस्ती बसाउन अन्वेषण सुरु गरे।

सन् १८१० : महारानी जोसेफाइनबाट कुनै सन्तान नभएको भन्दै उत्तराधिकारीकै लागि भनेर सम्राट् नेपोलियन बोनापार्टको यसै दिन अस्ट्रियाकी १८ वर्षीय म्यारी लुईसँग विवाह भयो।

सन् १८६१ : संयुक्त राज्य अमेरिकाबाट अलग भएको 'कन्फडरेट स्टेट्स अफ अमेरिका'का प्रतिनिधिले मोन्ट्गोमेरी भेलाबाट नयाँ संविधान अंगिकार गरे।

सन् १८७२ : जापानको मेइजी सरकारले च्युक्यु अधिराज्यलाई जापानमा गाभेसँगै ओकिनावा जापानको हिस्सा बन्यो।

सन् १९९० : लिथुआनियाको संसद्ले सोभियत संघबाट अलग भएर स्वतन्त्र भएको घोषणा गऱ्यो।

सन् २०११ : जापानको सेन्दाईबाट १३० किमि पूर्व समुद्रमा केन्द्रबिन्दु बनाएर आएको नौ रेक्टर स्केलको भूकम्प र त्यसले निम्त्याएको सुनामीले ठुलो क्षति पुऱ्यायो। झन्डै १८ हजार मारिए भने फुकुसिमा दाइची आणविक केन्द्रमा असर गर्दा आणविक विकिरण चुहियो।

सन् २०२५ : 'इन्टरनेसनल क्रिमिनल कोर्ट'को वारेन्टमा फिलिपिन्सका पूर्वराष्ट्रपति रोद्रिगो दुतेर्ते मनिलामा पक्राउ परे।

सन् २०२५ : डा. एडवर्ड अस्टोन नेतृत्वको वैज्ञानिक टोलीले शनि ग्रहका १२८ नयाँ उपग्रह पत्ता लागेको समाचार बाहिर ल्याए। यससँग सो ग्रहको उपग्रहको संख्या २७४ पुगेको छ।

इजरायलले लेबनानमा गैरकानुनी रूपमा सेतो फस्फोरस प्रयोग गऱ्यो : ह्युमन राइट्स वाच

न्युयोर्क/ ह्युमन राइट्स वाचले यो महिनाको सुरुमा दक्षिणी लेबनानको आवासीय क्षेत्रमा इजरायलले सेतो फस्फोरस प्रयोग गरेको प्रमाण फेला परेको बताएको छ। न्युयोर्कमा मुख्यालय रहेको सो अधिकार समूहले सोमबार एक रिपोर्ट सार्वजनिक गर्दै सेतो फस्फोरसको प्रयोग अन्तर्राष्ट्रिय मानवीय कानुनविपरीत भएको बताएको छ।

मार्च ३ मा दक्षिणी लेबनानको 'योहमोर'का आवासीय क्षेत्रमा गरिएको आक्रमणसम्बन्धी सात तस्बिरको अध्ययनले त्यहाँ सेतो फस्फोरस हतियार प्रहार गरिएको पुष्टि भएको ह्युमन राइट्स वाचले बताएको हो। आक्रमणपछि त्यस भेगका कम्तीमा दुई घरमा आगो लागेको थियो।

'इजरायली सेनाले आवासीय क्षेत्रमा सेतो फस्फोरसको गैरकानुनी प्रयोग गर्नु अत्यन्तै चिन्ताजनक कुरा हो। यसले आमनागरिकलाई गम्भीर असर गर्छ। सेतो फस्फोरसको आगजनी प्रभावले मृत्यु वा गम्भीर चोटपटक लाग्न सक्छ, जसले जीवनभर पीडा दिन सक्छ,' ह्युमन राइट्स वाचका लेबनानी अनुसन्धानकर्ता रम्जी कैसले भने।

सेतो फस्फोरसको प्रयोगले युद्धका बेला आमनागरिकमाथि हानि नपुऱ्याउन आवश्यक सबै सावधानी अपनाउनुपर्ने अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लंघन हुन्छ। फस्फोरस खुला हावामा हुने अक्सिजनको सम्पर्कमा आउँदा प्रज्ज्वलित हुन्छ, छेउछाउका घर, कृषि क्षेत्र र मानिसकै शरीर ह् वार्र बल्न थाल्छ।

ह्युमन राइट्स वाचले मार्च ३ मा लेबनानी मिडियामा आएका तस्बिरलाई प्रमाणीकरण गर्दै ती तस्बिर खिचिएको भौगोलिक स्थान निर्धारण गऱ्यो। त्यसपछि तिनले त्यस दिन योहमोर क्षेत्रमा कम्तीमा दुईपटक फस्फोरस बोक्ने उपकरण आवासीय क्षेत्रमा आकाशमा विस्फोट भएको पुष्टि गऱ्यो।

ह्युमन राइट्स वाचले यो अध्ययनपछि इजरायलका प्रमुख सहयोगी संयुक्त राज्य अमेरिका, बेलायत र जर्मनीसँग इजरायललाई सैन्य सामग्री बिक्री रोक्न र गम्भीर अपराधमा संलग्न अधिकारीमाथि प्रतिबन्ध लगाउन आग्रह गरेको छ।

कुमारी बैक लिमिटेडको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/११/२७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात **मिति २०८२ चैत १२ गते विहीबारका** दिन शाखा कार्यालय धनगढीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

धनगढी, कैलाली

१. क. ऋणीहरूको विवरण

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलालीमा मिति २०७१/०६/१२ मा प्रा.फ.नं. ७६५२/१३२ कायम भई दर्ता रहेको कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **शैलेश्वरी ईंटा उद्योग**।
प्रोप्राईटर विवरण:
गणेश वहादुर देउवा
ना.प्र.नं.- ८२१/२४
जारी मिति- २०३९/०४/०५, जि.प्र.का., काठमाडौं
बाबु- धन वहादुर देउवा
बाजे- मोहन सिंह देउवा
स्थायी ठेगाना- डोटी जिल्ला, गड्सेरा गा.वि.स., वडा नं. ०३
हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा, वडा नं ०५

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **प्रभा स्वार (देउवा)**
ना.प्र.नं.- १४१२६ (बाँके)
जारी मिति- २०३५/१०/०१, जि.प्र.का. कैलाली
बाबु- टेक बहादुर स्वार
बाजे- जगत बहादुर स्वार
स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५
हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५
२. **प्रज्वल देउवा**
ना.प्र.नं.- ६५८०७
जारी मिति- २०६२/०५/२६, जि.प्र.का. कैलाली
बाबु- गणेश वहादुर देउवा
बाजे- धन वहादुर देउवा
स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५
हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५

ख. ऋणीहरूको विवरण

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय धनगढी, कैलालीमा मिति २०७२/०४/०१ मा प्रा.फ.नं. २०८८४/०७२/७३ कायम भई दर्ता रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा/न.पा वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **प्रभा कोल सप्लायर्स**।
प्रोप्राईटर विवरण:
प्रज्वल देउवा
ना.प्र.नं.- ६५८०७
जारी मिति- २०६२/०५/२६, जि.प्र.का. कैलाली
बाबु- गणेश वहादुर देउवा
बाजे- धन वहादुर देउवा
स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५
हालको ठेगाना- ऐ.ऐ

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **गणेश वहादुर देउवा**
ना.प्र.नं.- ८२१/२४
जारी मिति- २०३९/०४/०५, जि.प्र.का., काठमाडौं
बाबु- धन वहादुर देउवा
बाजे- मोहन सिंह देउवा
स्थायी ठेगाना- डोटी जिल्ला, गड्सेरा गा.वि.स., वडा नं. ०३
हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा, वडा नं ०५
२. **प्रभा स्वार (देउवा)**
ना.प्र.नं.- १४१२६ (बाँके)
जारी मिति- २०३५/१०/०१, जि.प्र.का. कैलाली
बाबु- टेक बहादुर स्वार
बाजे- जगत बहादुर स्वार
स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५
हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५

ग. ऋणीहरूको विवरण

१. निजी व्यवसाय ऐन, २०७६ बमोजिम, सुदुरपश्चिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलालीमा मिति २०८१/०९/१७ मा प्रा.फ.द.प्र.प.नं. २०४८१-८-२०८१/८२ कायम भई दर्ता रहेको कैलाली जिल्ला, कैलारी गा.पा वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **प्रभा कृषि तथा पशुपालन फर्म**।
प्रोप्राईटर विवरण:
प्रभा स्वार (देउवा)
ना.प्र.नं.- १४१२६ (बाँके)
जारी मिति- २०३५/१०/०१, जि.प्र.का. कैलाली
बाबु- टेक बहादुर स्वार
बाजे- जगत बहादुर स्वार
स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५
हालको ठेगाना- ऐ.ऐ

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **गणेश वहादुर देउवा**
ना.प्र.नं.- ८२१/२४
जारी मिति- २०३९/०४/०५, जि.प्र.का., काठमाडौं
बाबु- धन वहादुर देउवा
बाजे- मोहन सिंह देउवा
स्थायी ठेगाना- डोटी जिल्ला, गड्सेरा गा.वि.स., वडा नं. ०३
हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा, वडा नं ०५
२. **प्रज्वल देउवा**
ना.प्र.नं.- ६५८०७
जारी मिति- २०६२/०५/२६, जि.प्र.का. कैलाली
बाबु- गणेश वहादुर देउवा
बाजे- धन वहादुर देउवा
स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५
हालको ठेगाना- ऐ.ऐ

धितो सुरक्षणको विवरण

१. **गणेश वहादुर देउवा**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा न.०६ स्थित कित्ता नं.२३३ को क्षेत्रफल १५,२३०.० (व.मी) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. **प्रभा स्वार (देउवा)** को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा न.०६ स्थित कित्ता नं.४४५ को क्षेत्रफल ९,०४४.० (व.मी) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
४. धनी कुमारी बैंक लि.(सांविक नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.) र ऋणी **शैलेश्वरी ईंटा उद्योग** कायम भई सुदुर पश्चिम प्रदेश यातायात व्यवस्था कार्यालय कैलालीमा दर्ता कायम रहेको तपसिलको सवारी साधन :

ईन्जिन नं.	च्यासिस नं.	सवारी दर्ता नं.	मोडुल
12C63863241	MAT388116M2R04231	सु.प्र. ०१-००१ क २०१०	MCV Tipper
12C63862374	MAT388116M2R04415	सु.प्र. ०१-००१ क २०११	MCV Tipper

२. ऋणीको विवरण

१. **होम बहादुर गुरुङ्ग**
ना.प्र.नं.- ३७८/२४२
जारी मिति - २०३९/०८/०९
जि.प्र.का. कैलाली
बाबु - धन बहादुर गुरुङ्ग
बाजे - सिंह बहादुर गुरुङ्ग
पत्नी - शान्ती थापा
स्थायी ठेगाना- कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा नं.०५
हालको ठेगाना- कैलाली जिल्ला, कैलारी गाँ.पा. वडा नं.०३

धितो सुरक्षणको विवरण

१. **होम बहादुर गुरुङ्ग** को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा नं. ०५ स्थित कित्ता नं. २७६ र २७७ को क्षेत्रफल क्रमशः ३३८.६३ र १,८४२.९० (व.मि.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. धनी कुमारी बैंक लि. (सांविक एन.सि.सि. बैंक लि.) र ऋणी **होम बहादुर गुरुङ्ग** को नाममा यातायात व्यवस्था कार्यालय सेती, धनगढी, कैलालीमा दर्ता कायम रहेको ईन्जिन नं. E613CDJM257894, च्यासिस नं. MC2K7ERC0KA064478 सवारी नं. सु.प्र.प्र.०१ ००१ ख २६०६ को Tipper थान १।
३. धनी कुमारी बैंक लि. (सांविक एन.सि.सि. बैंक लि.) र ऋणी **होम बहादुर गुरुङ्ग** को नाममा यातायात व्यवस्था कार्यालय सेती, धनगढी, कैलालीमा दर्ता कायम रहेको ईन्जिन नं. E613CDJM257882, च्यासिस नं. MC2K7ERC0KA064473 सवारी नं. सु.प.प्र.०१ ००१ ख २६०७ को Tipper थान १।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **शान्ती थापा**
ना.प्र.नं.- ५९०६०६३७
जारी मिति - २०३९/०५/२८
जि.प्र.का. कैलाली
बाबु - रण बहादुर थापा
बाजे -नयन सिंह थापा
पति - होम बहादुर गुरुङ्ग
स्थायी ठेगाना- कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं.०७
हालको ठेगाना- कैलाली जिल्ला, कैलारी गाँ.पा. वडा नं.०३

२. **सुशाङ्क गुरुङ्ग**
ना.प्र.नं.- ५६७७२
जारी मिति - २०६०/१०/०५
जि.प्र.का. कैलाली
बाबु - होम बहादुर गुरुङ्ग
बाजे - धन बहादुर गुरुङ्ग
स्थायी ठेगाना- कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा नं.०५
हालको ठेगाना- कैलाली जिल्ला, कैलारी गाँ.पा. वडा नं.०३

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ चैत ११ गते** भित्र बैंकको शाखा कार्यालय धनगढीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय धनगढीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (न्यायम ँयच एवफभलत) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ चैत १२ गते १२:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय धनगढीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय धनगढीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८२ चैत १२ गते विहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय धनगढी फोन नं. ०९१-५२६०३६

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २७ फागुन ०८२

एनआरएनए अधिवेशन नसर्ने

१४-१६ मार्चमा काठमाडौंमा हुने अधिवेशनमा अनलाइन मनोनयनको व्यवस्था, चार हजार प्रतिनिधि आउँदै, उद्घाटन राष्ट्रपतिबाट र समापन प्रधानमन्त्रीले गर्ने तय

नयाँ पत्रिका

गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२औँ महाधिवेशन नसर्ने भएको छ। मध्यपूर्वमा जारी तनावकैबिच एनआरएनए अधिवेशन आगामी १४ देखि १६ मार्चसम्म काठमाडौंमा हुने भएको छ। कतिपय पदाधिकारी तथा आसन्न निर्वाचनका प्रतिस्पर्धीले महाधिवेशन सार्नुपर्ने आवाज उठाएका थिए। तर, आवश्यक तयारी भइसकेका कारण निर्वाचन नसर्ने भएको एनआरएनएका अधिकारीहरूले बताएका छन्।

एनआरएनएका अध्यक्ष डा. बद्री केसीले अधिवेशन तोकिएकै मितिमा हुने बताए। 'अधिवेशनको तयारी अन्तिम अवस्थामा पुगेको छ, अब चुनाव सर्दैन, तोकिएकै मितिमा हुन्छ,' उनले भने, 'उद्घाटन, छलफल, बन्दसत्र तथा समापनसम्मका सबै कार्यक्रम तय भइसकेका छन्।' सुरुमा २३ देखि २५ फेब्रुअरीसम्मका लागि तय भएको एनआरएनए महाधिवेशन एक महिना पर धकेलिएको थियो। एनआरएनएको बृहत् एकतापश्चात् गठित स्टेरिङ कमिटीको २ माघको बैठकले अधिवेशन १४ देखि १६ मार्चसम्म गर्ने निर्णय गरेको थियो। काठमाडौंस्थित सोल्टी होटेलमा गरिने तय भएको अधिवेशनका लागि निर्वाचन समितिले प्रारम्भिक मतदाता नामावली तथा निर्वाचन कार्यतालिकासमेत सार्वजनिक गरिसकेको छ। अहिले एनआरएनएहरू काठमाडौंमा आउन थालिसकेका छन्।

यसैबिच परराष्ट्र मन्त्रालयको आयोजनामा एनआरएनए अधिवेशनका विषयमा मंगलबार उच्चस्तरीय बैठक गरिएको छ। काठमाडौंमा भएको बैठकमा परराष्ट्रमन्त्री बलानन्द शर्मा, एनआरएनएका अध्यक्षद्वय डा. बद्री केसी र महेशकुमार श्रेष्ठलगायत व्यक्ति तथा सरोकारवाला निकायका प्रतिनिधिको उपस्थिति रहेको थियो।

बैठकमा आगामी १२औँ महाधिवेशन तथा एनआरएनए ग्लोबल सम्मेलनको तयारी, आवश्यक समन्वय तथा बाँकी प्रक्रिया टुंग्याउने विषयमा छलफल भएको एनआरएनए सचिवालयले जनाएको छ। सम्मेलनमा विश्वभरबाट करिब चार हजार प्रतिनिधि (डेलिगेट) सहभागी हुने अपेक्षा गरिएको छ।

बैठकमा परराष्ट्रमन्त्री शर्माले आगामी १२औँ एनआरएनए महाधिवेशन तथा विश्व सम्मेलनले एनआरएनएमा देखिएका समस्या तथा चुनौतीको समाधान गर्ने विश्वास व्यक्त गरे। परराष्ट्र सचिव अमृतबहादुर राईले एनआरएनलाई साझेदार संस्थाका रूपमा लिने दृष्टिकोण अपनाइने बताउँदै आसन्न सम्मेलन सफल बनाउन पूर्ण सहयोग गरिने बताए।

दुई महिनादेखि ग्यास पाउन सकस

टेकुस्थित निगमको अस्थायी डिपोबाट २९ सय ३२ नेपाल र एभरेस्ट तथा सगुनका २६ सय ९० थान सिलिन्डर बिक्री

अजित अधिकारी/नयाँ पत्रिका

बल्खु क्षेत्रमा करिब दुई महिनादेखि कुर्दा पनि ग्यास नपाएपछि हरि ब्लोलले सोमबार टेकुस्थित आयल निगमको अस्थायी ग्यास वितरण डिपोमा बल्ल भरिएको सिलिन्डर किन्न पाए। सोमबार दिउँसो तीन बजे टेकुस्थित निगमले ग्यास वितरण डिपोमा एक थान 'नेपाल ग्यास' लिएर आफन्त कुरिरहेको अवस्थामा भेटिएका उनले भने, 'काँधमा बोकेर लैजान गाह्रो हुने भएकाले आफन्तलाई मोटरसाइकलमा बोलाएको छु। बल्खुको डिलरमा नाम लेखाएर १५-२० दिन कुर्दा पनि ग्यास पाइएन, अनि यहाँ आएर बल्ल पाएँ।'

सोही समयमा मैतीदेवी बस्दै आएका पुष्प अर्याल पनि एकजना साथीसँग स्कुटरमा आएर दुवैजनाले एक-एक थान ग्यास खरिद गरे। एक थान सिलिन्डरका लागि मैतीदेवीदेखि टेकुसम्म धाउनुपरेकोमा उनीहरूको गुनासो छ। 'सधैँ ग्यास किनिरहने डिलरले फोन नै उठाउन छाडे। एक थान ग्यास लिन पनि धाउनुपर्ने स्थिति छ,' उनले भने।

कुलेश्वरका मोहन भुसाल पनि एक थान ग्यास लिन मोटरसाइकलको पछाडि सिलिन्डर बाँधेर टेकु पुगेका थिए। काउन्टरमा १९ सय १० रुपैयाँ तिरेर उनले भरिएको ग्यास सिलिन्डर पुनः मोटरसाइकलको पछाडि बाँधेर निस्किए। घरमा एभरेस्ट ग्यासको सिलिन्डर पनि पहिले नै खाली भइसकेको उनले बताए। 'एभरेस्ट ग्यासको सिलिन्डर पनि खाली भइसक्यो। अहिले भर्खर यो पनि रित्तिएकाले चुलोबाट थुतेर ल्याएको हो,' उनले भने।

आयल निगमले २८ माघदेखि टेकुस्थित पुरानो कार्यालयमा अस्थायी डिपो राखेर नेपाल, एभरेस्ट र सुगम ग्यास बिक्री थालेकाले अप्ठ्यारोमा परेका उपभोक्ताहरू त्यहाँ पुग्ने गरेका छन्। आपूर्ति सहजताका लागि अस्थायी डिपो खोलेको निगमले मागअनुसार आपूर्ति परिमाण बढाउने र आयातीत ग्यास वितरणको अनुगमन भने गरेको छैन। त्यसैले दुई महिना भइसक्दा पनि बजारमा ग्यास आपूर्ति असहज छ। पछिल्लो समय मध्यपूर्व तनावले पेट्रोलियम पदार्थको आपूर्तिमा अवरोध भएको समाचार



बाहिरिएपछि टेकु पुगेर ग्यास खरिद गर्ने उपभोक्ताको संख्या झन् बढेको छ।

निगमले भने सामान्य अवस्थाको भन्दा बढी ग्यास आयात गरेको दाबी गर्दै आपूर्ति सहजताका लागि थप पहल गरेको छैन। निगमको एलपिजी तथा एभिएसन विभाग प्रमुख रहेका निर्देशक विनीतमणि उपाध्यायले फेब्रुअरीमा ५० हजार तीन सय टन भित्रिएको र मार्चका लागि ५२ हजार टन आयातको बन्दोबस्ती गरेको बताए। 'सामान्य अवस्थामा ४५ हजारदेखि ४८ हजार टन ग्यास आयात हुने गरेको छ। अहिले आयात परिमाण पनि बढाइएको छ,' उनले भने।

बजारमा आपूर्ति सहज नभएर ग्यासको खोजी गर्ने उपभोक्ताको गुनासो यथावत् रहेको उनले बताए। 'ग्यासको आपूर्ति अझै सुलभ नभएको विषयमा हाम्रो जानकारी पनि छ। आयात बढाएर सहज गर्न लागिरहेका छौँ,' उनले भने, 'मध्यपूर्वमा भएको तनावले पनि उपभोक्ता अतालिएर सञ्चय गर्ने प्रवृत्ति बढेको छ। सञ्चय नगर्न हामीले बारम्बार आग्रह गरिरहेका छौँ।'

टेकुस्थित अस्थायी डिपोबाट हालसम्म नेपाल ग्यासका दुई हजार नौ सय ३२ र एभरेस्ट तथा सगुमका दुई हजार ६ सय ९० थान सिलिन्डर बिक्री भएको निगमले जनाएको छ।

काठमाडौंका ग्यास डिलरमा कम आपूर्ति

ग्यास विक्रेता महासंघका अध्यक्ष ज्ञानेश्वर अर्यालले काठमाडौं उपत्यकामा डिलरमा ग्यास नभएको बताए। 'अधिकांश ब्रान्डका डिलरमा ग्यास छैन,' उनले भने, 'अनि कसरी गर्नु आपूर्ति सहज ?' उनले आपूर्ति सहजताका लागि आयात बढाएको तथ्यांक बाहिरिने गरे पनि मागअनुसार आपूर्ति नभएको बताए।

'पहिलेको मागलाई देखाएर त्योभन्दा दुई-चार हजार टन बढी आयात गर्दा पूर्ण रूपले आपूर्ति सहज हुँदैन,' उनले भने, 'ठूलो परिमाणमा आयात बढाउनुपर्छ। तर, मध्यपूर्वको तनावका कारण ठुलो परिमाणले आयात बढाउन सम्भव देखिँदैन।' अहिले आयात भइरहेको ग्यासको वितरण प्रणाली सुधार्नु आवश्यक रहेको उनको भनाइ छ।

उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले पनि आयल निगमको व्यवस्थापकीय क्षमतामा सुधारको जरुरी रहेको बताए। 'दुई महिनादेखि एलपी ग्यासको असहजता हुनु राम्रो सन्देश होइन, तर यसबिचमा निगमले सरोकारवालासँग छलफल र सहकार्य केही गरेको छैन,' उनले भने, 'सामाजिक सञ्जालमा आयात बढेको तथ्यांक पोस्ट गरेका भरमा उपभोक्ता आश्वस्त हुने स्थिति छैन।'

बिक्रीमा कडाइ गर्न र तथ्यांक उपलब्ध गराउन निगमको निर्देशन

ग्यास आपूर्ति असहज भएर आलोचना बढ्न थालेपछि मंगलबार दिउँसो आयल निगम र उद्योगीबिच छलफल भएको छ। छलफलमा डिलरलाई विगतको भन्दा धेरै ग्यास नदिएर कडाइ गर्न निगमले निर्देशन दिएको छ। 'विगतका महिनामा के-कति परिमाणमा डिलरले ग्यास लैजाने गरेको थियो, सोही परिमाणअनुसार आपूर्ति गर्ने व्यवस्था उद्योगबाट मिलाउनुपर्छ,' बैठकमा निगम अधिकारीले दिएको निर्देशन उद्धृत गर्दै एक उद्योगीले भने, 'यसो गर्दा मौज्दातका लागि ग्यास राख्न खोज्ने उपभोक्ताको संख्यामा कमी आउन सक्ने अपेक्षा छ।' त्यस्तै, सबै उद्योगबाट बिक्री भएको ग्यासको दैनिक सूची पनि निगमलाई उपलब्ध गराउने सहमति भएको छ। त्यस्तै, वाणिज्य विभागले समेत आयल निगमलाई पत्राचार गर्दै ग्यास आयात र बिक्रीको अवस्थाबारे जानकारी गराउन भनेको छ।

भारतमा २५ दिनपछि मात्रै ग्यास किन्ने पालो, मूल्य पनि बढ्यो

अमेरिका-इजरायल र इरान युद्धले मध्यपूर्वमा पारेको असरले भारतको घरेलु ग्यास बजार प्रभावित भएको छ। महाराष्ट्रका कतिपय ग्यास डिलरमा उपभोक्ताको लामो लाइनसमेत बढेको छ। ग्यासमा करिब ९० प्रतिशत आयातमा निर्भर भारतले ग्यास भरिएका सिलिन्डरको अनावश्यक मौज्दात रोक्न घरेलु उपभोक्ताका लागि नयाँ नियम जारी गरेको छ। भारतीय सञ्चारमाध्यमका अनुसार एक सिलिन्डर ग्यास खरिद गरेपछि अर्को किन्न २५ दिन कुर्नुपर्ने नयाँ नियम लगाइएको हो। यसअघि यस्तो नियम २१ दिनका लागि निर्धारण गरिएको थियो। तर, मध्यपूर्व तनावका कारण भारतीय उपभोक्ताले धेरै ग्यास सिलिन्डरको माग गर्न थालेपछि आपूर्ति सहजताका लागि सरकारले नयाँ नियम लागू गरेको हो।

त्यस्तै, इन्डियन आयल कर्पोरेसनले गत शनिबारबाट लागू हुने गरी १४ किलोग्राम तौलको घरेलु ग्यासको मूल्य ६० भारु र १९ किलोग्राम तौलको व्यावसायिक ग्यासको मूल्य ११५ भारु बढाएको छ।

नाफा बुक गर्दा घट्यो सेयर बजार साढे २१ अर्बको कारोबार

नयाँ पत्रिका

चुनावपछि खुलेको सेयर बजार सोमबार तीनपटक सकारात्मक सर्किट ब्रेक लागेर बन्द भएकाले बजार मंगलबार भने १.११ प्रतिशतले घटेको छ। मंगलबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३२.०८ अंकले घटेर २८४३.३५ विन्दुमा सीमित भएको हो। बजार घटे पनि २१ अर्ब ५० करोड २० लाख ३१ हजारको सेयर कारोबार भएको छ।

सोमबार भएको वृद्धिबाट लगानीकर्ताले 'नाफा बुक' गर्न खोज्दा नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा घट्न गएको विज्ञहरू बताउँछन्। त्यसले गर्दा कारोबार रकम पनि उच्च हुन गएको छ। सोमबार नेप्से १६२.९३ अंकले बढेर २८७५.४३ विन्दुमा पुगेको थियो। मंगलबार भने त्यो ३२.०८ अंकले घटेर २८४३.३५ मा सीमित भएको हो।

मंगलबार तीन सय २९ कम्पनीका सेयर तथा ऋणपत्र गरेर पाँच करोड २७ लाख ११ हजार तीन सय ५३ कित्ता सेयर खरिद-बिक्री भएको छ। कारोबार संख्या भने दुई लाख पाँच हजार ६ सय ११ रहेको छ।

२१ फागुनमा सम्पन्न निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले बहुमत ल्याउने पक्का भएको छ। विगतमा अस्थिर सरकारबाट आजित लगानीकर्ता अब स्थिर सरकार पाउने आशामा छन्। त्यसमाथि रास्वपाले घोषणपत्रमा पुँजी बजारलाई प्राथमिकता दिएको छ। घोषणापत्रमा घोषणा गरिएका पुँजी बजारसम्बन्धी एजेन्डा अब कार्यान्वयनमा जाने आशामा लगानीकर्ता छन्। त्यसले गर्दा सोमबार नेप्से बढेको थियो।

तर, सर्किट ब्रेकका कारण लगानीकर्ताले तीन मिनेटभन्दा बढी कारोबार गर्न पाएनन्। ५५ करोड ५९ लाख रुपैयाँको मात्रै कारोबार भएको थियो। सोमबार वृद्धि भएको मूल्यमा नाफा बुक गर्न खोज्दा मंगलबार नेप्से सूचक घट्न गएको लगानीकर्ता बताउँछन्। इन्डेक्स घट्दा पनि रिलायन्स स्पिनिङ मिल्सको सेयर मूल्य १० प्रतिशतले बढेर ७४२.८० रुपैयाँ पुगेको छ। यसैगरी, सालपा विकास बैंकको ९.९९ प्रतिशत, श्री स्टार हाइड्रोपावरको ९.०८ प्रतिशत र कालिका पावरको ८.८७ प्रतिशतले सेयर मूल्य बढेको छ। यस्तै, हिम स्टारको सबैभन्दा बढी ६.३६ प्रतिशतले मूल्य घटेको छ।



बजार बढ्ने संकेत : रौनियार

लगानीकर्ता छोटेलाल रौनियारले नाफा बुक गर्दा सेयर बजार घटेको बताए। 'चुनाव र सार्वजनिक बिदाका कारण झन्डै एक साता बजार बन्द थियो। चुनावमा रास्वपाको बहुमत आयो। विगतमा अस्थिर सरकारबाट आजित भएका हामी लगानीकर्ता अब स्थिर सरकार पाउने आशामा छन्। त्यसपछि रास्वपाले पुँजी बजारका एजेन्डालाई प्राथमिकता राखेको छ। उसकै सरकार बन्ने भएपछि लगानीकर्ता उत्साहित छन्। त्यसले गर्दा सोमबार नेप्से बढ्यो,' उनले भने, 'सोमबार बढेको मूल्यमा नाफा कमाउन खोज्दा मंगलबार नेप्से घटेको हो। सोमबार बढेको मूल्यभन्दा मंगलबार घटेको मूल्य कम छ। त्यसअनुसार लगानीकर्ता नाफामै छन्।'

अहिले मार्केटमा सकारात्मक संकेत नै देखिएको उनको भनाइ छ। 'कारोबार रकम उच्च छ। नेप्से इन्डेक्स कहिले बढ्ने र कहिले घट्ने भने हुन्छ। तर, मंगलबार यतिका कारोबार भएपछि आगामी दिनमा बढ्छ भन्ने संकेत हो,' उनले भने, 'अहिले बैंकमा तरलता छ भने ब्याजदर पनि कम छ। बाह्य क्षेत्र बलियो छ।'

Madi Municipality
Office of Municipal Executive
Basantapur, Chitwan
Bagmati Province, Nepal

Invitation for e-bid

First date of Publication: 2082/11/27 (11th March 2026)

1. **Madi Municipality, Office of The Municipal Executive Chitwan** invites electronic bids from duly eligible and qualified registered bidders for the Construction of Works under National Competitive Bidding (NCB) Procedure.

S.N.	Contract No.	Description of Works	Estimated Amount (Without VAT & PS.)	Bid Security Amount (NRs.)	Bid Document Price (NRs.)	Last Date of Submis-sion	Bid Opening Date
1.	NCB/ MMO/W/11/ 2082-83	Construction of Culvert/ Causaway & Rigid Pavement Road in Ward no.6, 7 & 8	46,81,479.55	1,61,000.00	3,000.00	10th April 2026 12:00 hrs	10th April 2026 13:00 hrs

2. A complete set of Bidding Documents may be downloaded from the **PPMO E-Portal- www.Bolpatra.gov.np/egp : Information to deposit the Bid Security & cost of bidding document in Bank:**

S.N.	Name of Bank	Bank Address	Cash Deposit Account Name & Number for Bid Document	Cash Deposit Account Name & Number for Bid Security
1.	Agricultural Development Bank	Basantapur, Madi, Chitwan	MADI MUNICIPALITY GA 1.1 INTERNAL REVENUE (0508800915977148)	MADI NAGARPALIKA KARYALAYA GA 3.1 (0508800915977091)

3. Bid validity period: - Minimum 90 days from the last date of bid submission.
4. Bid Security validity Period: - Minimum 30 days beyond the bid validity period.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
6. The matters not Covered in this tender notice shall be in accordance with latest amendments of Public Procurement Act-2063, Public Procurement Regulation-2064 and Madi Municipality Public Procurement Regulation-2076.

Chief Administrative Officer

Phaktanglung Rural Municipality
Office of Rural Municipal Executive
Tapethok,Taplejung
Province no.1, Nepal

Invitation for Online Bids

Contract No: FRM/W/NCB/LHL/2082/083/05
Date of publication: 2082/11/27 (11th March 2026)

1. ***Phaktanglung Rural Municipality*** invites sealed electronic bids from Nepalese eligible bidders for the ***Construction of Lungthung Healthpost at Lelep*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. **65,20,422.56.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***[Phaktanglung Rural Municipality,Tapethok,Taplejung contact no 9852660485,9852660491 email phaktanglungmun@gmail.com]***or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, must submit their bid electronically, should deposit the cost of ***Rs.3000*** for bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : Global IME Bank
   Name of Office : Phaktanglung Rural Municipality,Tapethok,Taplejung
   Office Account no. : Ga.1.1 Aantarik Rajaswo Khata Phaktanglung S504010000011
4. Pre-bid meeting shall be held at ***office of Phaktanglung Rural Municipality,Tapethok,Taplejung*** **at 2082/12/15 at 11:00 AM.**
5. Bids must be submitted to the office ***of Phaktanglung Rural Municipality, Tapethok, Taplejung*** through PPMO website www.bolpatra.gov.np/egpon before **12:00PM** on ***2082/12/26***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 on 2082/12/26*** at the office of ***Phaktanglung Rural Municipality.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***Rs.****170,000*, (One Lakh Seventy Thousand Rupees only)which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Pachrauta Municipality
Office of Municipal Executive
Benauli, Bara
Madhesh Province, Nepal

Invitation for Bids

IFB No: **-NCB/PMUN/W/20/2082-083**
Date of Publication: 2082-11-27 BS

1. Pachrauta municipality benauli bara invites **electronic bids only** from eligible bidders for following works under NCB bidding procedure. Only eligible bidders with the following key qualifications should participate in the bidding for the contracts mentioned below.

S.N.	*Project Name*	*Bid Doc. Fee (NRs.)*	*Estimated Amount (Exclusive of VAT and Contingencies)*	*Bid Security Amount (NRs)*
1	Benauli Bazar shedma Aawsakta anusar nirman karya tatha wada karyalayko parkhal nirman tatha aawasakta anusar anya karya NCB/PMUN/W/20/2082-083	3000.00	16039786.83	410000.00

   - Last date of Bid Submission : Apr 10, 2026, Time : 12:00
   - Bid Opening Apr 10, 2026 Time : 13:00 at office premise.
2. Revenue Account Details:

Office Name	Bank Name	Bank Address	Account Number	Office code/ Revenue Heading No.
Pachrauta Municipality, Bara	NMB Bank Ltd.	Pachrauta Municipality, Bara	140083164100010 (Rajaswa)	Office code: 80221403300 Revenue Heading no: 14229

3. Bidders are strongly Requested to mention the name of the Firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Single Revenue Voucher for a single Bid Document shall be submitted. In Case the bidder chooses to deposit Revenue for more than one bid through a single voucher then the bidders are strongly suggested to mention each Contract ID in Revenue Voucher for which the revenue has been paid. The Non compliance of this may result for declaring the Bid NON-RESPONSIVE.
4. Any additional information or query regarding the bids can be acquired by downloading the bids from the e-GP system of PPMO or by writing us in pachrautamun@gmail.com

प्रभावित यात्रुका लागि निगमको दुबई उडान आज

काठमाडौं/ नेपाल वायुसेवा निगमले दुबई उडान सञ्चालन गर्ने भएको छ। निगमले मध्यपूर्वको तनावका कारण प्रभावित यात्रुका लागि काठमाडौं-दुबई-काठमाडौं उडान सञ्चालन गर्न लागेको हो। काठमाडौंबाट उडान बुधबार स्थानीय समयअनुसार राति सवा ११ बजे हुनेछ भने दुबईबाट बिहीबार स्थानीय समयअनुसार ४:१० बजे हुने निगमले जनाएको छ।

२८ फेब्रुअरीदेखि ९ मार्चसम्म टिकट लिई यात्रा गर्न नपाएका यात्रुले बुधबार नै यात्रा गर्न इच्छुक भएमा निगमको इमेल ठेगानामा टिकट पठाई



पुनः प्रमाणीकरण गराउनुपर्नेछ। साथै, प्रमाणित टिकटअनुसार तथा निगमको सूचनासमेतलाई आधार मानी यात्रा गर्न पनि निगमले अनुरोध गरेको छ। निगमबाट टिकट पुनः प्रमाणीकरण गरिएका यात्रु मात्र विमानस्थल जान भनिएको छ।

जहाजको सिटको उपलब्धताअनुसार पहिलेदेखि रोकिएका यात्रुलाई 'फर्स्ट कम, फर्स्ट सर्भिस'का आधारमा टिकट उपलब्ध गराइने पनि निगमले जनाएको छ। विमानस्थल पुनुअधि निगमको आधिकारिक वेबसाइट तथा आधिकारिक सामाजिक सञ्जालमा प्रकाशित सूचना नियमित हेर्न पनि भनिएको छ।

कामना सेवाले सार्वजनिक गऱ्यो ०८३ सालको क्यालेन्डर

काठमाडौं/ कामना सेवा विकास बैंकले आगामी वर्ष ०८३ को वार्षिक क्यालेन्डर सार्वजनिक गरेको छ। बैंकले आधुनिक प्रविधिलाई मध्यनजर राख्दै उक्त क्यालेन्डरलाई डिजिटल माध्यमबाट उपलब्ध गराएको जनाएको छ। नेपाल पञ्चांग निर्णायक विकास समितिबाट स्वीकृतप्राप्त उक्त क्यालेन्डरमा समितिद्वारा निर्धारण गरिएका विभिन्न तिथि तथा शुभमुहूर्तहसमेत समावेश गरिएको छ। यसले सर्वसाधारणलाई धार्मिक तथा सांस्कृतिक कार्यका लागि उपयोगी जानकारी प्रदान गर्ने विश्वास बैंकले लिएको छ।



उक्त डिजिटल क्यालेन्डर सहज रूपमा प्राप्त गर्नका लागि बैंकले क्युआर कोडसमेत सार्वजनिक गरेको छ। सो क्युआर कोड स्क्यान गरी बैंकका ग्राहक तथा सर्वसाधारणले ०८३ को क्यालेन्डर हेर्न तथा डाउनलोड गर्न सक्नेछन्। उक्त क्युआर कोड बैंकको सामाजिक सञ्जाल तथा वेबसाइटमार्फत सार्वजनिक गरिएको बैंकले जनाएको छ।

हायात होटेल बुटवलद्वारा महिला कर्मचारी नेतृत्वको प्रशंसा



काठमाडौं/ अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा हायात प्लेस बुटवलले आफ्ना महिला कर्मचारीको अथक समर्पण तथा प्रेरणादायी भूमिकाको प्रशंसा गरेको छ। कम्पनीको निरन्तर वृद्धि, सफलता र उत्कृष्ट ग्राहक सन्तुष्टिमा महिला कर्मचारीले पुऱ्याएको महत्त्वपूर्ण योगदानको होटेल व्यवस्थापनले प्रशंसा गरेको हो।

अतिथि सत्कारदेखि व्यवस्थापन तहको नेतृत्वसम्म उनीहरूको मिहिनेत र लगनशीलताले होटेलको सेवालाई विश्वस्तरीय बनाउन महत्त्वपूर्ण भूमिका खेलेको बताइएको छ।

हाल होटेलमा ४७ जना अर्थात् ३० प्रतिशत महिला कर्मचारी छन्। हायात प्लेस बुटवलले सधैं कार्यस्थलमा विविधता र समावेशिता रहेको होटेलले जनाएको छ। यसले महिला सशक्तीकरण र समान अवसरप्रति होटेलको प्रतिबद्धता स्पष्ट रूपमा देखाउने होटेलको भनाइ छ। मार्केटिङ म्यानेजर सिम्रन सापकोटाका अनुसार हायात प्लेस बुटवलले महिलालाई नेतृत्व गर्न र आफ्ना रचनात्मक विचार अघि बढाउन निरन्तर प्रोत्साहन दिने वातावरण प्रदान गरेको छ।

कालंगा र सानिगाड हाइड्रोले पाए आइपिओ निष्कासन अनुमति

काठमाडौं/ कालंगा हाइड्रो लिमिटेड र सानिगाड हाइड्रो लिमिटेडले प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) बिक्री गर्न अनुमति पाएका छन्। यी दुई कम्पनीले मंगलबार नेपाल धितोपत्र बोर्डबाट अनुमति पाएका हुन्। जसअनुसार कालंगाले प्रतिकित्ता १०० रुपैयाँका दरले ४९ लाख कित्ता सेयर सर्वसाधारणमा निष्कासन गर्नेछ।

त्यसैगरी, सानिगाडले पनि प्रतिकित्ता १०० कै दरमा ८५ लाख ५० हजार कित्ता सेयर बिक्री खुलाउनेछ। यो कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको जिम्मा लक्ष्मी सनराइज क्यापिटलले पाएको छ।

सूर्योदय वोमी लघुवित्तले मनायो १५औं वार्षिकोत्सव



काठमाडौं/ सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडले विविध कार्यक्रम गरी १५औं वार्षिकोत्सव मनाएको छ। कम्पनीले २५ फागुनमा संस्थाको कर्पोरेट कार्यालय, ललितपुरमा मनाएको हो।

संस्थाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मोक्षप्रसाद पंगेनीको अध्यक्षतामा सम्पन्न, उक्त कार्यक्रममा संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत, प्रहरी प्रभाग इमाडोल, ललितपुराका प्रहरी प्रतिनिधि, संस्थाका कर्मचारीलगायतको उपस्थिति थियो। संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत प्रमेश आचार्यले स्वागत मन्तव्य राखेका थिए भने सिइओ पंगेनीले संस्थामा दीर्घसेवा गरेका कर्मचारीलाई सम्मान गरेका थिए।

साथै, प्रहरी प्रभाग इमाडोल, ललितपुरलाई आवश्यक स्टेसनरी सामग्री हस्तान्तरण गरिएको थियो। उनले संस्थाले अति विपन्न वर्गलाई सेवा दिएर उनीहरूलाई आत्मनिर्भर बनाई देशको अर्थतन्त्रमा ठुलो भूमिका खेलेको जानकारी गराए। संस्थाले हाल सातै प्रदेशका ५५ जिल्लामा एक सय ६७ शाखा कार्यालयमार्फत ग्राहकलाई वित्तीय सेवा दिँदै आइरहेको छ।

हिमालयन पावरले हकप्रद जारी गर्ने

काठमाडौं/ हिमालयन पावर पार्टनर लिमिटेडले हकप्रद सेयर निष्कासन गर्न नेपाल धितोपत्र बोर्डबाट सोमबार अनुमति पाएको छ। यसमँगै कम्पनीले १:०.५ को अनुपातमा ५३ करोड २७ लाख आठ हजार पाँच सय रुपैयाँबराबरको ५३ लाख २७ हजार ८५ कित्ता हकप्रद निष्कासन गर्नेछ। कम्पनीको हकप्रद निष्कासक तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल रहेको छ।

नाम परिवर्तन जारिएको सूचना

यस कम्पनीको मिती २०८२/१०/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०८२/११/०८ गतेको निर्णय अनुसार बतास एडब्राइट प्राईभेट लिमिटेडको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु बुझ्नु पर्ने कर दायित्व आदि समेत सम्पूर्ण सकार्ने व्यहोर्ने जारी साविकको नाम परिवर्तन जारी **बि. एडब्राइट प्राइभेट लिमिटेड** (B. Adbrite Private Limited) कायम जारिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित जारिएकोछ ।

बि. एडब्राइट प्राइभेट लिमिटेड (B. Adbrite Private Limited)
काठमाण्डौं न.न.पा. वडा नम्बर ५ काठमाण्डौं
बागमती प्रदेश

Re-Invitation for Sealed Bid for the Managed Disaster Recovery Service
First Notice Published on 12th January 2026
Second Notice Published on 3rd February 2026

Jyoti Bikash Bank Limited (JBBL) reinvites sealed bids from eligible Nepalese firm/ company for the Managed Disaster Recovery Service as mentioned below.

S.N.	Particular
1	Managed Disaster Recovery Service under Private Cloud Model

Sealed Bid must be submitted to the General Service Department, Jyoti Bikash Bank Limited, Head Office, Kamalpokhari, Kathmandu within office hours on or before 17th March 2026.
The Bank retains the discretion to fully or partially accept or reject any or all bid without providing any reasons.

For more details, please scan the QR Code

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

Head Office:
Kamalpokhari-01, Kathmandu, Nepal
Phone No.: 01-5970306/07/08/09/10
Web: www.jbbl.com.np | E-mail: info@jbbl.com.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
नेपाल गुणस्तर तथा नापतौल विभाग
गुणस्तर तथा नापतौल कार्यालय
वीरगंज

बोलपत्रको स्विकृतिको आशय सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२/११/२७

यस गुणस्तर तथा नापतौल कार्यालय, बीरगंजले तपशिलमा उल्लेखित निर्माण कार्यको लागि सूचना नं. ०१/०८२/८३ मिति २०८२/०९/२८ गते नयाँ पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम म्यादभित्र रितपूर्वक e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावकारी देखिएको हुँदा उक्त बोलपत्र स्विकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने यो आशयको सूचना सरोकारवाला सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

सि.न.	खरिद न. र कार्य विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मु.अ.कर सहित
1.	Construction of Additional Floor (Non-Residental) for Operation of Calibration Tower of Standards and Metrology office, Hetauda (SMO/PARSA/NCB/WORKS/01/082/083)	Rijan Nirman Sewa, Hetada-1	2922796.98

कार्यालय प्रमुख

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहाचल, काठमाण्डौ

करार सेवाको लागि सिफारिस सम्बन्धी सूचना

(प्रकाशन मिति २०८२/११/२७)

केन्द्रले करार सेवाका लागि मिति २०८२/०७/११ गते सूचना प्रकाशन गरी सूचना नं. १/२०८२/८३, तह ७, इन्जिनियर पदको माग संख्या १८ को लागि दरखास्त आह्वान गरिएकोमा केन्द्रद्वारा लिएको लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरुमध्ये छनौट भएका उम्मेदवारहरुको विभिन्न मितिमा लिएको अन्तर्वार्तामा उपस्थित उम्मेदवारहरुको लिखित परीक्षा, शैक्षिक योग्यता र कार्य अनुभवको प्राप्ताङ्क तथा अन्तर्वार्ताको औसत प्राप्ताङ्कको आधारमा योग्यताक्रम कायम गरी सेवा करार नियुक्तिको लागि छनौट समितिबाट सिफारिस गर्ने निर्णय भएको हुँदा करार जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०८२ को दफा ११ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै यस सम्बन्धी बिस्तृत बिवरण केन्द्रको वेबसाइट www.aepc.gov.np र सूचना पाटीमा राखिएको छ।

छनौट समिति

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंकको शाखा कार्यालय पेप्सीकोलाबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई वेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखित बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोवाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिवाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.सं	ऋणीको नाम, ठेगाना
१.	**ऋणी : अशोक कुमार के.सी** ना.प्र.प.नं. ८४८१, जारी मिति : २०४२/०१/०७, ललितपुर स्थाई ठेगाना : गोदावरी-१०, ललितपुर, सम्पर्क ठेगाना : गोदावरी-१०, ललितपुर बाबु : सावम्ब वहादुर खत्री, बाजे : भरत वहादुर खत्री
	व्यक्तिगत जमानतकर्ताहरुको विवरण
	१. **नाम : मैया के.सी.** ना.प्र.प.नं. २८३०२९/७२४, जारी मिति : २०६३/१०/२५, ललितपुर स्थायी ठेगाना : चापाँगाउ- ०७, ललितपुर सम्पर्क ठेगाना : गोदावरी-१०, ललितपुर बाबु : कृष्ण वहादुर थापा पति : अशोक कुमार के.सी. २. **नाम : सन्तोष के.सी.** ना.प्र.प.नं. २८-०१-०६७-००८०५, जारी मिति : २०६७/०२/१७, ललितपुर स्थायी ठेगाना : चापाँगाउ-०७, ललितपुर सम्पर्क ठेगाना : गोदावरी-१०, ललितपुर बाबु : अशोक कुमार के.सी. बाजे : सावम्ब वहादुर खत्री
	धितोको विवरण
	अशोक कुमार के.सी.को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला,चापागाउँ गा.वि.स वडा नं. ७ स्थित कित्ता नं.५६० को ०-१३-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: पेप्सीकोला फोन नं. ०१-४९९१८३६
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८२/११/२७

यस सिटिजन्स बैक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय धरान, सुनसरीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई मिति २०८१/११/२० मा सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने र मिति २०८२/०१/१६ मा सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिकामा १५(पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, धरान, सुनसरीमा दिउँसो ४:०० गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा र सिटिजन्स मोर्गेज कर्जा

ऋणीहरुको नाम र ठेगानाः

१. **नाम : रेखा राय**
बाबु : सत्यनारायण अमात
पति : जय प्रकाश राय
ससुरा : सुकदेव राय अमात
ठेगाना : बिराटनगर उ.म.न.पा-१३, मोरङ्ग
हाल : बिराटनगर म.न.पा-१०, मोरङ्ग
ना.प्र.नं. : ०५-०१-७२-०५९९५
जारी मिति : बि.सं. २०७२/०७/२९
जि.प्र.का. : मोरङ्ग

२. **नाम : जय प्रकाश राय**
बाबु : सुकदेव राय अमात
बाजे : रामेश्वर राय अमात
ठेगाना : बिराटनगर उ.म.न.पा-१३, मोरङ्ग
हाल : बिराटनगर म.न.पा-१०, मोरङ्ग
ना.प्र.नं. : ०५१०६६/७५५
जारी मिति : बि.सं. २०६६/०७/०८
जि.प्र.का. : मोरङ्ग

जमानिकर्ताहरुको नाम र ठेगाना

१. **नाम : सुकदेव राय अमात**
बाबु : रामेश्वर राय अमात
बाजे : नन्यै राय
ठेगाना : बिराटनगर न.पा-१३, मोरङ्ग
हाल : बिराटनगर म.न.पा-१०, मोरङ्ग
ना.प्र.नं. : १७९९/०३९-०४०
जारी मिति : बि.सं. २०४०/०३/०२
जि.प्र.का. : मोरङ्ग

२. **नाम : मीना देवी राय अमात**
बाबु : खुशी लाल राय अमात
पति : सुकदेव राय अमात
ससुरा : रामेश्वर राय अमात
ठेगाना : बिराटनगर न.पा-१३, मोरङ्ग
हाल : बिराटनगर म.न.पा-१०, मोरङ्ग
ना.प्र.नं. : १५६९,
जारी मिति : बि.सं. २०४६/०४/०४
जि.प्र.का. : मोरङ्ग

३. **नाम : दिपक कुमार राय**
बाबु : सुकदेव राय अमात
बाजे : रामेश्वर राय अमात
ठेगाना : बिराटनगर उ.म.न.पा-१३, मोरङ्ग
हाल : बिराटनगर म.न.पा-१०, मोरङ्ग
ना.प्र.नं. : ८२६२३,
जारी मिति : बि.सं. २०६१/०३/२५
जि.प्र.का. : मोरङ्ग

४. **नाम : श्रवण कुमार राय अमात**
बाबु : सुकदेव राय अमात
बाजे : रामेश्वर राय अमात
ठेगाना : बिराटनगर उ.म.न.पा-१३, मोरङ्ग
हाल : बिराटनगर म.न.पा-१०, मोरङ्ग
ना.प्र.नं. : ०५१०६६ /६५०८
जारी मिति : बि.सं. २०६७/१२/१८
जि.प्र.का. : मोरङ्ग

५. **नाम : रानी देवी राय**
बाबु : कृष्ण कुमार राय अमात
पति : दिपक कुमार राय
ससुरा : सुकदेव राय अमात
ठेगाना : बिराटनगर म.न.पा-१०, मोरङ्ग
हाल : बिराटनगर म.न.पा-१०, मोरङ्ग
ना.प्र.नं. : ०५-०१-७४-१३२०७
जारी मिति : बि.सं. २०७४/१२/०२
जि.प्र.का. : मोरङ्ग

६. **नाम : शर्मिला राय**
बाबु : अनिल राय अमात
पति : श्रवण कुमार राय अमात
ससुरा : सुकदेव राय अमात
ठेगाना : बिराटनगर उ.म.न.पा-१३, मोरङ्ग
हाल : बिराटनगर म.न.पा-१०, मोरङ्ग
ना.प्र.नं. : ०५-०१-७१-२८४५३
जारी मिति : बि.सं. २०७१/०४/१५
जि.प्र.का. : मोरङ्ग

७. **नाम : रेखा राय**
बाबु : सत्यनारायण अमात
पति : जय प्रकाश राय
ससुरा : सुकदेव राय अमात
ठेगाना : बिराटनगर उ.म.न.पा-१३, मोरङ्ग
हाल : बिराटनगर म.न.पा-१०, मोरङ्ग
ना.प्र.नं. : ०५-०१-७२-०५९९५
जारी मिति : बि.सं. २०७२/०७/२९
जि.प्र.का. : मोरङ्ग

२. कर्जा शिर्षक : सिटिजन्स महिला उद्यमशिल कर्जा

ऋणीहरुको नाम र ठेगानाः

नाम : रानी देवी राय
बाबु : कृष्ण कुमार राय अमात
पति : दिपक कुमार राय
ससुरा : सुकदेव राय अमात
ठेगाना : बिराटनगर म.न.पा-१०, मोरङ्ग
हाल : बिराटनगर म.न.पा-१०, मोरङ्ग
ना.प्र.नं. : ०५-०१-७४-१३२०७
जारी मिति : बि.सं. २०७४/१२/०२
जि.प्र.का. : मोरङ्ग

जमानिकर्ताहरुको नाम र ठेगाना

१. **नाम : सुकदेव राय अमात**
बाबु : रामेश्वर राय अमात
बाजे : नन्यै राय
ठेगाना : बिराटनगर न.पा-१३, मोरङ्ग
हाल : बिराटनगर म.न.पा-१०, मोरङ्ग
ना.प्र.नं. : १७९९/०३९-०४०
जारी मिति : बि.सं. २०४०/०३/०२
जि.प्र.का. : मोरङ्ग

धितो राखिएको सम्पत्तिको विवरणः

धितो सुरक्षण धनीको नामः– रेखा राय

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु.)	कैफियत
मोरङ्ग	बिराटनगर उ.म.न.पा	१२ /१७८०७४३२०	२२४	०-०-५-१	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय, काठमाडौमा वा शाखा कार्यालय धरान, सुनसरीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मितिः- २०८२/१२/१२ गते, बिहिबार
समयः- दिउँसो ४:०० बजे
स्थानः- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, धरान, सुनसरी।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७००४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७७
बुधबार २७ फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ एन्फा र खेलाडी संघबिच सहमति

‘ए’ डिभिजन लिग ३० चैतदेखि

आन्दोलनरत खेलाडी र पदाधिकारीबिच एन्फा मुख्यालयमा मंगलबार भएको सहमतिअनुसार सहिद स्मारक ‘ए’ डिभिजन लिग हुने



एन्फा र खेलाडी संघबिच भएको सहमतिपछि मंगलबार आयोजित संयुक्त पत्रकार सम्मेलन

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा) र नेपाल खेलाडी संघबिच मंगलबार सहमति भएको छ। सहमतिपछि संघले सातदोबाटोस्थित एन्फा केन्द्रीय कार्यालयमा लगाइएको तालाबन्दी खुलेको छ। दुई पक्षबिचको छलफलपछि खेलाडी संघले एन्फा कार्यालयमा लगाइएको तालाबन्दी खोलेको जनाइएको छ। छलफलमा सहिद स्मारक ‘ए’ डिभिजन लिग आगामी ३० चैतदेखि सुरु गर्ने सहमति भएको छ।

०७९ पछि ‘ए’ डिभिजन लिग हुन लागेको हो। राष्ट्रियस्तरका खेलाडीले करिब ३४ महिनापछि घरेलु फुटबलकै शीर्ष डिभिजन लिग खेल्ने अवसर पाउन लागेका हुन्। वार्तामा एन्फा महासचिव किरण राई, केन्द्रीय सदस्य पुरुषोत्तम थापा, प्रमुख कार्यकारी अधिकृत इन्द्रमान तुलाधर, कोषाध्यक्ष रवीन्द्र जोशी, एन्फा प्रवक्ता सुरेश शाह तथा खेलाडी संघका प्रतिनिधि सहभागी थिए। ‘दुई पक्षबिचको सहमतिपछि एन्फा मुख्यालयमा लगाइएको ताला खुलेको हो। खेलाडीको माग पूरा गर्न एन्फा तयार छ,’ एन्फाका प्रवक्ता शाहले भने, ‘खेलाडी अक्षय कोषमा जम्मा गरिनुपर्ने रकम संघले नै जम्मा गर्ने प्रतिबद्धता भएको छ।’

खेलाडी संघका अध्यक्ष विक्रम लामाले लामो समयको संघर्षपछि एन्फा लिग गराउने विषयमा स्पष्ट भएको बताएका छन्। ‘धेरै समयको संघर्षपछि एन्फाले लिग गर्छौं भनेको छ, लिगको मिति पनि आएको छ,’ लामाले भने, ‘यसअघि गर्छौं-गर्छौं भने पनि मिति तोकिएको थिएन। लगातार संघर्ष गर्दै अन्ततः ताला लगाउने स्थितिमा पनि पुगेका थियौं।’

यसैगरी, एन्फाका प्रतियोगिता निर्देशक सञ्जीव मिश्रले खेलाडी संघसँग भएको सहमतिअनुसार ‘ए’ डिभिजन लिगसँगै राष्ट्रिय लिगको तालिका संशोधन गरेर लिगका लागि समय मिलाउने योजना रहेको पनि जानकारी दिएका छन्। राष्ट्रिय लिग ३० चैतसम्म चल्नेछ। त्यसपछि त्यसलाई रिभाइज गरेर केही अगाडि सकाउने योजना एन्फाको छ। ३० चैतमा ‘ए’ डिभिजन लिगको एउटा खेल गरेर आगामी २० वैशाखमा नियमित रूपमा लिगका खेल सुरु गर्ने सहमति भएको हो।

सहमतिअनुसार खेलाडीको सेवा-सुविधासम्बन्धी अघिल्लो कार्यसमितिबाट निर्णय भई भुक्तानी हुन बाँकी पुरस्कार रकम चैतदेखि किस्ताबन्दीमा भुक्तानी गर्दै लैजानेछ। यसअघि एन्फा र क्लबहरूको संयुक्त बैठकले ०८२ मा लिग नगर्ने सहमति गरेका थिए। उनीहरूले ‘ए’ डिभिजन लिग ३ पुस ०८३ गर्ने भनेका थिए। यसअघि उनीहरूबिच राष्ट्रिय लिग गर्ने सहमति भएको थियो। अहिले दशरथ रंगशाला र एन्फा कम्प्लेक्समा राष्ट्रिय लिग चलिरहेको छ।

गत आइतबारदेखि तालाबन्दी

संघले लामो समयदेखि फुटबल खेलाडी र समग्र नेपाली फुटबलको हितका विषयमा एन्फासँग वार्ता तथा आन्दोलन गर्दै आएको भए पनि माग बेवास्ता गरिएपछि गत आइतबार एन्फा मुख्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेको थियो। खेलाडी संघका अध्यक्ष विक्रम लामाको नेतृत्वमा केही खेलाडीले ३४ महिनादेखि हुन नसकेको ‘ए’ डिभिजन लिगको निश्चितता, खेलाडी अक्षय कोषको विस्तृत विवरण, नौ वर्षदेखि खेलाडीले पाउन बाँकी पुरस्कार रकम उपलब्ध गराउनुपर्नेलगायत माग पूरा गर्नुपर्ने जनाउँदै तालाबन्दी गरिएको थियो।

एन्फा प्रवक्ता शाहले सोमबार विज्ञप्तिमार्फत मागहरू पूरा गर्ने प्रतिबद्धता जनाउँदै खेलाडी संघलाई केन्द्रीय कार्यालयको ताला खोल्न आग्रह गरी वार्तामा आउन आग्रह गरेका थिए। एन्फाको आह्वानपछि खेलाडी संघ वार्तामा बस्न तयार भएको हो। ताला खुलेपछि दुई पक्षबिच छलफल भयो। त्यसपछि खेलाडीको मुख्य माग ‘ए’ डिभिजन लिग ३० चैतबाट सञ्चालन गर्ने सहमति भएको हो। ‘ए’ डिभिजन लिग ३० चैतदेखि गर्ने सहमति भएको छ। यस्तै, आगामी मंसिरभित्र ‘बी’ र ‘सी’ डिभिजन पनि सक्ने सहमति भएको छ,’ एन्फा प्रवक्ता शाहले भने, ‘सहमतिअनुसार कोषमा जम्मा गर्नुपर्ने रकम सकेसम्म चाँडो जम्मा गरिनेछ।’

खेलाडीको माग एन्फाले पूरा गर्नेछ

● **सुरेश शाह**, प्रवक्ता, एन्फा



एन्फा र खेलाडी संघबिचको सहमतिपछि मुख्यालयको ताला खुलेको छ। खेलाडीको माग एन्फाले पूरा गर्नेछ। ‘ए’ डिभिजन लिग ३० चैतबाट सञ्चालन हुनेछ। आगामी मंसिरभित्र ‘बी’ र ‘सी’ डिभिजन पनि सक्ने सहमति भएको छ। कोषमा जम्मा गर्नुपर्ने रकम सकेसम्म चाँडो जम्मा गरिनेछ।

लिगको मिति तोकिएको छ

● **विक्रम लामा**, अध्यक्ष, खेलाडी संघ



खेलाडी संघले लामो समयदेखि उठाएका माग पूरा गर्ने प्रतिबद्धता एन्फाले जनाएको छ। लिग गराउने विषयमा स्पष्ट भएको छ। यसअघि गर्छौं भन्ने तर मिति घोषणा नगर्ने परिपाटी थियो। यसपटक लिगको मिति पनि तोकिएको छ। लगातार संघर्ष गर्दै अन्ततः ताला लगाउने स्थितिमा पनि पुगेका थियौं। दुई पक्षबिचको वार्तापछि ताला खोलेका हौं।

फुटबललाई व्यवस्थित र व्यावसायिक बनाउनुपर्ने माग

नेपाल फुटबल क्लब संघले नेपाली फुटबलको व्यवस्थापन र सञ्चालनबारे ध्यानाकर्षण गराउँदै एन्फालाई सातबुँदे मागसहित पत्र बुझाएको छ। डिभिजन फुटबलका क्लबहरूले घरेलु फुटबललाई व्यवस्थित र व्यावसायिक बनाउन तत्काल केही महत्त्वपूर्ण निर्णय कार्यान्वयन गर्नुपर्ने माग गरेका छन्। संघका अध्यक्ष कर्मोछिरिङ शेर्पाको नेतृत्वमा विभिन्न क्लबका १९ जना प्रतिनिधिले सातदोबाटोस्थित एन्फा मुख्यालयमा पत्रकार सम्मेलन गरी माग राखेका हुन्। उनीहरूले वर्तमान अवस्थाका कारण फुटबलको लोकप्रियता घट्दै गएको र प्रतियोगिता पनि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेको भन्दै चिन्ता गरेका थिए। संघबाट बुझाइएको पत्रमा नेपाली फुटबलको दीर्घकालीन विकासका लागि नेतृत्वले स्पष्ट योजना र जिम्मेवारीका साथ काम गर्नुपर्ने उल्लेख गरिएको छ। सहिद स्मारक ‘ए’ डिभिजन लिग सञ्चालनसँग सम्बन्धित पूर्वसहमति तत्काल कार्यान्वयन गर्न माग गरिएको छ।

शीर्ष स्थानमा उक्लियो मच्छिन्द्र



नयाँ पत्रिका

मच्छिन्द्र फुटबल क्लब राष्ट्रिय लिगको शीर्ष स्थानमा उक्लिएको छ। मंगलबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा जनजागृति क्लबलाई ४-० ले हराउँदै मच्छिन्द शीर्ष स्थानमा उक्लिएको हो। जितसँगै मच्छिन्द्रले नौ खेलमा २१ अंक बटुलेको छ। समान खेलमा जनजागृतिले लिगमा अंक बटुल्न सकेको छैन। मच्छिन्द्रलाई जित दिलाउन जोनाथन क्यान्टिलानाले ह्याट्रिक गरेका थिए।

जोनाथनले खेलको दुवै हाफमा गोल गर्दै ह्याट्रिक पूरा गरेका हुन्। मच्छिन्द्रका लागि थप एक गोल रेजिन सुब्बाको नाममा रह्यो। यसैगरी, मनाङ मर्स्याङ्दीले चित्लाङ एफसीलाई २-० ले हराएको छ। जितसँगै मनाङ १० खेलमा १२ अंक जोड्दै १२औं स्थानमा उक्लियो। समान खेलमा ७ अंक जोडेको चित्लाङ पुछारबाट चौथो स्थानमा छ। मनाङको यो तेस्रो जित हो। चित्लाङको भने पाँचौं हार हो। समान खेलबाट चित्लाङले नौ खेलबाट ७ अंक बनाएको छ। खेलको २३औं मिनेटमा गिडियोन नाह क्येरेमेहले पेनाल्टीबाहिरबाट गरेको लामो प्रहारलाई चित्लाङका गोलरक्षक सन्तोष महतले उत्कृष्ट बचाउ गर्दै टोलीको संकट टारेका थिए। खेलको ४९औं मिनेटमा शौरभ तामाङको गोलमा मनाङले खेलमा १-० को अग्रता लियो। दोस्रो हाफको इन्जुरी समयमा सुमित मल्लले गोल गर्दै मनाङलाई २-० को सहज जित दिलाए।

विभागीय डर्बीमा आर्मी विजयी

राष्ट्रिय लिगमा त्रिभुवन आर्मीले विभागीय डर्बीमा नेपाल पुलिस क्लबलाई ४-१ ले पराजित गरेको छ। आर्मीको जितमा नीराजन धामीले दुई गोल गरेका थिए। २० अंक जोडेको आर्मी तेस्रो स्थानमा उक्लेको छ। पुलिस १२औं स्थानमा छ। दशरथ रंगशालमा भएको खेलमा आर्मीका लागि पेम्बा शेर्पा र किरण सुनारले एक-एक गोल गरे। पुलिसका लागि दशरथ गिरीले एक गोल फर्काए। आर्मीको यो छैटौं जित हो। आर्मीले अर्को विभागीय टोली नेपाल एपिएफसँग अंक दूरी १ अंकमा झारेको छ।

समान खेलबाट एपिएफ २१ अंकसहित दोस्रो स्थानमा छ। गोलअन्तरमा मच्छिन्द्र शीर्ष स्थानमा रहेको हो। पाँचौं हार सामना गरेको पुलिसले नौ खेलबाट ८ अंक बटुलेको छ। नीराजनले खेलको ३१औं मिनेटमा आर्मीलाई १-० अग्रता दिलाएका थिए। दशरथ गिरीले ४३औं मिनेटमा पुलिसलाई १-१ को बराबरीमा ल्याए। दोस्रो हाफमा आर्मीले तीन गोल गऱ्यो। पेम्बाले ५७औं मिनेटमा आर्मीलाई २-१ मा पुऱ्याए। नीराजनले ७०औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरे। किरणले खेलको अन्तिम इन्जुरी टाइममा गोल गरी आर्मीको जित ४-१ ले पक्का पारे।

एकै खेलमा २३ खेलाडीलाई रातो कार्ड

एजेन्सी

ब्राजिलियन क्याम्पेओनाटो मिनेरो च्याम्पियनसिप फुटबल प्रतियोगिताको फाइनलमा दुई पक्षबिच झडप हुँदा २३ खेलाडीले रातो कार्ड पाएका छन्। ब्राजिलियन क्लब ऋुजेरोका १२ र एट्लेटिको मिनेरोका ११ खेलाडीले रातो कार्ड पाएको एपीले जनाएको छ। ब्राजिलको फुटबल इतिहासमा एकै खेलमा सबैभन्दा धेरै रातो कार्ड दिइएको यो नै पहिलोपटक हो। सन् १९५४ मा ब्राजिलियन क्लब पोर्चुगुएसा र बोटाफोगोबिचको खेलमा २२ खेलाडीलाई रातो कार्ड देखाइएको थियो।

ब्राजिलको बेलो होरिजोन्टेमा भएको फाइनल खेल ऋुजेरोले १-० ले जितेको थियो। टिटेको प्रमुख प्रशिक्षणमा रहेको ऋुजेरोका लागि काइओ जर्जले निर्णायक गोल गरेका थिए। टिटे ब्राजिलियन राष्ट्रिय टोलीका पूर्वप्रशिक्षक पनि हुन्। ऋुजेरो सन् २०१९ पछि पहिलोपटक मिनास गेरेस राज्यको फुटबल च्याम्पियन बनेको हो। खेलको अन्तिम समयमा दुवै टोलीका समर्थक र खेलाडीबिच झडप भएको थियो। बेन्चमा रहेका खेलाडी पनि झगडा गर्न मैदानमा पुगेका थिए। खेलाडी पनि झडपमा ओर्लिएपछि स्थिति नियन्त्रणमा लिन सुरक्षाकर्मी मैदानमा प्रवेश गरेका थिए। ब्राजिलियन सञ्चारमाध्यमले रेफ्री म्याथ्युस डेलगाडो क्यान्डान्कनले झगडा शान्त भएपछि खेलाडीलाई मैदानबाट बाहिर पठाएका थिए। त्यसपछि उनले झडपमा संलग्न खेलाडीलाई रातो कार्ड देखाएका थिए। यसैबिच ब्राजिलियन खेलाडी हल्कले समर्थकसँग माफी मागेका छन्। उनले खेल भावनाविपरीत झडप भएको जनाउँदै माफी मागेका हुन्। ‘खेल भावनाविपरीतका काम गर्छौं।

प्रतिस्पर्धामा कमजोरी र गल्ती थाहा पाउनुपर्छ। फाइनल खेलमा मैदानमा जे भयो, त्यो ब्राजिलयन फुटबलको आचरण र खेल भावनाविपरीत थियो,’ हल्कले भने, ‘उपाधि भिडन्तमा दुई पुराना प्रतिद्वन्द्वी थिए। वास्तवमा एक-अर्कालेसम्मान गर्नुपर्ने थियो, तर भएन।’

झडप किन भयो ?

फाइनलमा ऋुजेरो र मिनेरो उपाधि भिडन्तमा थिए। ऋुजेरोले १-० ले अग्रता लिएको थियो। पहिलो हाफको इन्जुरी समयमा गोल सम्भव भएको हो। एट्लेटिकोका गोलरक्षक एभरसनले क्रिस्टियनलाई धकेलेपछि विवाद सुरु भएको थियो। त्यसपछि एभरसनले ऋुजेरोका मिडफिल्डरको छातीमा खुट्टा राखेका थिए। त्यसलगत्तै दुवै टोलीका खेलाडी एक-अर्काविरुद्ध आक्रमणमा ओर्लिएका थिए।

आवश्यकता

प्रथम पटक प्रकाशित मिति : २०८२/११/२७

रसुवा जिल्ला आमछोदिङ्मो गा.पा. वाड नं ५, तातोपानी स्थित Salasungi Power Private Limited को लगानीमा निर्माण भएको Sanjen Khola Hydropower Project 78 MW हालसालै सञ्चालनमा आएको हुँदा उक्त आयोजनाको Management and Opertion Maintenance Service लागि निम्न दक्ष जनशक्तिहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ।

सि.नं	पद	योग्यता	माग संख्या	अनुभव
1	Electrical Engineer	BE	१	सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको
2	Mechanical Engineer	BE	१	सम्बन्धित काममा कम्तिमा ३-५ वर्ष को अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको
3	Administrative Manager Assistant- Fresher	BA/BBS	१	अनुभव नभएकाले पनि आवेदन दिन सकिने छ।

१ गर्नु पर्ने कामको विवरण : आयोजनाको आवश्यकता अनुसार
२ कार्य क्षेत्र र स्थल : आयोजना स्थल अनुसार
३ कार्यरत रहने अवधि : १ वर्ष
४ संलग्न कागजतहरू : शैक्षिक प्रमाण-पत्र र अनुभवका कागजहरू

China International Water and Electric Corporation
बालुवाटार, काठमाडौं, सम्पर्क नं : ९८५११५४२२३, ईमेल : cwenepal@info.com.np

आवश्यकता

(प्रथम पटक प्रकाशित मिति : २०८२/११/२७)

कास्की जिल्ला सिल्दुजुरे गा.वि.स. हाल मादी गाउँपालिका स्थित सञ्चालनमा रहेको २५ मेगावाटको माथिल्लो मादी जलविद्युत् आयोजनाका लागि निम्न दक्ष कामदाहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ।

सि.नं	पद	योग्यता	माग संख्या	अनुभव
1	Deputy General Manager	BE	१	सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको
2	Mechanical Engineer	BE	१	सम्बन्धित काममा कम्तिमा ५ वर्ष को अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको
3	Administrative Manager	BA/BBS	१	सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको
4	Procurement Manager	BA/BBS	१	सम्बन्धित काममा कम्तिमा ३-५ वर्ष को अनुभव भएको चिनियाँ र अङ्ग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको

१. गर्नु पर्ने कामको विवरण : आयोजनाको आवश्यकता अनुसार
२. काम गर्नु पर्ने क्षेत्र तथा स्थल : आयोजना स्थल
३. कार्यरत रहने अवधि : १ वर्ष
४. संलग्न कागजातहरू : शैक्षिक प्रमाण-पत्र र अनुभवका कागजातहरू

मादी पावर प्रा. लि.
बालुवाटार, काठमाडौं, इमेल : madipower2gad@gmail.com

Kageshwori Manohara Municipality
Office of the Municipal Executive
Thali, Kathmandu
Bagmati Province, Nepal

Invitation for Electronic Sealed Quotation

First Date of Publication: 2082-10-22 (2026-02-05)
Second Date of Publication: 2082-11-27 (2026-03-11)

The Kageshwori Manohara Municipality invites Electronic Bids from Nepalese eligible bidders for the following Projects under Sealed Quotation procedures. Eligible bidders may obtain further information and inspect the bidding documents at the PPMO's website www.bolpatra.gov.np/egp and Kageshwori Manohara Municipality, Office of the Municipal Executive, Thali, Kathmandu's website www.kageshwori manoharamun.gov.np

S.N.	Contract Identification No.	Name of Project	Estimate Amount (Including VAT and Contingencies) NRs.	Bid security Amount NRs.	Bid document fee (Non-refundable) NRs.	Last Date of Submission	Bid Opening Date, Time and Place
1	Landslide ProtectionWorks Ward8/W/SQ/ 01/2082-83	Landslide Protection Works at Ward no. 8 Ram Mandir	14,99,927.83	37,500.00	1,000.00	2082-12-12 (2026-03-26) By 12:00 PM	2082-12-12 (2026-03-26) At 1:00 PM, Kageshwori Manohara Municipality, Office of the Municipal Executive.

Chief Administrative Officer

Pachrauta Municipality
Office of Municipal Executive
Benauli, Bara
Madhesh Province,Nepal

NOTICE OF INVITATION FOR BIDS

First Date of Publication: 2082/11/27 (11th Mar 2026)

Pachrauta Municipality, Benauli, Bara invites electronic bids from eligible Nepalese bidders for the following works:

S.N.	Contract No.	Name of Contract	Cost Of Bid Document (NRs.)	Bid Validity Period	Bid Security Amount (NRs.)/ Validity Period	Average Annual Construction Turn Over	Minimum Work Experience of similar size and nature
1	NCB/PMUN/W/ 19/2082-83	Pole,taar ra transformer tatha high mast tower kharid ra jadan	5,000.00	90 days	4,54,000.00/ 120 days	2,72,00,000(Two Crore Seventy Two Lakhs Only)	72,53,000(Seventy Two Lakhs Fifty three Thousand only)
2	Deadline for Bid Submission:		2082/12/27 (10th Apr 2026) till 12:00 Noon				
3	Date, Time and Place of Bid Opening:		2082/12/27 (10th Apr 2026) at 2:00 PM at Pachrauta Municipality, Benauli, Bara				
4	Date,Time and Place for Pre-Bid Meeting:		2082/12/15 (29th Mar 2026) at 2:00 PM at Pachrauta Municipality, Benauli, Bara				
5	Account Number for Bid Document Purchase:		Name of Bank: NMB Bank Ltd Pachrauta Municipality, Benauli, Bara Name of Office: Office of Pachrauta Municipality, Benauli, Bara Office Account no.: 140083164100010				
6	Account Number for Bid Security Deposit:		Name of Bank: NMB Bank Ltd Pachrauta Municipality, Benauli, Bara Name of Office: Office of NMB Bank Ltd Pachrauta Municipality, Benauli, Bara Office Account no.: 140083164100010(Rajaswa)				

1. Eligible bidders may obtain further information and inspect the bidding document at Pachrauta Municipality, Benauli, Bara or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
3. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: www.bolpatra.gov.np/egp as specified in the Instructions to Bidders. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.
4. Manufacturer authorization for PSC pole, ACSR Conductor, Transformer and Insulators, PSC Pole 9mtrs and 11 mtrs (Inspection and test report verified by NEA),ACSR Conductor (NS Certificate and Quality Certificate),Transformer Nepal Origin(Type Test Report verified from NEA, Warranty from manufacturer),Insulators(Type Test Report as per IS/IEC)

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com